सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१५ फागुन २०८२, शुक्रबार (27 Feb 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३०९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

## कर्नर किक

● रवि मिश्र




# सत्ताका लागि निर्णायक मधेशमा दलहरूका आँखा

३६ लाख ३६ हजार ४१४ मतदाता रहेको मधेशले प्रत्यक्षतर्फ ३२ र समानुपातिक गरी करिब ५५ सांसद सिंहदरबार पठाउँछ। यहाँको मतले सत्ता समीकरणमा निर्णायक सामर्थ्य राख्ने भएकाले दलहरूको चुनावी रणनीति, नेतृत्वको उपस्थिति, घोषणापत्रका एजेन्डा र नारा मधेशकेन्द्रित छन्।




**कमलराज भट्ट**/नयाँ पत्रिका

कुल ३६ लाख ३६ हजार ४१४ मतदाता रहेको मधेश प्रदेशले देशका कुल मतदाताको करिब २० प्रतिशत हिस्सा ओगट्छ। प्रत्यक्षतर्फ आठ जिल्लामा ३२ सिट अर्थात् प्रतिनिधिसभाका कुल प्रत्यक्ष सिटको झन्डै १९ प्रतिशत। समानुपातिक मतमा पनि मधेशको योगदान निर्णायक हुने भएकाले सिंहदरबारको यात्रा यहीँबाट सहज र निर्णायक हुन्छ भन्ने बुझाइ प्रमुख दलमा छ। यही गणितले कांग्रेस, एमाले, नेकपा र राष्ट्रिय स्वतन्त्र पार्टी सबै मधेशतर्फ केन्द्रित छन्।

यसपटकको चुनावमा प्रमुख दलहरूले मधेशलाई केवल क्षेत्रीय प्रतिस्पर्धा होइन कि सिंहदरबारको यात्रा तय गर्ने निर्णायक मैदानका रूपमा लिएका छन्। मधेशको मतले सत्तासमीकरण उथलपुथल गराउने सामर्थ्य राख्ने भएकाले दलहरूको चुनावी रणनीति, नेतृत्वको उपस्थिति, घोषणापत्रका एजेन्डा र नाराहरू मधेशकेन्द्रित देखिन थालेका छन्। यद्यपि, शीर्ष नेताहरूको अन्य क्षेत्र पनि चुनावी मैदानमा चर्चामा छन्।

समग्र तथ्यांकको विश्लेषण गर्दा कुल मतदाता संख्या एक करोड ८९ लाख तीन हजार ६८९ छ। मधेशमा कुल

» पृष्ठ २ मा क्रमशः

## ■ ०७९ को निर्वाचनको समानुपातिक मत तस्बिर

### ■ कोशी

**जिल्ला : १४। निर्वाचन क्षेत्र : २८**

मतदाता (०७९) : ३३,९६,८६५

| | |
|---|---|
| एमाले | ६,४२,०३४ |
| कांग्रेस | ५,५५,२२७ |
| रास्वपा | २,१४,८१० |
| नेकपा | १,८८,६८२ (माओवादी) |
| राप्रपा | १,३०,४०३ |
| जसपा | ५३,२४० |
| जनमत | १८,६५९ |

■ **थ्रेसहोल्ड नकटाएका, तर १० हजारभन्दा माथि मत ल्याउने दलहरू**
एकीकृत समाजवादी : ४६,२४६। मंगोल नेसनल : २०,३१६। संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च : १५,१९१। नागरिक उन्मुक्ति : ११,२५७। हाम्रो नेपाली पार्टी : १०,३८३।

**०८२ मा थपिएका मतदाता : १,७७,४४५**

### ■ बागमती

**जिल्ला : १३। निर्वाचन क्षेत्र : ३३**

मतदाता (०७९) : ३४,७१,४९२

| | |
|---|---|
| एमाले | ५,३५,९७९ |
| कांग्रेस | ४,७२,००० |
| रास्वपा | ३,८०,२५२ |
| नेकपा | २,६४,६८५ (माओवादी) |
| राप्रपा | १,७८,९६२ |
| जसपा | ७,४२१ |
| जनमत | ४,३६१ |

■ **थ्रेसहोल्ड नकटाएका, तर पाँच हजारभन्दा माथि मत ल्याउने दलहरू**
नेमकिपा : ५७,८८७। एकीकृत समाजवादी : ५०,५९१। हाम्रो नेपाली पार्टी : २२,६५२। मंगोल नेसनल : ८,०६२। नेकपा (माले) : ६,११४। सुशासन पार्टी : ५,३४३

**०८२ मा थपिएका मतदाता : २,१०,८१८**

### ■ लुम्बिनी

**जिल्ला : १२। निर्वाचन क्षेत्र : २६**

मतदाता (०७९) : ३२,४९,६३७

| | |
|---|---|
| एमाले | ५,१९,८०७ |
| कांग्रेस | ४,७८,३९२ |
| रास्वपा | २,२०,१३९ |
| नेकपा | १,८४,२५० (माओवादी) |
| राप्रपा | १,१३,३३३ |
| जनमत | ७१,८९७ |
| जसपा | ५५,६९३ |

■ **थ्रेसहोल्ड नकटाएका, तर १० हजारभन्दा माथि मत ल्याउने दलहरू**
नागरिक उन्मुक्ति : १,१५,६१४। लोसपा : ४६,३११। एकीकृत समाजवादी : २६,८३२। जनमोर्चा : २४,०४५। जनता प्रगतिशील : १३,२५३। जनमुक्ति : १२,९०८। हाम्रो नेपाली पार्टी : १०,००१

**०८२ मा थपिएका मतदाता : १,३७,०४३**

### ■ सुदूरपश्चिम

**जिल्ला : ९। निर्वाचन क्षेत्र : १६**

मतदाता (०७९) : १६,५८,००४

| | |
|---|---|
| कांग्रेस | २,८१,००६ |
| एमाले | २,६८,०९७ |
| नेकपा | १,१४,२३४ (माओवादी) |
| रास्वपा | ४५,०१६ |
| राप्रपा | ३९,४०३ |
| जसपा | २,०५० |
| जनमत | ८८८ |

■ **थ्रेसहोल्ड नकटाएका तर दुई हजारभन्दा माथि मत ल्याउने दलहरू**
नागरिक उन्मुक्ति : ९९,३९३। एकीकृत समाजवादी : ३२,५१०। कांग्रेस (बिपी) : ५,४७९। जनमोर्चा : ३,१७६। लोसपा : २,६४५। नेकपा (माले) : २,६४१

**०८२ मा थपिएका मतदाता : ५८,६५६**

### ■ मधेश

**जिल्ला : ८। निर्वाचन क्षेत्र : ३२**

मतदाता (०७९) : ३३,८६,६२८

| | |
|---|---|
| कांग्रेस | ४,३४,९७१ |
| एमाले | ३,७१,७०९ |
| जसपा | २,९८,७४४ |
| जनमत | २,९६,४८४ |
| नेकपा | १,७९,८७० (माओवादी) |
| रास्वपा | ७२,९३५ |
| राप्रपा | ६८,६५३ |

■ **थ्रेसहोल्ड नकटाएका, तर १० हजारभन्दा माथि मत ल्याउने दलहरू**
लोसपा : १,०९,३९०। एकीकृत समाजवादी : १,०७,०८४। नागरिक उन्मुक्ति : ४१,००१। नेपाल संघीय समाजवादी : ३८,३१२। बहुजन एकता पार्टी : १५,७७४

**०८२ मा थपिएका मतदाता : २,४९,७८६**

### ■ गण्डकी

**जिल्ला : ११। निर्वाचन क्षेत्र : १८**

मतदाता (०७९) : १८,१७,५४१

| | |
|---|---|
| एमाले | ३,२४,८८२ |
| कांग्रेस | ३,१२,७२० |
| रास्वपा | १,७७,०२५ |
| नेकपा | १,०८,४६७ (माओवादी) |
| राप्रपा | ३८,८३४ |
| जसपा | २,७८५ |
| जनमत | १,९७५ |

■ **थ्रेसहोल्ड नकटाएका, तर दुई हजारभन्दा माथि मत ल्याउने दलहरू**
जनमोर्चा : १०,१९९। एकीकृत समाजवादी : ९,५७३। मंगोल नेसनल : ८,३३०। हाम्रो नेपाली पार्टी : ४,६६५। जनमुक्ति : २,९८४

**०८२ मा थपिएका मतदाता : ५२,५२४**

### ■ कर्णाली

**जिल्ला : १०। निर्वाचन क्षेत्र : १२**

मतदाता (०७९) : १०,०८,४०३

| | |
|---|---|
| एमाले | १,८३,१३३ |
| कांग्रेस | १,८०,९०९ |
| नेकपा | १,३५,४९६ (माओवादी) |
| रास्वपा | २०,१६७ |
| राप्रपा | १९,२६१ |
| जसपा | १,३८१ |
| जनमत | ३९१ |

■ **थ्रेसहोल्ड नकटाएका, तर एक हजारभन्दा माथि मत ल्याउने दलहरू**
एकीकृत समाजवादी : २५,५५५। नेमकिपा : ८,५४६। नेकपा (माले) : २,०३७। जनमोर्चा : १,८७६। नेकपा माओवादी समाजवादी : १,०३९

**०८२ मा थपिएका मतदाता : २८,८४७**

### प्रतिनिधिसभा

**समानुपातिकतर्फ : ११०**

मतदाता (०७९) : १,७९,८८,५७०

| | | |
|---|---|---|
| एमाले | २८,४५,६४१ | (३४ सिट) |
| कांग्रेस | २७,१५,२२५ | (३२ सिट) |
| नेकपा | ११,७५,६८४ | (१४ सिट) |
| रास्वपा | ११,३०,३४४ | (१३ सिट) |
| राप्रपा | ५,८८,८४९ | (७ सिट) |
| जसपा | ४,२१,३१४ | (५ सिट) |
| जनमत | ३,९४,६५५ | (५ सिट) |

■ **थ्रेसहोल्ड नकटाएका तर एक लाखभन्दा माथि मत ल्याउने दलहरू**
- एकीकृत समाजवादी २,९८,३९१। नागरिक उन्मुक्ति : २,७१,७२२। लोसपा : १,६७,३६७
- ०७९ मा थ्रेस होल्ड कटाउन सदर मतको ३ प्रतिशत अर्थात् ३,१६,८०२ आवश्यक थियो

**०८२ मा थपिएका मतदाता : ९,१५,११९**

## ■ मधेशमा कसको के अपेक्षा ?

● **प्रदीप पौडेल,** महामन्त्री, कांग्रेस



कांग्रेसबाट प्रस्तावित प्रधानमन्त्री स्वयं चुनाव लड्न मधेश जानुभएको छ। यस आधारमा पनि मधेश हाम्रो प्राथमिकतामा रहेको स्पष्ट हुन्छ। अब हाम्रो जोड मधेशमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्नेतर्फ हुनेछ। जनकपुरमा सभाले नै सकारात्मक नतिजाको संकेत गरिसकेको छ।

● **रघुवीर महासेठ,** उपमहासचिव, एमाले



बिचमा आन्दोलनका कारण बनेको परिस्थितिमा अहिले धेरै सुधार आएको छ। त्यसैले एमालेको अवस्था मधेशमा मात्र होइन, देशव्यापी रूपमा सुधार हुँदै गएको निष्कर्ष छ। पहिलेकै नतिजा दोहोरिन्छ भन्न त सकिँदैन। तर, सुधारिएको परिणाम आउनेमा आशावादी छौं।

● **नारायणकाजी श्रेष्ठ,** नेता, नेकपा



अहिले पूरै खटिरहेका छौं। सबै ठाउँमा हाम्रा उम्मेदवार छन्। सबै कमिटी परिचालित छन्। एउटा नीतिले र अर्को सहभागिताले मधेशमा फोकस गरिरहेका छौं। मतदाताको प्रतिक्रिया सकारात्मक पाइरहेका छौं। तुलनात्मक रूपमा मधेशबाट पहिलाभन्दा राम्रो नतिजा आउँछ।

● **असिम शाह,** नेता, रास्वपा



सबैभन्दा धेरै उत्साह नै मधेशमा छ। एकदमै लहर छ। बालेन आफैं मधेशी मूलका हुन्। मधेशलाई फोकस गरेर अगाडि बढेका छौं। हामी साँच्चिकै परिवर्तन गर्न चाहन्छौं। मधेशले परिवर्तनलाई आत्मसात् गर्दै छ। खसेको भोटको ५० प्रतिशत समानुपातिक मत रास्वपालाई आउने देखिएको छ।

## कस्तो बन्दै छ जेन-जी परिषद् ?

जेन-जी मात्र समेटेर ३१ सदस्यीय परिषद् बन्नेछ। जसमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पछाडि परेका वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक रूपमा विविध पहिचान राख्ने समुदाय, किसान, श्रमिक, उत्पीडित वा पछाडि परेका क्षेत्रका नागरिक तथा आर्थिक रूपमा विपन्न खस-आर्यको प्रतिनिधित्व हुने गरी परिषद् गठन गर्न लागिएको छ। त्यस्तै, जेन-जी सहिद परिवार तथा जेन-जी घाइतेको तर्फबाट पनि सदस्य हुनेछन्।

जेन-जी आन्दोलनको मर्म र भावनाअनुसार सरकारलाई परामर्श तथा सुझाव दिने परिषद्को जिम्मेवारी हुनेछ।

(विस्तृत पृष्ठ २)

## कसरी छान्ने नयाँ र पुराना दल ?




अग्रलेख

● वीणा झा

नेपाली समाजको परिप्रेक्ष्यमा नयाँ र पुराना दलमध्ये दुवैको आवश्यकता र औचित्य छ, तर निश्चित सर्तसहित

(पृष्ठ ४)


## नेपाललाई 'ग्रे लिस्ट'बाट बाहिर निकाल्न दलहरूका कस्ता छन् योजना ?

अधिकांश दलले उच्चपदस्थको सम्पत्ति छानबिन, भ्रष्टाचार अन्त्य, सुशासन र पारदर्शिताको वाचा गर्दै देशलाई 'ग्रे लिस्ट'बाट बाहिर निकाल्ने घोषणा गरेका छन्, तर कार्यान्वयनमा आशंका

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## ■ उठ्यो भाटभटेनी





जेन-जी आन्दोलनका क्रममा २४ भदौमा तोडफोड तथा आगजनी भएको भाटभटेनी सुपरमार्केटको महाराजगन्ज शाखा पुनर्निर्माणपछि बिहीबारदेखि पूर्ण रूपमा पुनः सञ्चालनमा आएको छ। भिडले भाटभटेनीका २८ मध्ये १२ सुपरमार्केटमा आगजनी र नौवटामा लुटपाट तथा तोडफोड गरेको थियो। नौ सुपरमार्केट मर्मतसम्भारपछि केही सातामै पुनः सञ्चालनमा ल्याइएका थिए। तर, आगजनीमा परेका १२ मध्ये एउटा वेयर हाउस (बालुवाटार) र दुई सुपरमार्केट (कोटेश्वर र महाराजगन्ज) पुनर्निर्माणपछि सञ्चालनमा आएका छन्। ०८३ भदौसम्म बाँकी पनि पुनः सञ्चालनमा ल्याउने गरी काम भइरहेको भाटभटेनीका प्रबन्धक पानु पौडेलले जानकारी दिए। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ यातायात कर्मचारी, ट्राफिक प्रहरी र ड्राइभिङ सेन्टरको सेटिङमा घुस लिएर साढे पाँच हजार लाइसेन्स जारी

# प्रदेश सचिवसहित ४४ विरुद्ध मुद्दा




**गिरोहले तोकेको लाइसेन्स घुस रेट**
- ट्रक/बस/लरी : **२४ हजार**
- डोजर/रोलर/क्रेन/एक्स्काभेटर : **२२ हजार**
- मिनीबस/मिनीट्रक : **२२ हजार**
- कार/जिप/भ्यान : **१७ हजार**
- टेम्पो/अटोरिक्सा : **१२ हजार**
- मोटरसाइकल : **१२ हजार**
- स्कुटर : **१० हजार**



लुम्बिनी प्रदेशका कानुनसचिव लोकबहादुर सुनार

**सुवास भट्ट**/नयाँ पत्रिका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक वर्षअघि चारजनालाई नियन्त्रणमा लिएर थालेको अनुसन्धानले नेपालगन्ज यातायात कार्यालयमा संगठित रूपमै सेटिङमा घुस लिएर हजारौं लाइसेन्स जारी भएको फेला पारेको छ। यातायात कार्यालयका कर्मचारी, ट्राफिक प्रहरी र ड्राइभिङ सेन्टर सञ्चालक मिली घुस उठाएर साढे पाँच हजार लाइसेन्स जारी गरेको अख्तियारको अनुसन्धानमा भेटिएको हो।

यो कार्यमा संलग्न लुम्बिनी प्रदेशका कानुनसचिव लोकबहादुर सुनारसहित ४४ प्रतिवादीविरुद्ध अख्तियारले विशेष अदालतमा बिहीबार मुद्दा दायर गरेको छ। सुनार नेपालगन्ज यातायात व्यवस्था कार्यालयका तत्कालीन कार्यालय प्रमुख हुँदा उक्त अनियमितता भएको थियो। मुद्दा दायर भएपछि उनी स्वतः निलम्बनमा परेका छन्।

२७ चैत ०८१ मा नेपालगन्ज यातायात कार्यालयमा कार्यरत कम्प्युटर अपरेटर शक्ति ठाकुर र सहायक कम्प्युटर अपरेटर (ज्यालादारी) मनोज गिरी तथा नेपालगन्जकै घरेलु तथा साना उद्योग कार्यालयका नासु मुकुन्दराज केसी र मामाभान्जा मोटर ड्राइभिङ

» पृष्ठ २ मा क्रमशः

# निर्वाचनको मुखमा देउवा सिंगापुर, पत्नी आरजु दिल्लीमा

नयाँ पत्रिका

आसन्न २१ फागुनको निर्वाचनको पूर्वसन्ध्यामा कांग्रेस निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा स्वास्थ्योपचारका लागि बुधबार सिंगापुर गएका छन्। सिंगापुर एयरलाइन्सको उडान नम्बर एसक्यू ४४१ बाट उनी राति ११ बजे सिंगापुरतर्फ लागेका हुन्। देउवा निर्वाचनअघि स्वदेश फर्किनेबारे यकिन छैन। यसअघि देउवा मतदान गर्न गृहजिल्ला जान सक्ने चर्चा थियो।




### मतदानका लागि स्वदेश फर्किनेबारे छैन यकिन

'स्वास्थ्यमा समस्या देखिएपछि उहाँ सिंगापुर जानुभएको जानकारी पाएको छु। तर, उहाँको फर्किने मितिबारे मलाई जानकारी छैन,' कांग्रेस नेता एवं देउवाको गृहजिल्ला डडेल्धुराबाट कांग्रेसका प्रतिनिधिसभा सदस्य उम्मेदवार नैनसिंह महरले नयाँ पत्रिकासँग भने। देउवासँग उनका स्वकीय सचिव भानु देउवा छन्। देउवापत्नी एवं पूर्वपरराष्ट्रमन्त्री डा. आरजु राणा देउवा भने भारतमा छिन्।

देउवा सिंगापुर उडेको विषयमा उनको सचिवालय र कांग्रेसको तर्फबाट औपचारिक जानकारी दिइएको छैन। तर, कांग्रेसभित्र भने यसलाई चासोपूर्वक हेरिएको छ। 'पूर्वसभापतिज्यू निर्वाचनमा पार्टीका पक्षमा मत हाल्नुस् भनेर अपिल गर्ने मुडमा देखिनुभएको छैन, उहाँ मतदानका लागि डडेल्धुरा जाने कुरा पनि यकिन छैन,' उनीनिकट अर्का कांग्रेस नेताले भने, 'फागुन १९ मा फर्किने कि भन्ने कुरा पनि छ, तर टुंगो छैन।'

कांग्रेसको विशेष महाधिवेशनबाट थापा पार्टी सभापति निर्वाचित भएलगत्तै पार्टीमा निष्क्रिय भएका देउवाले निर्वाचनमा पार्टीको पक्षमा बोलेका छैनन्। उनले नवनिर्वाचित सभापति

» पृष्ठ २ मा क्रमशः

ट्राफिक प्रहरी निर्वाचन सुरक्षामा

# उपत्यकाका सडक अस्तव्यस्त

सामान्यतया १,६०० ट्राफिक प्रहरी खटिने उपत्यकाका सडकमा अहिले २५० मात्रै, नगर प्रहरीको पनि पातलो उपस्थिति

■ काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी **नवराज अधिकारी** भन्छन्-



अहिले ट्राफिक प्रहरी निर्वाचनमा खटिएकाले सडकमा उपस्थिति कम छ। सडक र फुटपाथमा पार्किङ अलि बढेको छ। हाम्रो जनशक्ति निर्वाचनमा केन्द्रित भएकाले जथाभावी पार्किङ गर्नेलाई चुस्त रूपमा कारबाही गर्न सकेका छैनौं।

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

ट्राफिक प्रहरी निर्वाचन सुरक्षामा व्यस्त रहेको मौकामा ट्राफिक नियम उल्लंघन गर्ने गतिविधि बढ्दा सडक अस्तव्यस्त बन्न थालेका छन्। सामान्यतया एक हजार ६ सय ट्राफिक प्रहरी खटिने उपत्यकाका सडकमा अहिले २५० मात्रै छन्। अधिकांश ठाउँमा निर्वाचन प्रहरीले ट्राफिक व्यवस्थापनमा भूमिका निर्वाह गरिरहे पनि कारबाहीको अधिकार नभएकाले प्रभावकारी छैन।

यही वेला काठमाडौं महानगर क्षेत्रका सडकमा नगर

» पृष्ठ २ मा क्रमशः

## ■ ट्राफिक व्यवस्थापनमा निर्वाचन प्रहरीलाई भ्याइ नभ्याइ





ट्राफिक प्रहरी निर्वाचनमा खटिएपछि सडक व्यवस्थापनमा खटिएका निर्वाचन प्रहरी। तर, जरिवाना तोक्नेलगायत कारबाही गर्ने अधिकार नभएकाले उनीहरूको भूमिका प्रभावकारी छैन। अहिले काठमाडौंका ठुला चोकमा एक ट्राफिक प्रहरी र चारजनासम्म निर्वाचन प्रहरी खटाइएको छ। सवारीचालकले निर्वाचन प्रहरीको बेवास्ता गर्दै ट्राफिक नियम उल्लंघन गर्न थालेका छन्। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी नवराज अधिकारीले हाल उपत्यकाका तीन जिल्लामा २५० ट्राफिक प्रहरी मात्रै खटिएको बताए। 'अधिकांश जनशक्ति निर्वाचनमा खटिनुपर्दा ट्राफिक व्यवस्थापनमा उपत्यकाभर २५० मात्रै ट्राफिक प्रहरी खटाएका छौं, साथै निर्वाचन प्रहरी पनि ट्राफिक व्यवस्थापनमा खटिएका छन्,' उनले भने, 'अन्य समयमा जस्तो पर्याप्त ट्राफिक प्रहरी सडकमा खटाउन सक्ने अवस्था अहिले छैन।' उपत्यकामा सामान्यतया एक हजार ६ सय ट्राफिक प्रहरी खटाउने गरिएको थियो। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

## उपत्यकाका...

पृष्ठ १ बाट क्रमशः

प्रहरीको उपस्थिति पनि पातलो देखिन्छ। जसले सडकमा जथाभावी पार्किङसँगै फुटपाथ व्यापारसमेत बढ्न थालेपछि ट्राफिक व्यवस्थापन जटिल बनेको हो। न्युरोड, टेकु, चाबहिल, नयाँ बसपार्क, बागमती करिडोर, धोबीखोला करिडोरलगायत क्षेत्रमा सडक तथा फुटपाथमा पार्किङ बढेको छ। त्यस्तै, सुन्धारा, गौशाला, नयाँ बानेश्वर, कोटेश्वर, नयाँ बसपार्कलगायत क्षेत्रको सडकमा बेलुकी फुटपाथ व्यापार बढिरहेको छ। जसकारण कार्यालय समयमा जाम बढ्न थालेको छ।

अनधिकृत पार्किङ हटाउने र पार्किङ व्यवस्थित गर्ने जिम्मा नगर प्रहरीको हो। ट्राफिक प्रहरी निर्वाचन सुरक्षामा खटिएका वेला नगर प्रहरी परिचालन बढाउनुपर्ने हो। तर, ट्राफिक प्रहरीको उपस्थिति खासै देखिँदैन।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी नवराज अधिकारी अहिले ट्राफिक प्रहरी निर्वाचनमा खटिएकाले कारबाही कमजोर भएको स्वीकार गर्छन्। 'अहिले सडक र फुटपाथमा पार्किङ अलि बढेको छ, हाम्रो जनशक्ति निर्वाचनमा केन्द्रित भएकाले जथाभावी पार्किङ गर्नेलाई चुस्त रूपमा कारबाही गर्न सकेका छैनौँ,' उनले भने।

नगर प्रहरीको उपस्थिति पातलिएको सम्बन्धमा काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धर भने आफू अनभिज्ञ रहेको बताउँछन्। 'नगर प्रहरी कति संख्यामा खटिएका छन् भन्ने विषयमा मलाई थाहा छैन। दिउँसोको समयमा पार्किङ र फुटपाथको अवस्था हिजो जस्तो थियो, त्यहीअनुसार व्यवस्थित गर्ने सवालमा महानगर कटिबद्ध छ,' उनले भने, 'तर, साँझ ५ बजेपछि भने हल्का खुकुलो गरौँ भन्ने निर्णय भएको छ। कार्यालय समय सकिएपछि पार्किङ गर्दा खासै फरक पर्दैन। दिउँसोमा त नगर प्रहरीले कडाइ गरिरहेको छ।'

काठमाडौं महानगरकै एक कर्मचारी भने पछिल्लो समय नगर प्रहरीको सक्रियता कम भएको बताउँछन्। 'अहिले नगर प्रहरी पहिलेजस्तो सक्रिय छैन, सोही कारण सडक अस्तव्यस्त हुन थालेको छ,' ती कर्मचारीले भने, 'नियम बसिसकेको कुरा पालना गर्नु, गराउनु नगर प्रहरीको दायित्व हो, त्यसलाई भत्काउनुहुँदैन।'

### ट्राफिक व्यवस्थापनमा खटिँदै निर्वाचन प्रहरी

ट्राफिक प्रहरी निर्वाचनमा खटिएपछि सडक व्यवस्थापनमा निर्वाचन प्रहरी खटाइएको छ। तर, जरिवाना तोक्नेलगायत कारबाही गर्ने अधिकारी नभएकाले उनीहरूको भूमिका प्रभावकारी छैन।

अहिले काठमाडौंका ठुला चोकमा एक ट्राफिक प्रहरी र चारजनासम्म निर्वाचन प्रहरी खटाइएको छ। सवारीचालकले निर्वाचन प्रहरीको बेवास्ता गर्दै ट्राफिक नियम उल्लंघन गर्न थालेका छन्।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी अधिकारीले हाल उपत्यकाका तीन जिल्लामा २५० ट्राफिक प्रहरी मात्रै खटिएको बताए। 'अधिकांश जनशक्ति निर्वाचनमा खटिनुपर्दा ट्राफिक व्यवस्थापनमा उपत्यकाभर २५० मात्रै ट्राफिक प्रहरी खटाएका छौँ, साथै निर्वाचन प्रहरी पनि ट्राफिक व्यवस्थापनमा खटिएका छन्,' उनले भने, 'अन्य समयमा जस्तो पर्याप्त ट्राफिक प्रहरी सडकमा खटाउन सक्ने अवस्था अहिले छैन।' उपत्यकामा सामान्यतया एक हजार ६०० ट्राफिक प्रहरी खटाउने गरिएको थियो।



### पुल क्षेत्रमा मर्मत गर्न अवरोध

हाल उपत्यकाका केही सडकमा निर्माण तथा मर्मतको काम भइरहेको छ। यसले पनि सडकमा चाप बढाएको छ। टुकुचा खोलामाथि कल्भर्ट निर्माण गर्न लागिएका कारण एक सातादेखि बागबजार पिके क्याम्पस हुँदै पुतलिसडक निस्किने सडक बन्द छ। त्यस्तै, तीनकुनेस्थित पुलमुनिको सडक पनि बन्द नै छ। त्यसैगरी, ढल व्यवस्थित गर्न भन्दै वीर अस्पतालअगाडिको सडक खनिएको छ। चाबहिल, सिफल, पुरानो बानेश्वर, मैतीदेवी क्षेत्रका भित्री सडकसमेत मर्मतका कारण अवरोध छन्। ढल मर्मत, बिजुलीको तार भूमिगत गर्न ती सडक बन्द गरिएको हो।

# जेन-जी परिषद् ३१ सदस्यीय हुने

नयाँ पत्रिका

राज्य सञ्चालनमा जेन-जी युवाका सुझाव समावेश गर्न सरकारले जेन-जी परिषद् गठनको प्रक्रिया अघि बढाएको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले परिषद् गठन गर्ने निर्णय गरेको हो।

स्रोतका अनुसार यस्तो आयोग ३१ सदस्यीय हुनेछ। जसमा सबै जेन-जी मात्र हुनेछन्। महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पछाडि परेका वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक रूपमा विविध पहिचान राख्ने समुदाय, किसान, श्रमिक, उत्पीडित वा पछाडि परेका क्षेत्रका नागरिक तथा आर्थिक रूपमा विपन्न खस-आर्यको प्रतिनिधित्व हुने गरी प्रत्येक प्रदेशबाट तीन-तीनजनाको दरले सदस्य नियुक्त हुने गरी परिषद् गठन गर्न लागिएको छ। त्यस्तै, जेन-जी सहिद परिवार तथा जेन-जी घाइतेको तर्फबाट ५-५ सदस्य नियुक्त हुनेछन्।

संयोजकबाहेक अन्यले तलब सुविधा भने पाउनेछैनन्। जेन-जी आन्दोलनको मर्म र भावनाअनुसार सुशासन कायम राख्न, शासनमा पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता अभिवृद्धि गर्न, समता, समावेशिता कायम गर्न, दिगो विकास हासिल गर्न र भ्रष्टाचारको अन्त्य गर्नका लागि नेपाल सरकारलाई परामर्श तथा सुझाव दिन जेन-जी परिषद् गठन गर्ने निर्णय भएको सरकारका एक मन्त्रीले बताए।

परिषद् गठन गर्ने निर्णय गरे पनि यो सरकारले परिषद्मा नियुक्ति भने नगर्ने भएको छ। निर्वाचनपछि आउने सरकारले नियुक्ति गर्ने प्रधानमन्त्रीको सचिवालयका एक अधिकारीले बताए। नियुक्तिका लागि प्रधानमन्त्रीको कार्यालयका सचिवको संयोजकत्वमा समिति गठन हुनेछ। परिषद्को अवधि एक वर्ष हुने र आवश्यकताअनुसार थप गर्न सकिने प्रावधान छ। परिषद्मा सरकारका उपसचिवले सचिवको रूपमा काम गर्नेछन्।

२३ र २४ भदौमा जेन-जीले काठमाडौंमा गरेको भ्रष्टाचारविरोधी आन्दोलनमा राज्यबाट दमन हुँदा भोलिपल्टै देशभर आन्दोलन भएको थियो। देशको स्थिति सम्हाल्न नसकेपछि तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएका थिए। त्यसपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार गठन गरी हाल देश चुनावमा होमिएको छ। जेन-जीले भने आफ्ना मागहरू अझै पूरा नभएको भन्दै असन्तुष्टि जनाउँदै आएका छन्।

## सत्ताका लागि...

पृष्ठ १ बाट क्रमशः

मतदाताको १९.२३ प्रतिशत मतदाता छन्। प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १६५ सिटमध्ये मधेशका आठ जिल्लामा ३२ सिट छ। यो कुल सिटको १९.३९ प्रतिशत हो। जबकि, मधेशमा आठ जिल्ला मात्रै छन्। यो भनेको १०.३८ प्रतिशत हो।

यस्तै, मधेशमा ३६ लाख ३६ हजार ४१४ मतदाता छन्। तीन प्रतिशत थ्रेसहोल्ड सीमा हेर्दा मधेशबाट २० देखि ३० सिट समानुपातिकमा प्राप्त हुने देखिन्छ। प्रत्यक्ष र समानुपातिक गरी कम्तीमा ५० सिटको प्रतिनिधित्व हुने देखिन्छ।

निर्वाचन आफ्नो पक्षमा पार्न दौडधुप गरेका दलहरूमध्ये रास्वपाले चुनावी अभियान जनकपुरबाट सुरु गरेको थियो। कांग्रेसले पनि मधेशलाई नै 'फोकस' गरेको छ। रास्वपाले मधेशी मूलका बालेन्द्र शाहलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर अघि बढेको छ। यद्यपि, उनी झापा ५ बाट उम्मेदवार छन्। रास्वपाले बालेनलाई मधेशमा 'पोस्टर ब्वाय' बनाएर मत मागिरहेको छ।

उता कांग्रेस सभापति एवं प्रधानमन्त्रीका उम्मेदवार गगन थापा आफैँ मधेश झरेका छन्। उनी सर्लाही ४ बाट चुनावी मैदानमा उत्रेका छन्। तराई झरेर मधेशका लागि नजिकबाट काम गर्न आएको भन्दै उनले सिंगो मधेशलाई 'कन्भिन्स' गर्ने कोसिस गरिरहेका छन्। मधेशको माटो लोकतान्त्रिक आन्दोलनको महत्त्वपूर्ण आधारभूमि रहेको उल्लेख गर्दै मधेशका मुद्दालाई राष्ट्रिय प्राथमिकतामा राख्ने प्रतिबद्धता उनको छ। स्रोतका अनुसार सर्लाही ४ मा उनको उम्मेदवारी परम्परागत मतदातालाई जोडेर मधेशमा कांग्रेसलाई बलियो बनाउने हो।

मधेशमा पुरुष १९ लाख ७२ हजार ९६४, महिला १६ लाख ६३ हजार ३७४ र अन्य ७६ गरी ३६ लाख ३६ हजार ४१४ मतदाता छन्। ०७९ को निर्वाचनमा रास्वपाले समानुपातिकतर्फ ७२ हजार ९३५ मत मात्रै प्राप्त गरेको थियो। यो दुई प्रतिशत मात्रै हो।

सबैभन्दा बढी मतदाता भएको प्रदेशमा थोरै मत प्राप्त गरेको रास्वपाले यसपटक मधेशलाई सबैभन्दा बढी प्राथमिकतामा राखेको छ। मधेशी मूलका वरिष्ठ नेता बालेनलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेको छ। मधेशमा 'अब कि बार बालेन सरकार' भन्ने नारा नै चलेको छ।

मधेशमा पहिलो शक्ति बन्ने लक्ष्य रास्वपाको रहेको नेता असीम शाह बताउँछन्। 'सबैभन्दा धेरै उत्साह नै मधेशमा छ। खसेको भोटको ५० प्रतिशत समानुपातिक मत आउने देखिएको छ। एकदमै उत्साह र लहर छ। बालेन आफैँ मधेशी मूलका हुन्,' उनले भने, 'मधेशलाई फोकस गरेर अगाडि बढेका छौँ। हामी साँच्चिकै परिवर्तन गर्न चाहन्छौँ। मधेशले परिवर्तनलाई आत्मसात् गर्दै छ।'

अघिल्लो निर्वाचनमा यहाँ पहिलो दल कांग्रेसले मधेशलाई आफ्नो जनाधार मान्दै आएको छ। उपसभापति विश्वप्रकाश शर्मा मधेशमा कांग्रेस पहिलो दल बन्ने बताउँछन्। उनका अनुसार मधेशको जनाधार भएकाले जनकपुरबाटै पहिलो सभा गरिएको हो। उनले मधेशको विकासका लागि प्रधानमन्त्रीका उम्मेदवार सभापति थापा मधेशबाट उम्मेदवार बनेका हुन्।

कांग्रेस महामन्त्री प्रदीप पौडेलले मधेशलाई कांग्रेसले उच्च प्राथमिकतामा राखेको र त्यसैले नतिजामा धेरै सकारात्मक प्रभाव पार्ने बताउँछन्। 'कांग्रेसबाट प्रस्तावित प्रधानमन्त्री स्वयं चुनाव लड्न मधेश जानुभएको छ। यस आधारमा पनि मधेश हाम्रो प्राथमिकतामा रहेको स्पष्ट हुन्छ। देशका समग्र एजेन्डालाई मुखरित गर्दै नीति र दृष्टिकोणमा स्पष्टता ल्याउने क्रममा कांग्रेस अहिले मधेशको सवालमा अझ प्रस्ट भएको छ। अब हाम्रो जोड मधेशमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्नेतर्फ हुनेछ,' उनले भने।

पौडेलका अनुसार मधेशको सहभागितालाई राष्ट्रिय राजनीति र नीति निर्माण प्रक्रियामा उल्लेखनीय रूपमा आत्मसात् गर्दै प्राथमिकताका साथ अघि बढाउने कांग्रेसको नीति छ। 'जनकपुरमा भएको पहिलो सभाले नै सकारात्मक नतिजाको संकेत गरिसकेको छ। सभापति स्वयं त्यहाँ पुगेर चुनाव लड्नु मधेशप्रति कांग्रेसको प्राथमिकताको प्रमाण हो। त्यसैले यसले नतिजामा सकारात्मक प्रभाव पार्नेछ,' उनले भने।

०७९ को निर्वाचनमा दोस्रो बनेको एमाले मधेशमा विरासत जोगाउने कसरतमा छन्। नेतृत्व कोशी प्रदेशमा केन्द्रित हुँदा पार्टीपंक्ति मधेशमै केन्द्रित छ। नेतृ जुली महतोका अनुसार मधेशमा एमालेको संगठन राम्रो छ। तर, अध्यक्ष केपी ओलीको महोत्तरी तथा धनुषालाई झापासँग तुलना गरेर गुइँठासँग जोडेर फोहोरी भनेको, सचिव महेश बस्नेतले मधेशी भाषालाई होच्याउने गरी प्रतिक्रिया दिँदा समस्या भएको सार्वजनिक अभिव्यक्ति दिएकी छिन्।

एमाले उपमहासचिव एवं धनुषा ४ का उम्मेदवार रघुवीर महासेठ जेन-जी आन्दोलनपछि सुरुमा केही असहज देखिए पनि मधेशमा एमालेको पक्षमा माहोल बन्ने दाबी गर्छन्। 'बिचमा आन्दोलनका कारण बनेको परिस्थितिमा अहिले धेरै सुधार आएको छ। त्यसैले एमालेको अवस्था मधेशमा मात्र होइन, देशव्यापी रूपमा सुधार हुँदै गएको निष्कर्ष छ,' उनले भने, 'यद्यपि, नेतृत्व तहबाट मधेशबारे अभिव्यक्ति दिँदा भाषागत केही कमजोरी भएका स्विकार्छौँ। पहिलेकै नतिजा दोहोरिन्छ वा हुँदैन भन्ने निश्चित भन्न सकिँदैन। तर, अघिल्लोपटकभन्दा सुधारिएको परिणाम आउनेमा आशावादी छौँ।'

०६४ मा माओवादी हुँदा आफ्नो आधार इलाका बनाएको नेकपाले पनि आफ्नो वर्चस्व कायम गर्न मधेशलाई केन्द्रित गरेको छ। पूर्वप्रधानमन्त्री माधव नेपालदेखि पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठसम्म मधेशबाट चुनाव लडेका छन्। नेपाल रौतहट १ का उम्मेदवार छन्। यद्यपि, नेकपाले कर्णाली, सुदूरपश्चिमलाई पनि केन्द्रित गरेको नेताहरू बताउँछन्।

नेकपा नेता तथा सर्लाही ४ का उम्मेदवार नारायणकाजी श्रेष्ठ तुलनात्मक रूपमा मधेशबाट पहिलाभन्दा राम्रो नतिजा आउने बताउँछन्। 'अहिले पूरै खटिरहेका छौँ। सबै ठाउँमा हाम्रा उम्मेदवार छन्। सबै कमिटी परिचालित छन्। एउटा नीतिले र अर्को सहभागिताले मधेशमा फोकस गरिरहेका छौँ,' उनले भने, 'मतदाताको प्रतिक्रिया सकारात्मक पाइरहेका छौँ। तुलनात्मक रूपमा मधेशबाट पहिलाभन्दा राम्रो नतिजा आउँछ।'

मधेशकेन्द्रित दलले पनि आफ्नो वर्चस्व यथावत् राख्न कसरत गरिरहेका छन्। पुराना दलका कारण काम गर्न नसकेको भन्दै मतदाता फकाउने रणनीतिमा छन्।

रास्वपाले मधेशका साथै दोस्रो बढी मतदाता भएको बागमती र तेस्रो बढी मतदाता भएको कोशीलाई पनि केन्द्रित गरेको छ। कोशीमा वरिष्ठ नेता बालेन झापा ५ मा पूर्वप्रधानमन्त्री केपी ओलीसँग प्रतिस्पर्धा गर्दै छन्। अझै पनि पूर्वी पहाडका सबै जिल्ला पुगेर उनले माहोल बनाउने कोसिस गरेका थिए।

## निर्वाचनको...

पृष्ठ १ बाट क्रमशः

थापासँग कुराकानी पनि गरेका छैनन्। राजनीतिक जीवनको अन्तिम चुनाव लड्न चाहेका देउवालाई थापाले टिकट दिएका थिएनन्। जोडबलमा अपदस्त गरिएको भन्दै देउवा असन्तुष्ट छन्। गृहजिल्ला र प्रदेशमा कांग्रेसका कतिपय उम्मेदवारले चुनावी प्रचारका पोस्टरमा देउवाको तस्बिर प्रयोग गरेका छन्।

जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौमा बुढानीलकण्ठस्थित निवासमा देउवादम्पतीमाथि आक्रमण भएको थियो। जेन-जी आन्दोलनमा घाइते भएपछि देउवा पत्नीको सुरुमा सेनाको सैनिक अस्पताल छाउनीमा उपचार भएको थियो। देउवाको टाउकोमा चोट लागेको थियो।


**OMAN मा बैदेशिक रोजगार** | १. कम्पनी : NAJD AL AHLIYA LLC. शहर : Oman, Salalah/salalah / Dhofar Goverorate

पूर्व स्वीकृत मिति : २०८२/११/१३ चलानी नं. ६०२५२९८२ LT. No.: 339482

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/ बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Diesel Mechanic | 5 | 0 | स. काममा दक्ष | 150 | ५६,७१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | २ वर्ष |
| 2. | General Electric Welder | 5 | 0 | | 150 | ५६,७१८ | | | | | | |
| 3. | Measuring Instrument Mechanic | 15 | 0 | | 150 | ५६,७१८ | | | | | | |
| 4. | Production Control | 15 | 0 | | 150 | ५६,७१८ | | | | | | |
| 5. | Electrical Measuring Instrument | 10 | 0 | | 150 | ५६,७१८ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ /११/२१ गते (05 Mar. 2026) मा हुने छ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ कति लाग्ने र कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १. [illegible]

**Himalayan Valley Nepal Pvt. Ltd.**
Gaushala, Kathmandu, Nepal, Phone: +977-1-4110403, 4110453
Mobile : 9869416978, 9841443078, 9749469578,9841160008
Email: hvnepal2024@gmail.com, Web : www.hvnepal.com
श्रम इजाजत नं. १५२६/०७४/०७५



सडक विभाग
**सडक डिभिजन सुर्खेत**
**बोलपत्र स्वीकृतिको लागि छनौट गरिएको आशयको सूचना**
(प्रकाशित मिति : २०८२/०११/१५)

प्रस्तुत विषयमा यस सडक डिभिजन कार्यालयको TNN5/082/83 मिति २०८२-१०-०२ को आर्थिक राष्ट्रिय दैनिक र TNN6/082/83 मिति २०८२-१०-१३ को नया पत्रिका राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा प्रकाशित बोलपत्रको सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरू मुल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल :

| S. N. | Contract No. | Description of works. | Name And Address of Successful Bidders. | Bid Amount (With VAT & PS) NRs. |
|---|---|---|---|---|
| 1 | RDSKT/33731011-3/082/83-19 | Road Side Maintenance works (Side Drain, Cross Drainage and Gabion Retaining Wall) at Ratna Rajmarga , Harre to Bangesimal Section , Ch 68+700 to 112+500 | M/S Shubha P.R. Construction and Suppliers, Banke. | 37,44,225.00 |
| 2 | RDSKT/33731011-3/082/83-23 | Recurrent (Reactive) Maintenance works Along Surkhet Jumla Road (Ch. 114+000 - 119+200 of NH-58), Dailekh District; | M/S Shubha P.R. Construction and Suppliers, Banke. | 1,13,57,125.97 |
| 3 | RDSKT/33701138-4/082/83-24 | Rehabilitation works Along Surkhet-Jumla Road (Ch. 39+900-40+000 of NH-58), Surkhet District; | Khadka nirman sewa, Dailekh | 27,41,795.28 |

**RE-INVITATION FOR BIDS**

Road Division, Surkhet invites electronic bid for Road Improvement Work of Surkhet-Dailekh Road at Dailekh Bazar Bindumod - Kadachaur Road Section of NH-60, Dailekh District. (Contract Id: RDSKT/33701138-4/082/83-25Re) for which the Estimate Amount without VAT is 4,249,483.71. The Bid Security Amount (NRs) is 1,20,000 and Bid Submission Date: 2082/12/01,12: 00 hrs and Bid Opening Date: 2082/12/01, 13:00 hrs



**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Alternative Energy Promotion Centre**
**Tahachal, Kathmandu, Nepal**
**Tel: +977-1-5498013/5498014**
**Email: info@aepc.gov.np Website: www.aepc.gov.np**

**Re-Invitation for Electronic Bids**

**Contract Identification Number: AEPC/IT/G/NCB/2082/83-01**
**First Date of Notice Publication: 9 January 2026**
**Date of Notice Publication: 27 February 2026**

1. Alternative Energy Promotion Centre (AEPC) Re-invites Electronic Bids for the procurement of Goods **"License Renewal and Supply, Delivery and Installation of Hardware and Software Package 2: New Software and Hardware Procurement"** under National competitive bidding - Single Stage Single Envelope procedures.
2. Interested Eligible Bidders may obtain further information and inspect the Bidding Document in English at the office of AEPC, Tahachal, Kathmandu, Nepal or may visit e-GP system of PPMO: www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents for the task in English is available online and may be downloaded for e-submission from the e-GP system of PPMO: www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of Bidding Document (non-refundable fee) **NRs. 3,000.00** in the Rajaswa (Revenue) Bank Account as specified below and submit/upload the receipt of the deposited amount of cash along with the Electronic Bid:
   **Name of the Bank: Rastriya Banijya Bank, Baneshwar Branch**
   **Name of Office: Alternative Energy Promotion Centre**
   **Office Code No.: 308003502, Rajaswa (Revenue) Shirshak No.: 14229**
   **Bank Account No.: 1000100200010000**
4. Pre-Bid Meeting shall be held at **AEPC, Tahachal, Kathmandu at 12:00 Noon on 3 March 2026.**
5. Interested Bidders are required to submit the Electronic Bids through e-GP system of PPMO: **www.bolpatra.gov.np/egp** to the office of AEPC on or before **12:00 Noon on 15 March 2026.**
6. Submitted Technical eBids will be opened in presence of Bidders' representatives who choose to attend on **12:30 P.M. on 15 March 2026** at the office of **AEPC, Tahachal, Kathmandu, Nepal.**
7. Bids must be valid for a period of 90 days counting from the date of bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to minimum **NRs. 90,000.00** which shall be valid for minimum **30 days** beyond the bid validity period (i.e., Valid up to minimums **12 July 2026.**)


## प्रदेश सचिवसहित...

पृष्ठ १ बाट क्रमशः

सेन्टरका प्रोप्राइटर शरदकुमार गोराथोकीलाई विद्युतीय डिभाइससहित विभिन्न स्थानबाट नियन्त्रणमा लिएर अनुसन्धान थालेको थियो। नक्कली सवारी लाइसेन्स वितरण गरी मासिक तीन करोडभन्दा बढी रकम संकलन गरेको उजुरी परेपछि अख्तियारको केन्द्रीय कार्यालय टंगाल, बुटवल कार्यालय र सम्पर्क कार्यालय नेपालगन्जबाट संयुक्त रूपमा खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको थियो।

एक वर्ष लामो अनुसन्धानपछि अख्तियारले सवारी लाइसेन्ससहित परीक्षा सञ्चालन र सिसिटिभी सञ्चालनसम्बन्धीका सबै कानुन नाघेर बदनियतपूर्वक कार्य गरेको देखिएको ठहर गरेको छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र नियमावली, २०५४ बमोजिमको लिखित तथा प्रयोगात्मक (ट्रायल) परीक्षा, लुम्बिनी प्रदेशको सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६, सवारीचालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ को उल्लंघन गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। त्यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट जारी भएको सवारीचालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षास्थलमा जडित सिसिटिभी क्यामेरा सञ्चालन कार्यविधि निर्देशिका, २०७७, गृह मन्त्रालयबाट जारी भएको सिसिटिभी जडान तथा सञ्चालन कार्यविधि, २०७७ र यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० लगायतका कानुनको पनि उल्लंघन गरेर लाइसेन्स जारी गरेको अख्तियारले जनाएको छ। कानुनी व्यवस्था अनुशरण गरी सवारी लाइसेन्सको लिखित तथा ट्रायलमा परीक्षार्थीहरूलाई संलग्न गराएर अन्तिम नतिजा प्रकाशन गरी लाइसेन्स वितरण गर्ने कर्तव्य भएका राष्ट्रसेवक कर्मचारीहरूले मिलेमतो तथा योजनामा बदनियत राखी कानुनी प्रक्रिया लत्याएर लाइसेन्स जारी तथा वितरण गरेको आरोपपत्रमा उल्लेख छ।

अख्तियारका अनुसार गिरोहले लाइसेन्सको वर्गअनुसार घुसको रेट तोकेर अनियमितता गरेको थियो। ट्रक/बस/लरीको २४ हजार, डोजर/रोलर/क्रेन/एक्स्काभेटर तथा मिनीबस/मिनीट्रकको २२-२२ हजार र कार/जिप/भ्यानको लाइसेन्स दिलाएबापत १७ हजार घुस लिने गरेका थिए। त्यस्तै, टेम्पो/अटोरिक्सा र मोटरसाइकलको १२-१२ हजार तथा स्कुटरको १० हजार लिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। घुस लिएर परीक्षामा समावेश गराई उत्तीर्ण गराएको पुष्टि भएको अख्तियारले जनाएको छ।

गिरोहले ४६ हजार ९७१ परीक्षार्थीलाई विभिन्न वर्गका लाइसेन्सको प्रयोगात्मक परीक्षामा समावेश गराएको र त्यसमध्ये ३० हजार ४५५ उत्तीर्ण भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। यातायात कार्यालयले २७ हजार ७७३ लाइसेन्स जारी गरेकोमा परीक्षामा सहभागी २० प्रतिशत परीक्षार्थीलाई घुस लिएर उत्तीर्ण गराई लाइसेन्स दिलाएको भेटिएको अख्तियारको दाबी छ। उक्त संख्या पाँच हजार पाँच सय हुन आउँछ। उनीहरूलाई लाइसेन्स दिलाउँदा आठ करोड चार लाख ३४ हजार तीन सय रुपैयाँ संकलन गरेको भेटिएको अख्तियारले जनाएको छ।

लाइसेन्सको धन्दामा संलग्नहरूले ह्वाट्सएपमार्फत घुसको ठुलो कारोबारको हिसाबकिताब आदानप्रदान गर्ने गरेका थिए। अख्तियारले ह्वाट्सएप च्याटमार्फत आदानप्रदान भएको हिसाब, डिजिटल फरेन्सिकको प्रतिवेदनसाथ प्राप्त कारोबार र बैंक/ई-सेवा स्टेटमेन्टबाट देखिएको हिसाबसमेत जोडेर निकालेको छ। त्यसरी सेटिङमा सहभागी कर्मचारी, प्रहरी तथा व्यवसायीले आदानप्रदान गरेको हिसाब एउटै व्यक्तिले कम्तीमा ४६ हजारदेखि बढीमा एक करोड ९० लाखसम्म कारोबार गरिएको देखिएको छ।

यो अनियमिततामा अख्तियारले घुस, रिसवत र गैरकानुनी लाभ कसुरसम्बन्धी भ्रष्टाचारका दुई मुद्दा दर्ता गरेको छ। सहसचिव सुनारसँगै नेपालगन्ज यातायात कार्यालयका अर्का तत्कालीन प्रमुख रमेशबहादुर बुढाथोकी, निमित्त कार्यालय प्रमुख तथा वरिष्ठ लेखा अधिकृत दिनेशसिंह ठाकुर, निमित्त कार्यालय प्रमुख तथा वरिष्ठ शाखा अधिकृत रवीन्द्र केसीविरुद्ध पनि मुद्दा दायर गरेको छ। त्यस्तै, अधिकृत शक्ति ठाकुर, प्रेमप्रसाद उपाध्याय, मधुकरजंग शाह, नरभूपाल पौडेल, पूर्णमान वली पनि मुद्दाका प्रतिवादी छन्। कम्प्युटर अधिकृत बालकृष्ण चौधरी, नासुहरू चित्रबहादुर महतारा, टोपबहादुर बयक, गोपाल शर्मा, मुकुन्दराज केसी, मेकानिकल सुपरभाइजरद्वय पुष्करराज शर्मा र सुशीलकुमार शर्माविरुद्ध पनि मुद्दा दायर भएको छ। सहायक कम्प्युटर अपरेटरद्वय मनोज गिरी र शर्मिला थापा तथा कार्यालय सहयोगी जयनारायण भण्डारीलाई पनि अख्तियारले डामेको छ।

त्यस्तै, अन्य प्रतिवादीमा जिल्ला ट्राफिक प्रहरी कार्यालय कोहलपुरका तत्कालीन प्रहरी निरीक्षक पुस्करराज पन्त, प्रहरी वरिष्ठ नायब निरीक्षक नन्दकुमार पोखरेल र प्रवीण आचार्य, प्रहरी सहायक निरीक्षक दमनविक्रम सेन छन्। न्यु मामाभान्जा मोटर ड्राइभिङ ट्रेनिङ सेन्टरका सञ्चालक शरदकुमार गोराथोकी, न्यु स्वर्गद्वारी ड्राइभिङ सेन्टरका प्रोप्राइटर चिरञ्जीवी पोखरेल, रेसुंगा मोटर ड्राइभिङ प्रशिक्षण केन्द्रका प्रोप्राइटर माधव पोखरेल, शुभ स्वस्तिक ड्राइभिङ स्कुल प्रालिका प्रमोदकुमार देवकोटा, राजकुमार ड्राइभिङ सेन्टरका सञ्चालक सीता श्रेष्ठ, न्यु मामाभान्जा मोटरसाइकल रिकन्डिसन हाउसका प्रतिनिधि मोतीकला भण्डारी तथा भेरी बस व्यवसायी प्रालि, सुवेदी किराना पसल र सुवेदी इन्जिनियरिङ वर्कसपका सञ्चालक कृष्णप्रसाद सुवेदीलाई अख्तियारले प्रतिवादी कायम गरेको छ।

अख्तियारले दायर गरेको अर्को मुद्दामा पनि सुनारसहित ११ जनालाई प्रतिवादी कायम गरेको छ। सरकारी अभिलेखमा रहने उत्तरपुस्तिका अनाधिकार एवं गैरकानुनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने र हेरफेर गर्नेलगायतका कार्य गरी परीक्षाको परिणाम फेरबदल गर्ने-गराउने कार्य गरेको अभियोगमा अख्तियारले मुद्दा दायर गरेको हो। कार्यालयले लिएको लिखित परीक्षाका परीक्षार्थी बेलमतीकुमारी बुढा, ममताकुमारी बुढाक्षेत्री, अनिस श्रेष्ठ, अरसद अन्सारी, हरिबहादुर सिंह, सन्ध्या न्यौपाने, ज्योति साउद, जनकबहादुर साउद, डिलबहादुर नेपालीलगायतलाई लाइसेन्स दिँदा अनियमितता गरेको अख्तियारको दाबी छ। अख्तियारले सुनारसहित कम्प्युटर अधिकृतहरू शक्ति ठाकुर, प्रेमप्रसाद उपाध्याय, पूर्णमान वली र सतिशजंग शाह (तत्कालीन)सहितलाई यो मुद्दामा पनि प्रतिवादी कायम गरेको छ। त्यस्तै, तत्कालीन नासु चित्रबहादुर महतारा र मुकुन्दराज केसी तथा सहायक कम्प्युटर अपरेटर मनोज गिरी पनि प्रतिवादी छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका तत्कालीन प्रहरी वरिष्ठ नायब निरीक्षक प्रवीण आचार्य, कोहलपुरको अस्थायी ट्राफिक पोस्टका प्रहरी वरिष्ठ नायब निरीक्षक नन्दकुमार पोखरेल र न्यु मामाभान्जा मोटर ड्राइभिङ ट्रेनिङ सेन्टरका सञ्चालक शरदकुमार गोराथोकीविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ।

### भन्सार छलीका तीन गाडीलाई घुस लिएर वैध, लमजुङका सिडिओसहित ३२ विरुद्ध मुद्दा

भन्सार छली गरेर भारतबाट ल्याएका तीन गाडीलाई घुस लिएर गैरकानुनी रूपमा वैध गराएको आरोपमा अख्तियारले लमजुङका वहालवाला प्रमुख जिल्ला अधिकारी उमेश ढुंगानासमेतलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ। चोरीका भारतीय गाडीलाई आर्थिक लेनदेन गरी दर्ता गरेको अख्तियारको दाबी छ। ढुंगाना तत्कालीन समयमा लुम्बिनी प्रदेश यातायात मन्त्रालयका सचिव थिए।

भन्सार छली गरेर गैरकानुनी तवरमा ल्याइएको सवारीलाई वैध बनाउने बदनियतले यातायात व्यवस्था कार्यालय नेपालगन्जको सरकारी अभिलेख श्रेस्तामा गैरकानुनी तवरमा प्रविष्ट गरी, दर्तासमेत गरेर सवारी दर्ता प्रमाणपत्र (ब्लु बुक) लगायतको गलत लिखत दिन लगाई प्रयोगमा ल्याएर बिक्री-वितरणसमेत गराएको देखिएको अख्तियारको दाबी छ।

यस मुद्दामा अख्तियारले नेपालगन्ज यातायात व्यवस्था कार्यालयका तत्कालीन प्रमुख लोकबहादुर सुनारसहित, वरिष्ठ लेखा अधिकृत दिनेशसिंह ठाकुर, अधिकृत नरभूपाल पौडेल, कम्प्युटर अधिकृत शक्ति ठाकुर, मेकानिकल सुपरभाइजरद्वय पुस्करराज शर्मा र सुशीलकुमार शर्मा, अधिकृत प्रेमप्रसाद उपाध्याय, काशीलाल अधिकारी र मधुकरजंग शाह, वरिष्ठ शाखा अधिकृत रवीन्द्र केसी, नासुहरू चित्रबहादुर महतारा, गोपाल शर्मा र मुकुन्दराज केसी, सहायक लेखापाल ओमराज गिरी, कम्प्युटर अपरेटर (करार) मनोज गिरीलगायतलाई प्रतिवादी कायम गरेको छ।

उपसचिव रमेश गौतम, वरिष्ठ शाखा अधिकृत प्रदीप खनाल, मेकानिकल इन्जिनियर भरतकुमार कार्की, यातायात व्यवस्था कार्यालय साना ठुला सवारी एकान्तकुनाका अधिकृत हरिबहादुर विष्ट, अधिकृत प्रकाश अधिकारी पनि प्रतिवादी छन्। बब्लु अली अन्सारी, सुनिलादेवी चौधरी, अनिस तामाङ, बलिराम यादव, सूर्यकला पण्डित क्षेत्री घिमिरे, शरदकुमार गोराथोकी, राजकुमार चौधरी, गोकुलप्रसाद श्रेष्ठ, नीता भुर्तेल महर्जन, गेहेन्द्र पौडेल, महेशकुमार नेपालीसमेतविरुद्ध मुद्दा दायर भएको छ।

# काठमाडौं ५ मा त्रिपक्षीय भिडन्त

## विरासत जोगाउन कांग्रेसका प्रदीप पौडेललाई चुनौती, जितको खोजीमा एमालेका ईश्वर पोखरेल, बदलिएको माहोल आफ्नो पक्षमा पार्ने रणनीतिमा रास्वपाका सस्मित पोखरेल

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

काठमाडौं ५ मा एमाले पाँचौं र कांग्रेस चौथो जितको खोजीमा छन् । उनीहरूलाई रास्वपाले कडा चुनौती दिइरहेको छ । ०७९ को निर्वाचनमा कांग्रेसका प्रदीप पौडेलले जित निकाल्दा एमालेका ईश्वर पोखरेल निकटतम प्रतिद्वन्द्वी थिए । निर्वाचनमा तेस्रो मत पाएको राष्ट्रिय स्वतन्त्र पार्टीले सस्मित पोखरेललाई उम्मेदवार बनाएको छ । अघिल्लो निर्वाचनमा रास्वपाले सबैभन्दा धेरै समानुपातिक मत पाएको थियो । त्यसबेला चौथो मत ल्याएको राप्रपाले पूर्वअध्यक्ष कमल थापालाई प्रतिस्पर्धामा उतारेको छ । काठमाडौं उपत्यकामा हेभिवेट नेताबिच भिडन्त भइरहेको निर्वाचन क्षेत्र पनि यही हो । यस क्षेत्रमा ७८ हजार ११४ जना मतदाता छन् ।

०४८ देखि ०७९ सम्मको सातपटकको निर्वाचनमा चारपटक एमाले र तीनपटक कांग्रेसले यो क्षेत्रबाट जित निकालेका छन् । एमालेबाट ०४८ मा पद्मरत्न तुलाधर, ०५१ र ०५६ मा तत्कालीन अध्यक्ष स्वर्गीय मनमोहन अधिकारी र ०७४ मा ईश्वर पोखरेल विजयी भएका थिए । कांग्रेसबाट ०६४ र ०७० मा नरहरि आचार्य र ०७९ मा प्रदीप पौडेलले जित हासिल गरेका थिए ।

०७९ को निर्वाचनमा कांग्रेसका पौडेल १५ हजार २६९ मत पाएर विजयी भएका थिए भने एमालेका पोखरेलले १० हजार १९० मत ल्याएका थिए । रास्वपाका डा. प्रणयशमशेर राणाले पाँच हजार ४७७ मत प्राप्त गरेका थिए । राप्रपाका रामप्रसाद उप्रेतीले तीन हजार १६२ मत पाएका थिए । यसपटक प्रमुख दल, अन्य दल र स्वतन्त्रसहित २४ जना उम्मेदवार प्रतिस्पर्धामा छन् ।

नेपाल कम्युनिस्ट पार्टीकी कल्पना शर्मा, उज्यालो नेपाल पार्टीबाट श्रीराम गुरुङ, गतिशील लोकतान्त्रिक पार्टीबाट निशा अधिकारी, जनता समाजवादी पार्टी नेपालबाट दानिन्द्र जोशी, नेपाल मजदुर किसान पार्टीबाट शोभालाल श्रेष्ठ, राष्ट्रिय जनमोर्चाबाट अशोकविक्रम जिसी, प्रगतिशील लोकतान्त्रिक पार्टीका विष्णु श्रेष्ठ, मंगोल नेसनल अर्गनाइजेसनबाट मिरा गुरुङ, संयुक्त नागरिक पार्टीबाट श्यामकाजी सुनुवार, नेपाल कम्युनिस्ट पार्टी (संयुक्त)का निमेश खनाल, जय मातृभूमि पार्टीबाट वसन्तराज कुँवर, श्रम संस्कृति पार्टीबाट अमित थापा, नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बाट ज्ञानेन्द्र प्रजापति, त्रिमूल नेपालबाट रमेश तामाङ, नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी) (एकल चुनाव चिह्न)बाट युवराज काफ्ले, आम जनता पार्टी (एकल चुनाव चिह्न)बाट कोमल पौडेलले उम्मेदवारी दिएका छन् । स्वतन्त्र उम्मेदवारका रूपमा क्यामुना मिजार, ढकबहादुर कार्की, धर्म डंगोल, प्रभा श्रेष्ठ र रमिता सापकोटा छन् ।

काठमाडौं ५ मा महानगरपालिकाका चारवटा वडा (वडा नम्बर २, ३, ४ र ५) समेटिएको छ । गत स्थानीय निर्वाचनमा यी चारैवटा वडा एमालेले जितेको थियो । ०७४ मा पनि ती वडा एमालेले नै जितेको थियो । त्यस्तै, बुढानीलकण्ठ नगरपालिकाअन्तर्गत ३, ४, ५, ६ र ७ वडा पनि यस क्षेत्रमै पर्दछन् । यीमध्ये ३ नम्बर वडा स्वतन्त्र उम्मेदवारले जितेका थिए भने ४ र ५ कांग्रेस तथा ६ र ७ एमालेले जितेका थिए ।

टोखा नगरपालिकाका २, ३, ४, ५, ६ र ७ वडामध्ये नगर प्रमुखसहित वडा नम्बर २, ३, ४, ५, ७ नम्बर एमालेले तथा उपप्रमुखसहित ६ नम्बर वडा कांग्रेसले जितेको थियो । पछिल्लो स्थानीय चुनावमा १५ वटा वडामध्ये ११ वटा एमालेले र तीनवटा कांग्रेसले तथा एउटा मात्र स्वतन्त्रले जितेका कारण पनि एमालेको प्रभाव क्षेत्रका रूपमा मान्न सकिए पनि पछिल्लो संसदीय निर्वाचनमा एमालेले धक्का व्यहोरेको छ ।

### उम्मेदवारहरूको आ–आफ्नै दाबी



नीति र नेतृत्व अद्यावधिक गर्दै प्रस्ट एजेन्डाका साथ रूपान्तरित पार्टीका रूपमा मतदातामाझ गएका कारण जनतामा भरोसा बढेको छ । अरू पार्टीभन्दा ज्येष्ठ पार्टीका रूपमा उठाएका एजेन्डा र परिपक्वतालाई मतदाताले रुचाउनुभएको छ, त्यसैले पुनः विजयी गराउनुहुनेछ भन्ने कुरामा विश्वस्त छु ।

● **प्रदीप पौडेल**, कांग्रेस उम्मेदवार



संगठन बनेर विस्तारित नहुँदा पनि अघिल्लो निर्वाचनमा हामीले यो क्षेत्रमा पहिलो मत ११ हजार पायौँ, अहिले त संगठन पनि विस्तारित भइसकेको छ, अर्को यो वैकल्पिक नयाँ शक्ति जन्मिएको र तत्कालीन विवेकशील साझा पार्टीको केन्द्रीय कार्यालय रहेको क्षेत्र पनि भएकाले निर्वाचित हुनेमा आशावादी छु ।

● **सस्मित पोखरेल**, रास्वपा उम्मेदवार



४० वर्षदेखि यही क्षेत्रमा कहिले उम्मेदवार त कहिले राजनीतिक कामका हिसाबले मात्र होइन, सामाजिक सम्बन्धका हिसाबले पनि नजिकबाटै जोडिँदै आएकाले जनताले अपार माया गरिरहनुभएको छ । राष्ट्रिय राजनीतिमा मैले खेल्दै आएको भूमिकाबारे पनि मतदाताबाट राम्रै प्रतिक्रिया पाइरहेकाले विजयी हुनेमा पूर्ण विश्वस्त छु ।

● **ईश्वर पोखरेल**, एमाले उम्मेदवार



हिन्दु राष्ट्र र राजसंस्थाको पुनर्स्थापना, भ्रष्टाचारको अन्त्य र सुशासनका माध्यमबाट आर्थिक समृद्धिको एजेन्डा नै मेरो जितको मुख्य आधार हो । यिनै एजेन्डामा जनताको राम्रो रेस्पोन्स पाएको छु, उहाँहरूले स्पष्ट एजेन्डा बोक्ने पार्टी राप्रपालाई परिवर्तनका पक्षमा मत दिएर मलाई विजयी गराउनुहुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

● **कमल थापा**, राप्रपा उम्मेदवार

कांग्रेस उम्मेदवार पौडेलले सांसद निर्वाचित भएर आफूले क्षेत्रमा गरेको काम, पार्टीलाई रूपान्तरण गर्न खेलेको भूमिका, परिपक्व पार्टीको नयाँ एजेन्डा र राष्ट्रिय योगदान नै विजयीको आधार भएको बताए । 'निर्वाचित भइसकेपछि मैले क्षेत्रको विकासमा खेलेको भूमिका प्रस्टै छन्, हामीले पार्टीलाई पनि रूपान्तरण गरेर देश बदल्न खोजिरहेकाले एजेन्डाहरू पनि प्रस्ट रूपमा सार्वजनिक गरेका छौं,' उनले भने, 'त्यसैले नीति र नेतृत्व अद्यावधिक गर्दै प्रस्ट एजेन्डाका साथ रूपान्तरित पार्टीका रूपमा मतदातामाझ गएका कारण जनतामा भरोसा बढेको छ, अरू पार्टीभन्दा ज्येष्ठ पार्टीका रूपमा उठाएका एजेन्डा र परिपक्वतालाई मतदाताले रुचाउनुभएको छ, त्यसैले पुनः विजयी गराउनुहुनेछ भन्ने कुरामा विश्वस्त छु ।'

एमाले उम्मेदवार पोखरेलले जनप्रतिनिधि हुँदा या नहुँदा ४० वर्षदेखि क्षेत्रको विकास निर्माणदेखि सामाजिक सम्बन्धहरूमा नजिकबाट जोडिएका कारण मतदाताले आफ्नो उम्मेदवारीप्रति नै सकारात्मक प्रतिक्रिया जनाइरहेकाले पनि जितप्रति विश्वस्त रहेको बताए । 'पहिलो, जनप्रतिनिधि हुँदा या नहुँदा क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान गरेको फेहरिस्त क्षेत्रभित्रका सबैतिरका मतदातालाई राम्रोसँग थाहा छ, दोस्रो- अरू कतिपय उम्मेदवारजस्तो मतदाता नामावली पनि यहाँ नभएको म टुरिस्ट उम्मेदवार होइन । ४० वर्षदेखि यही क्षेत्रमा कहिले उम्मेदवार त कहिले राजनीतिक कामका हिसाबले मात्र होइन, सामाजिक सम्बन्धका हिसाबले पनि नजिकबाटै जोडिँदै आएकाले जनताले अपार माया गरिरहनुभएको छ,' उनले भने, 'राष्ट्रिय राजनीतिमा मैले खेल्दै आएको भूमिकाबारे पनि मतदाताबाट राम्रै प्रतिक्रिया पाइरहेका कारण विजयी बन्ने कुरामा आशावादी मात्र होइन, म पूर्ण विश्वस्त छु ।'



**■ काठमाडौं ५**

मतदाता : ७८,११४
महिला : ४०,८३२
पुरुष : ३७,२७८
अन्य : ४
मतदानस्थल : ३१
मतदान केन्द्र : ९०
उम्मेदवार : २४

**०७९ को निर्वाचनमा समानुपातिक मत**

रास्वपा : ११,६४७
कांग्रेस : १०,०४३
एमाले : ९,६५२
राप्रपा : ७,२०१
नेकपा : १,२२४
(तत्कालीन माओवादी र एकीकृत समाजवादी)

रास्वपाका उम्मेदवार सस्मित पोखरेल समानुपातिकतर्फको पछिल्लो निर्वाचनको पहिलो मत, वैकल्पिक शक्तिहरू जन्मिएको क्षेत्र र आफू स्थायी बासिन्दा पनि भएकाले जित्ने आधार बलियो रहेको बताउँछन् । 'संगठन बनेर विस्तारित नहुँदा पनि अघिल्लो निर्वाचनमा हामीले यो क्षेत्रमा पहिलो मत ११ हजार पायौँ, अहिले त संगठन पनि विस्तारित भइसकेको छ, अर्को यो वैकल्पिक नयाँ शक्ति जन्मिएको र तत्कालीन विवेकशील साझा पार्टीको केन्द्रीय कार्यालय रहेको क्षेत्र पनि हो,' उनले भने, 'म यहीँ सुकेधारा ४ नम्बर वडाको स्थायी बासिन्दा हुँ, यहीँ हुर्किएँ, ७८ हजारमध्ये सबैभन्दा बढी मेरै वडामा २० हजार मतदाता हुनुहुन्छ, लाजिम्पाट, टोखा, हाँडीगाउँलगायत क्षेत्रबाट पनि राम्रै सपोर्ट रहेकाले म विजयी हुन्छु भन्ने कुरामा पूर्ण विश्वस्त छु ।'

राप्रपा उम्मेदवार कमल थापाले स्थानीय मुद्दासँगै राष्ट्रियता र भ्रष्टाचार नियन्त्रणका लागि हिन्दु राष्ट्र र राजसंस्था पुनर्स्थापनाको विषयलाई मुख्य एजेन्डा बनाएर चुनावी प्रचार गरिरहेका छन् ।

नेकपा उम्मेदवार कल्पना शर्माले भ्रष्टाचार नियन्त्रण र सुशासन तथा रास्वपाका उम्मेदवार पोखरेलले उत्तरदायित्व, पारदर्शिता र प्रत्यक्ष संवादमार्फत जवाफदेही प्रतिनिधित्व स्थापित गर्ने गरी सार्वजनिक सुनुवाइ गर्नेलगायत सवाललाई प्राथमिकतासाथ उठाएर चुनावी प्रचार गरिरहेका छन् । काठमाडौंको बाहिरी चक्रपथ क्षेत्रको वसुन्धरा, सामाकोशीसँगै टोखा हुँदै उत्तरतिरको शिवपुरी निकुञ्जको जलाधारसम्मको भौगोलिक क्षेत्र यस क्षेत्रभित्र पर्दछ ।

## मतदाताका मुद्दा : खानेपानी, अव्यवस्थित बस्ती र स्वास्थ्यसम्बन्धी पुरानै सरोकार

काठमाडौं ५ मा अनियमित खानेपानी, दोस्रो चरणको चक्रपथ विस्तारका कारण अव्यवस्थित र धुलाम्य सडक, स्वास्थ्य र गुणस्तरीय शिक्षाको पहुँचजस्ता परम्परागत मुद्दा नै मतदाताले मुख्य समस्या रहेको बताएका छन् ।

'भौतिक पूर्वाधारतर्फ टोखा सुरुङमार्ग र विष्णुमती, टुकुचा खोलाआसपास हरियालीसहितको करिडोर निर्माण अघिल्ला निर्वाचनदेखिकै मुख्य मुद्दा हो । ६ किमि सुरुङबाट नुवाकोट जोडिँदा १५ मिनेटमै आवतजावत गर्न सकिने मात्र होइन, सम्पूर्ण उत्पादन बजारीकरण हुने, काठमाडौंको बाक्लो जनघनत्वलाई विस्तार गर्न सकिने पनि उत्तिकै सम्भावना छ,' टोखाका स्थानीय बुद्धिजीवीसमेत रहेका डा. दीपेन्द्र श्रेष्ठले भने, 'गुणस्तरीय शिक्षा, स्वास्थ्यमा जनताको सरल पहुँचजस्ता सामाजिक मुद्दा, बेरोजगारी समस्याको समाधान तथा आर्थिक सामाजिक मुद्दा पनि यस क्षेत्रका केही मुख्य समस्या हुन् ।' उनले टोखा क्षेत्रको लिच्छविकालीन संस्कृति, मठमन्दिर, जात्राको संरक्षण, बुढानीलकण्ठलाई पशुपतिजस्तै धार्मिक तीर्थस्थलका रूपमा विकास गर्नुपर्ने, दोस्रो चरणको चक्रपथ विस्तारअन्तर्गत मुआब्जाको समस्या समाधान तथा खानेपानी समस्या समाधानका विषयमा पनि जनताको प्रत्यक्ष सरोकार रहेको जानकारी दिए ।

वसुन्धराका मतदाता केशव रायमाझीले भने टिचिङजस्ता ठुला सरकारी अस्पताल हुँदाहुँदै पनि सेवाग्राही महँगो शुल्क तिरेर निजी अस्पताल धाउनुपर्ने समस्या रहेको भन्दै अब जित्ने उम्मेदवारले समस्या समाधान गर्नुपर्नेमा जोड दिए । 'टिचिङजस्ता सरकारी हस्पिटल भए पनि जनताको सहज पहुँच नभएर निजी अस्पतालमै धाउनुपर्ने बाध्यता छ । मेलम्ची खानेपानीको पाइप जोडिए पनि खासगरी वसुन्धरा क्षेत्रमा हप्तामा एक दिनबाहेक पानी आउँदैन । टिचिङपछाडि, धोबीखोला किनार र रानीबारी क्षेत्रको सुकुमवासीको स्थानान्तरण र मागको यथोचित सम्बोधन भएको छैन । यसबाहेक सर्वसुलभ र गुणस्तरीय शिक्षा र रोजगारीका समस्या पनि प्रमुख समस्याकै रूपमा रहेका छन्,' रायमाझीले भने ।

महाराजगन्जका मतदाता रवीन्द्र श्रेष्ठले मेलम्ची खानेपानीमार्फत अनियमित खानेपानीको समस्या सम्बोधन हुनुपर्ने नै प्रमुख सवाल रहेको बताए । 'चक्रपथ विस्तार भइनसक्दा सडक जाम र धुलोको समस्या छ । हप्तामा कति दिन मेलम्चीको पानी आउने कुनै टुंगो छैन । रोजगारीको आम समस्या छँदै छ,' उनले भने । तर, पहिलेभन्दा हावादारी कुराभन्दा पनि यसपटकको निर्वाचनबाट जनताका सवाल सुन्ने परिपाटी सबै पार्टीका उम्मेदवारमा देखिनु सकारात्मक रहेको उनको भनाइ छ ।

'उम्मेदवारहरूमा अब हावादारी कुरा गरेरभन्दा पनि वास्तविक समस्या पहिचान गरेर, तलका कुरा सुनेर जानुपर्छ भन्ने सचेतना आएको देखिन्छ । त्यसैले सबै टोलमा कोणसभा गर्नेभन्दा पनि अहिले खासगरी युवाहरूलाई अलि केन्द्रित गरेर उनीहरूसँग अन्तर्क्रिया गर्ने, समस्या सुन्ने काम उम्मेदवारहरूले गरिरहेका छन्,' उम्मेदवारहरूको चुनावी प्रचार शैलीको अनुभव सुनाउँदै उनले भने ।

टोखाका सत्यनारायण डंगोलले सरकारी सेवालाई पारदर्शी र चुस्त-दुरुस्त बनाउने सवालदेखि युवापुस्तामा खस्किँदैं गएको सांस्कृतिक विचलन सामाजिक समस्या र मुद्दाका रूपमा देखिएको भन्दै त्यसलाई समाधान गर्ने नेतालाई मात्र मत दिन सकिने बताए ।

'नापी, मालोपतलगायत जनता प्रत्यक्ष जोडिने सरकारी निकायले गर्ने औचित्यविनै ढिलाइ, आलटालमाथि अनेकन् प्रश्न छन्, अनियमितताको गुनासा कर्मचारीतन्त्र परिवर्तन नहुनु अहिलेको प्रमुख समस्या हो,' डंगोलले भने, 'अर्कोतिर सामाजिक रूपमा सांस्कृतिक मूल्य-मान्यता खस्किँदै गएको छ । खासगरी युवा पुस्ता सामाजिक सञ्जालमा आएका भ्रमपूर्ण सूचनाका पछि कुद्ने, अग्रजलाई सम्मान नगर्ने, कुरै नसुन्ने, अमुक विषय उठाएर मर्यादा नाघेर असभ्य र अशिष्ट भाषा र शैलीमा गालीगलौज गर्ने प्रवृत्ति टोलटोलमा हुर्किन लागेकाले कतै समाज अराजकतातिर त गइरहेको होइन भन्ने महसुस गरेका छौं । यसको समाधान पनि उम्मेदवारहरूले राजनीतिक तहबाट पनि खोज्नुपर्ने देखिन्छ ।'

## श्रम संस्कृति पार्टी र दुई उम्मेदवारलाई २५ हजार जरिवाना

**काठमाडौं**/ निर्वाचन आयोगले श्रम संस्कृति पार्टी र अन्य दलका दुई उम्मेदवारलाई २५ हजार रुपैयाँका दरले जरिवाना गरेको छ । निर्वाचन आचारसंहिता उल्लंघन गरेको ठहर गर्दै आयोगले जरिवाना तिराउने निर्णय गरेको हो । जरिवाना तोकिएका उम्मेदवारमा नेकपाबाट जाजरकोटका उम्मेदवार शक्ति बस्नेत छन् । उनले मनोनयनको दिन पैसा बाँडेको भनेर उजुरी परेको थियो । नेपाल जनसेवा पार्टीबाट रुपन्देही २ का उम्मेदवार डा. कमल (निकोलस) भुसाललाई पनि २५ हजार जरिवानाको सजाय भएको छ । धरानका पूर्वमेयर हर्कराज राई (हर्क साम्पाङ) नेतृत्वको श्रम संस्कृति पार्टीलाई पनि २५ हजार जरिवाना तोकिएको छ । बाँके ३ बाट रास्वपाका उम्मेदवार खगेन्द्र सुनुवार र भक्तपुर २ का नेपाल जनसेवा पार्टीकी उम्मेदवार जानुका (शोभा) पाठकलाई आयोगले सचेत गराउने निर्णय भएको आयोगले जनाएको छ ।

## निर्वाचनभन्दा अर्को विकल्प थिएन र छैन : थापा

सुर्खेतमा **रमेश रावल**

कांग्रेस सभापति गगन थापाले जेन-जी आन्दोलनपछि देशलाई स्थिरतामा राख्न चुनाव अनिवार्य सर्त भएको बताएका छन् । सुर्खेतको वीरेन्द्रनगरमा बिहीबार आयोजित कर्णाली प्रदेशस्तरीय चुनावी सभामा उनले निर्वाचन सफल पार्न कांग्रेस लागिरहेको बताए ।

'योभन्दा अर्को विकल्प थिएन र अहिले छैन । त्यस कारणले गर्दा डे वानबाटै, पहिलो दिनबाटै, चुनाव घोषणा भएको दिनबाटै दायाँबायाँ नगरीकन, चुनावको परिणामको चिन्ता नगरीकन चुनावलाई सफल बनाउन कांग्रेस लागेको छ,' उनले भने, 'चुनावका सन्दर्भमा हामीले भदौ २३ र २४ लाई बिर्सिएर हुँदैन ।'

२१ फागुनको चुनाव आउन केही दिन मात्रै बाँकी र यो चुनाव यसरी आउँछ कल्पना पनि नगरेको उनले बताए । 'यसमा दुईवटा प्रवृत्ति छ । एउटा इन्कार गर्छ । र, भन्छ- भदौ २३ गते र २३ गतेअगाडि देश ठिकठाक थियो । सब ठिकठाक छ, सबले दुधभात खाएका थिए । केही बिग्रेको छैन,' उनले भने, 'अर्को प्रवृत्ति छ, बोल्दैन, भन्दैन । तर, २३ र २४ गते दनदनी बलेको आगोमा आफ्नो राजनीतिको रोटी सेक्छ । यो दुईवटै सोचले नेपालमा २३ र २४ को अवस्था आएको हो । कांग्रेस यो दुवै सोचभन्दा भिन्न छ ।'

सभापति थापाले निर्वाचनपछि बन्ने कांग्रेस नेतृत्वको सरकारले ०४६ पछिका सबै काण्डको छानबिन गरेर



कारबाही गर्ने बताए । '०४६ पछाडि भएका भनिएका र सुनिएका प्रत्येक काण्डहरूको छानबिन गर्ने मात्र होइन, त्यो काण्डमा संलग्न मेरै परिवारको सदस्य रहेछ भने पनि त्यो एकजना मानिस पनि बच्दैन,' उनले भने ।

थापाले निर्वाचनमा कांग्रेसलाई जिताएर मुलुकलाई ऐतिहासिक स्वर्णिम पाँच वर्ष बनाउनका लागि सहयोग गर्न आग्रह गरे । 'विगत ५-६ वर्ष केवल सरकार बनाउने र फेर्ने कामका लागि मात्र खर्च भयो । यसले तन्नेरीलाई रुष्ट बनायो । देशले गति समात्नुपर्नेमा गठबन्धनको राजनीतिले कहीं न कहीं दूषित बनायो । अब ०८२ देखि ०८७ सम्मको पाँच वर्ष हामी आग्रह गरिरहेका छौं,' उनले भने, 'यो एउटा मौकालाई नेपालको इतिहासलाई स्वर्णिम बनाउनेछौं भनेर सपना बोकेर आएका छौं ।'

### 'पाँच वर्षमा गाडी गतिमा दौडिन्छ, दुर्घटना हुन दिँदैनौँ'

**नेपालगन्ज**/ कांग्रेस सभापति गगन थापाले अबको पाँच वर्षमा गाडी गतिमा दौडिने र विनादुर्घटना राजमार्गमा गाडी बेतोडले दौडने बताएका छन् । बिहीबार नेपालगन्जको चुनावी सभालाई सम्बोधन गर्दै उनले भने, 'यो पाँच वर्ष सुशील कोइरालाले बनाउनुभएको संविधान भनेको बाटो हो । राजमार्ग हो । त्यो राजमार्गमा गएको सात वर्षको क्षतिपूर्ति गर्ने गरीकन गाडी बेजोडले दौडाउँछौं, बेजोडले । कहीं नरोकीकन ।'

थापाले गाडीमा कोही पनि नछुट्ने दाबी गरे । 'सबैलाई लिएर त्यो गाडीमा । कसैलाई नछोडीकन । सबै जातजाति, भाषा, समुदाय सबैलाई गाडीमा राखेर युवा-बुढा सबैलाई राखेर गाडी बेजोडले दौडाउँछौं,' उनले भने । उनले गाडी दौडाएर मात्र नहुने भन्दै दुर्घटनामा पनि पर्न नहुने बताए । 'गाडी दौडाएर मात्र हुँदैन । एउटा कुराको ग्यारेन्टी चाहिन्छ । कांग्रेसको एउटा ग्यारेन्टी गाडी दौडिन्छ । गतिमा दौडिन्छ । अर्को ग्यारेन्टी गाडी एक्सिडेन्ट (दुर्घटना)मा पर्दैन । त्यो महत्त्वपूर्ण कुरा हो । सबैभन्दा महत्त्वपूर्ण कुरा त्यो हो,' उनले भने ।

थापाले गाडी चलाउँदा चटकेको जस्तो व्यवहार गर्ने हो भने गाडी दुर्घटनामा पर्ने भन्दै सरकारलाई गाडीसँग तुलना गरेका हुन् । रास्वपाका शीर्ष नेताहरूको चटकतर्फ संकेत गर्दै उनले भने, 'यहाँ चटक गरेको जस्तो आएर मैले गाडी दौडाएँ भने गाडी उड्छ पनि । म सिटमा बसेँ भने गाडी आफैं उड्छ । म सिटमा बसेँ भने गाडी आफैं दौडिन्छ भनेर सुन्न रमाइलो हुन्छ । ताली पनि बज्छ । तर, गाडी राजमार्गमै दौडाउने हो ।'

### संक्षेप

## विगतमा व्यवस्था बदल्यौं, अब अवस्था बदल्नेछौं : नेकपा

**काठमाडौं**/ नेपाली कम्युनिस्ट पार्टीले व्यवस्था बदलेकाले अब जनताको अवस्था पनि बदल्ने प्रतिबद्धता जनाएको छ । संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले बिहीबार संयुक्त अपिल जारी गर्दै विगतमा व्यवस्था बदलेजस्तै अब अवस्था पनि बदल्ने प्रतिबद्धता जनाएका हुन् । 'हामीले विगतमा अनेक प्रकारका क्रान्तिकारी संघर्ष सञ्चालन गरी मुलुकमा ठुलाठुला राजनीतिक परिवर्तन गरेका थियौं । त्यसैले भन्न सक्छौं कि व्यवस्था बदलेको हामीले हो, अब अवस्था पनि हामीले नै बदल्नेछौं । अरूले गफ गर्ने हुन्, हामी काम गर्छौं । जसरी व्यवस्था बदल्यौं, त्यसैगरी अवस्था पनि बदल्नेछौं । यो हाम्रो दृढ प्रतिज्ञा हो । यसमा हामी लागिपर्नेछौं । विगतमा हाम्रा पनि कतिपय कमी-कमजोरी भएका होलान् । त्यसमा हामी आत्मालोचित छौं र कमी-कमजोरीलाई सच्याएर अघि बढ्न प्रतिबद्ध छौं,' अपिलमा भनिएको छ ।

नेकपा संयोजक प्रचण्डले निर्वाचनमा कोहीसँग पनि तालमेल नहुने स्पष्ट पारेका छन् । पार्टी कार्यालय पेरिसडाँडामा बिहीबार आयोजित पत्रकार सम्मेलनमा प्रचण्डले आफ्नै एजेन्डाको बलमा निर्वाचनमा होमिएको बताए । 'हामी आफ्नै पार्टी र जनताको बलमा निर्वाचनमा गएका छौं । भदौ २३ गतेको जिम्मेवार दल र भदौ २४ गते विध्वंस मच्चाउने दलसँग तालमेल हुँदैन । केही ठाउँमा छाड्ने भन्ने चर्चामा पनि सत्यता छैन,' उनले भने ।

## जमुनाहासहितका नाका तीन दिन सिल

**बाँके**/ निर्वाचनलाई मध्यनजर गरी बाँके जिल्लाका सम्पूर्ण नेपाल-भारत सीमा १८ फागुन राति १२ बजेदेखि सिल गरिने भएको छ । मतदानलाई निष्पक्ष र भयरहित बनाउन तीन दिन नाका सिल गरिएको बाँके प्रशासनले जनाएको छ । १८ फागुन राति १२ बजेदेखि २१ गते राति १२ बजेसम्म भारतसँग जोडिएको सम्पूर्ण नाका सिल गरिने बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी महेशकुमार गुरुङले जानकारी दिए । सीमा सिल गरिएको अवधिमा एम्बुलेन्स, पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्यांकर, दमकल, दूरसञ्चार सेवा, शववाहन, स्वास्थ्यकर्मी, विद्युत्‌जस्ता अत्यावश्यक सेवाका सवारीसाधन सञ्चालन हुने उनले बताए । उक्त समयमा कूटनीतिक नियोगका सवारीसाधन सञ्चालनमा रोक नभएको बताउँदै उनले भारतमा अलपत्र परेका नेपाली र नेपालमा रोकिएका भारतीयलाई स्वदेश जाने प्रबन्ध मिलाइने बताए । सीमा सिल गर्ने विषयमा भारतीय अधिकारीसँग समन्वय भइसकेको उनले जानकारी दिए । 'नेपालमा हुन लागेको निर्वाचनका लागि भारतीय पक्षले सघाउने सहमति भएको छ,' उनले भने ।

## मतदान गर्ने तरिका सिकाउँदै दलहरू

**सल्यान**/ चुनावको मिति नजिकिँदै जाँदा सल्यानका दलहरू ठुला कार्यक्रमभन्दा मतदातालाई आफ्नो पक्षमा रिझाउन घरघर पुगिरहेका छन् । आफ्नो उम्मेदवारलाई मत माग्नुका साथै सही मतदान गर्ने तरिका पनि सिकाउन थालेका छन् । दलहरूले मतदाता शिक्षा सामग्री नै बनाएर गाउँगाउँमा मतदाता शिक्षा दिन थालेका हुन् । आफ्नो पार्टीमा यसरी मतदान गर्नुस् भनेर मतदाता शिक्षा सामग्रीसहित घरदैलो गरिरहेका छन् । मतपत्र बाँड्दै मतदातालाई मत बदर नहुने गरी सिकाइरहेको नेकपानिकट वाइसिएल सल्यानका अध्यक्ष खड्कप्रसाद खड्काले बताए । पार्टीको घरदैलो अभियानसँगै मतदाता शिक्षा पनि सञ्चालन गरिएको उनको भनाइ छ । मतदातालाई भोट हाल्न पनि सजिलो हुने र आफ्नो पार्टीको चुनाव चिह्नबारे जानकारीसमेत दिन सकिने भएपछि घरदैलो अभियानसँगै मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको कांग्रेस नेतृ नुमा खत्रीले बताइन् । नमुना स्वस्तिक छाप तथा नमुना मतपत्र बनाएर मतदातालाई नमुना मतदान गराइरहेको उनको भनाइ छ ।

# बैतडीमा एमाले रोक्ने प्रयासमा कांग्रेस, नेकपा र रास्वपा


## ह्याट्रिक जित निकालेका भण्डारीलाई कांग्रेसका चन्द, नेकपाका भट्ट र रास्वपाका हरिमोहनले दिँदै छन् टक्कर

बैतडीमा **लोकेश साउद**

सुदूरपश्चिम प्रदेशको बैतडीमा चुनावी माहोल तातेको छ । दल र स्वतन्त्र गरी ११ उम्मेदवार घरदैलो र मतदाता भेटमा लागिरहेका छन् । लगातार तीन जित निकाल्दै रेकर्ड राखेका एमालेका दामोदर भण्डारीलाई रोक्न यसपटक कांग्रेस, नेकपा, रास्वपा र राप्रपाले बलियो चुनौती दिएका छन् ।

०४८ यता बैतडीमा जित निकाल्न नसकेको एमालेलाई भण्डारीले ०७० को संविधानसभा सदस्यको निर्वाचनमा पहिलो जित दिलाएका थिए । त्यसपछिका तीनवटै निर्वाचनमा उनले पछाडि फर्किनुपरेको छैन । शिक्षण पेसाबाट राजनीति हुँदै नेपाल क्रिकेट संघ (क्यान)को अध्यक्ष बनेका कांग्रेस उम्मेदवार चतुरबहादुर चन्दले भण्डारीलाई कडा टक्कर दिएका छन् । विशेष महाधिवेशनपछिको कांग्रेस नेतृत्वले उनलाई उम्मेदवार बनाएको हो । थलिएको कांग्रेसलाई उठाउन चुनावी अभियानमा होमिएको बताउने चन्दलाई सजिलो भने छैन । कांग्रेस एकढिक्का भएर मत नहाल्ने हो कि भन्ने चिन्ता उनमा छ । भण्डारी र चन्दलाई नेकपाका पर्मानन्द भट्ट, रास्वपाका हरिमोहन भण्डारी र राप्रपाका भूपेन चन्दले चुनौती दिएका छन् ।

सबै उम्मेदवारले स्थानीय विकास निर्माणका एजेन्डादेखि राष्ट्रिय राजनीतिका विषयलाई चुनावी नारा बनाएका छन् । कांग्रेस उम्मेदवार चन्दको स्थानीयस्तरमा राम्रो प्रभाव रहेको मानिन्छ । नेपाल शिक्षक संघको नेतृत्व गर्दै अन्य संघसंस्थामा रहेर काम गरेकाले जिल्लाभरिका मतदातासम्मको सञ्जाल नै



**■ बैतडी**

**मतदाता** : १,५६,३७२
**महिला** : ७७,३८३
**पुरुष** : ७८,९८७
**अन्य** : २
**मतदानस्थल** : १२९
**मतदान केन्द्र** : २१५
**उम्मेदवार** : ११

उनको बलियो आधार हो । चन्दले कांग्रेस कार्यकर्ताले रुख चिह्नमा भोट हाल्न नपाएर निरुत्साहित भएका वेला आफ्ना लागि अवसर भएको बताए ।

एमालेका भण्डारीको पार्टी संगठनसँगै प्रभाव बलियो छ । बैतडीमा कांग्रेसको भन्दा एमालेको समानुपातिक मत पाँच हजारले बढी छ । अघिल्लोपटक कांग्रेस, माओवादीलगायत दलहरूको गठबन्धन भएका वेला समेत भण्डारीले जित निकालेका थिए ।

रास्वपा उम्मेदवार हरिमोहन भण्डारी जिल्ला दौडाहमा छन् । उनी ०७४ मा कांग्रेसबाट प्रदेश सभा सदस्य उम्मेदवार बने पनि पराजित भएका थिए । ०७९ को निर्वाचनमा पुनः प्रदेश सभा सदस्यका लागि चुनाव लडेका थिए । स्वतन्त्र उम्मेदवारका रूपमा चुनाव लडेका भण्डारी दोस्रोपटक पनि पराजित भए । यसपटक उनी रास्वपाबाट चुनावी मैदानमा उत्रिएका छन् । जेन-जी आन्दोलनले पुराना दलहरू रक्षात्मक बनेको र यसपल्ट आफूले जित्ने दाबी हरिमोहनको छ । उनी श्रममन्त्री राजेन्द्र भण्डारीका भाइ हुन् ।

एमालेका पुराना नेता परमानन्द भट्ट नेकपाबाट चुनावमा होमिएका छन् । पूर्वमाओवादी र समाजवादीको संगठन परिचालन गर्दै जित निकाल्ने दाउमा भट्ट छन् । उनी पूर्वजिविस सभापति हुन् । उनीसँग पूर्वमाओवादी र समाजवादीका १३ हजार भोट छन् । पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दका छोरा भूपेन्द्र चन्द राजनीतिक परिचय बोकेर पहिलोपटक बैतडी छिरेका छन् । राप्रपाबाट उम्मेदवारी दर्ता गराएका उनी आइटीविज्ञका रूपमा विदेशमा काम गरेर फर्किएका हुन् । उनी नयाँ पुस्तालाई साथमा राखेर चुनावमा होमिएको बताउँछन् ।

### झुलाघाट पुल र महाकाली करिडोर साझा एजेन्डा

कांग्रेस उम्मेदवार चन्द र एमालेका भण्डारीले सिमानाको झुलाघाट पुललाई मुख्य एजेन्डा बनाएका छन् । 'पुल बनाउनकै लागि चुनाव लड्दै छु,' चन्द भन्छन्, 'भारतलाई कन्भिन्स गर्छु । मेरो व्यक्तिगत रूपमा पनि सम्बन्ध छ । यो पुल बन्छ ।' यही कुरा दोहोर्‍याउँदै उनले मतदातामाझ भोट मागिरहेका छन् । भण्डारी पुल निर्माणका लागि आफू मन्त्री भएका वेला भारतीय समकक्षीमार्फत भारत सरकारलाई अनुरोध गरेको दाबी गर्छन् । 'दुई देशबिचको कुरा भएकाले समय लागेको हो, यसका प्राविधिक पक्षहरूको अध्ययन भइरहेको छ, छिट्टै निर्माणको चरणमा जान्छ,' उनले भने । मध्यपहाडी लोकमार्गको पश्चिमी विन्दु झुलाघाटमा पछिल्ला तीनवटा निर्वाचनमा सबै दलका उम्मेदरवारले चुनावी एजेन्डा बनाएका थिए ।

● **दामोदर भण्डारी**, एमाले उम्मेदवार



गाउँगाउँमा बिजुली पुगेको छ । वडावडामा सडक पुगेको छ । दुर्गम गाउँहरू राजमार्गमा जोडिएका छन् । शिक्षा, स्वास्थ्य र पूर्वाधारको क्षेत्रमा देखिने परिवर्तन भएको छ, यही नै मेरो जितको आधार हो ।

● **चतुरबहादुर चन्द**, कांग्रेस उम्मेदवार




३० वर्षसम्म विभिन्न संस्थामा काम गरेको अनुभव छ । एकचोटि बैतडीका जनताले अनुमोदन गरे भने उत्साहित भएर काम गर्नेछु । पार्टीभित्र चुनौती छैन, बाहिर पनि खासै छैन, सबैलाई मिलाएर अगाडि बढेको छु ।

● **परमानन्द भट्ट**, नेकपा उम्मेदवार



उम्मेदवार हाम्रो समाजले राजनीतिक अधिकार प्राप्ति गर्‍यो, मानिसहरूको जीवनमा परिवर्तन आएन । यसैमा टेकेर काम अघि बढाउँछु ।

● **हरिमोहन भण्डारी**, रास्वपा



म राज्यको कुनै सुविधा लिन्नँ । जिल्लामा भ्रष्ट नेताहरू छन्, म भ्रष्टाचारमुक्त जिल्ला बनाउँछु । यही एजेन्डाले म चुनाव जित्छु ।

# कसरी छान्ने नयाँ र पुराना दल ?

## नेपाली समाजको परिप्रेक्ष्यमा नयाँ र पुराना दलमध्ये दुवैको आवश्यकता र औचित्य छ, तर निश्चित सर्तसहित



● वीणा झा

अग्रलेख

आजको नेपाली समाजमा सामान किन्न दुइटा फरक अभ्यास प्रचलनमा छन्। एउटा- मोबाइल खोलेर अनलाइनमार्फत अर्डर गर्ने, छिटो, सहज र घरसम्मै सामान आइपुग्छ। अर्को- नजिकैको पसलमा पुगेर भलाकुसारी गर्दै, सन्चो-बिसन्चो सोध्दै, कहिलेकाहीँ उधारोमा पनि सामान लिएर फर्किने, जहाँ अपनत्व, चिनजान र विश्वास झल्किन्छ। यी दुवै स्वरूपको सुविधामा ठाउँ र परिवेशअनुसार विविधता रहेको हुन्छ, तथापि दुवै अनुभवको आआफ्नै विशेषता र सीमितता छन्। यसलाई यदि वर्तमान नेपाली राजनीतिसँग जोडेर तुलना गर्ने हो भने अनलाइन अर्डरजस्तै नयाँ राजनीतिक दल र पसलको भलाकुसारीजस्तै पुराना राजनीतिक दलसँगको सम्बन्ध रहेको देखिन्छ।

अनलाइनमार्फत सामान मगाउँदा हामीलाई धेरै कुरा सोचिरहनुपर्दैन। एउटा बटन थिच्नासाथ सामान घरको ढोकामै आइपुग्छ। यसले सुविधा, गति र आधुनिकताको अनुभूति गराउँछ। नेपाली राजनीतिमा नयाँ राजनीतिक दल पनि यस्तै देखिन्छन्। उनीहरू छिटो परिवर्तनको कुरा गर्छन्, प्रविधि, पारदर्शिता, कार्यसम्पादन र परिणाममुखी शासनको वाचा गर्छन्। पुराना झन्झट, पुराना अनुहार र पुराना शैलीबाट दिक्क भएको समाजलाई नयाँ दलको प्रस्तुति आकर्षक लाग्नु स्वाभाविक हो। 'काम गर्छु, देखाएर गर्छु' भन्ने भाष्य अनलाइन डेलिभरीजस्तै सीधा, सरल र आकर्षक लाग्छ।

तर, अनलाइन अर्डरमा मानव सम्बन्धको अनुभूतिको अभाव हुन्छ। डेलिभरी ल्याइदिने व्यक्तिले हामीलाई व्यक्तिगत रूपले चिन्दैन र चिन्न पनि चाहँदैन। हामी बिरामी पर्‍यौँ कि कतै गयौँ कि, धेरै दिन भयो, पसलमा किन नआएको भनेर सोध्दैन। सम्बन्ध लेनदेनमा मात्रै सीमित हुन्छ। नेपालको राजनीतिमा नयाँ दलप्रति पनि समाजको केही शंका यही हो- के यी दलले दीर्घकालीन सामाजिक सम्बन्ध, स्थानीय सन्दर्भ र नागरिकको मनोविज्ञान बुझेर तदनुरूप विकास निर्माणको ढाँचा बनाउलान् ? कि कुनै आयातित फर्मुला अपनाउँदै केवल नीतिगत र प्राविधिक समाधानको संख्यामा मात्रै सीमित बस्लान् ? पुराना पुस्तासँग रहेको सीप, अनुभव र दृष्टिकोणलाई मुलुक निर्माणमा के-कति समेट्न सक्लान् ? राष्ट्रियस्तरको विषयगत विज्ञता समेट्दै निष्पक्ष र निर्भीक बौद्धिक 'थिंक ट्यांक' बनाई त्यसका विश्लेषणलाई सही स्वरूपमा राष्ट्र निर्माणमा उपयोग गर्न सक्लान् ?

त्यसैगरी, पुराना राजनीतिक दलतर्फ हेर्दा नजिकैको पसलमा केही दिन जान नसक्दा पसलेले 'के भयो, सन्चो त छ ?' भनेर सोध्छ। कहिलेकाहीँ पैसा नभए पनि उधारो दिन्छ। दुःखसुखमा भावनात्मक रूपमा अपनत्वको अनुभूति गराउँछ। पुराना राजनीतिक दल पनि नेपाली समाजमा यस्तैगरी बसेका छन्। उनीहरूको जरा गाउँटोलसम्मै गाडिएको छ। कार्यकर्ता, नेता र जनताबिच व्यक्तिगत चिनजान छ। संकटको वेला उनीहरू देखिन्छन्, आन्दोलन, परिवर्तन र इतिहाससँग जोडिएका छन्।

तर, यही अपनत्व कहिलेकाहीँ कमजोरी पनि बन्छ। पसलेले धेरै चिनजानको फाइदा उठाएर पुरानो, महँगो वा कम गुणस्तरको सामान थमाइदिन सक्छ। हामीले विरोध गर्न पनि गाह्रो मान्छौँ। पुराना राजनीतिक दलमा पनि यही समस्या देखिन्छ- अपनत्वको नाममा परिवारवाद, अवसरवाद, गुटबन्दी, भ्रष्टाचार र अकर्मण्यता देख्दादेख्दै पनि विरोध गर्न गाह्रो हुन्छ। हाम्रो सम्बन्ध त बाबुबाजे पुस्तादेखिको छ, हामीले त यति वर्ष साथ दिएको हो भन्ने भावनाले नागरिकले बारम्बार सम्झौता गर्नुपर्ने अवस्था हुन्छ।

यी उदाहरण केवल व्यवसायका कथा मात्रै होइनन्, समाज र राजनीतिका लागि पनि सन्देश हुन्। पुराना संरचना, विचार र अनुभवको सम्मान गर्दै नयाँ सोच, सीप र प्रस्तुतिलाई एकसाथ जोड्न सकियो भने राजनीतिक संस्कारमा परिवर्तन सम्भव हुन्छ। न त पुरानोलाई अन्धाधुन्ध बोकेर हिँड्नु ठिक हो, न त नयाँको नाममा सबै विगत अस्वीकार गर्नु नै सही हो। अर्थात्, नेपाली समाजको स्पन्दन बुझ्ने, नेपालवादले नेपाललाई डोऱ्याउने र विश्व राजनीतिमा बलियो उपस्थिति जनाउन सक्ने कूटनीतिक विज्ञतासहितको विशेषता र क्षमता भएको राजनीतिक दल तथा तिनलाई सचेत गराउन सक्ने विज्ञको खाँचो छ।

त्यसैले प्रश्न उठ्छ- कसलाई राम्रो भन्ने ? नयाँ दल कि पुराना दल ? यसको उत्तर एकोहोरो दिन सकिँदैन। नेपाली समाजको परिप्रेक्ष्यमा दुवैको आवश्यकता छ, तर सर्तसहित। नयाँ राजनीतिक दलले अनलाइनजस्तै सुविधा, गति र पारदर्शिता दिनुपर्छ, तर डेलिभरी मात्र होइन, समाजसँगको विश्वास र अपनत्वको सम्बन्ध पनि बनाउँदै लग्नुपर्ने हुन्छ। स्थानीय समाजसँग जोडिनुपर्छ, दुःखसुख बुझ्दै अवसरको सिर्जना गर्ने हुनुपर्छ।




त्यसैगरी, पुराना राजनीतिक दलले नजिकका पसलजस्तै अपनत्व जोगाइराख्नुपर्छ, तर पुरानो, बिग्रिएको सामान बेच्ने बानी छोड्नुपर्छ। समयअनुसार सुधार, जवाफदेहिता र परिणाम देखाउन गुटबन्दी, परिवारवाद, चाकरीवाद, भजनमण्डलीको घेराबाट बाहिर निस्किनुपर्छ। आलोचना सुन्ने मात्रै होइन, त्यसलाई कार्यान्वयन पनि गर्न सक्नुपर्छ। राष्ट्रिय सचेतकका रूपमा विज्ञ समूहको निर्माण र संरक्षण गर्दै राष्ट्रहितमा तिनको विज्ञताको उपयोग गर्न सक्नुपर्छ।

अहिलेको चुनाबी माहोलमा हेर्दा समाजले अब 'को चिनजानको हो ?' भन्दा पनि 'कसले गुणस्तरीय सेवा दिन्छ ?' भन्ने प्रश्न गर्न थालेको छ। नेपाली समाज पूर्ण रूपमा निर्जीव प्रणाली होइन, यहाँ सम्बन्ध र भावना महत्त्वपूर्ण छन्। त्यसैले भविष्यको राजनीति भनेको अनलाइन डेलिभरीको सुविधा र पसलको भलाकुसारीको अपनत्व, यी दुवैको सन्तुलन हो। यही सन्तुलन बनाउन सक्ने राजनीतिक शक्तिप्रति समाजको विश्वास निर्माण हुन्छ। बुझ्नुपर्ने कुरा के पनि हो भने नेपाली समाज विभिन्न पुस्ता सँगसँगै बसेको समाज हो, यहाँ सफलता कुनै एक पुस्ता वा एक शैलीको परिणाम होइन।

> पुराना संरचना, विचार र अनुभवको सम्मान गर्दै नयाँ सोच, सिप र प्रस्तुतिलाई एकसाथ जोड्न सकियो भने राजनीतिक संस्कारमा परिवर्तन सम्भव हुन्छ। न त पुरानोलाई अन्धाधुन्ध बोकेर हिँड्नु ठिक हो, न त नयाँको नाममा सबै विगत अस्वीकार गर्नु नै सही हो।

कुनै पनि कुरा किन प्रभावकारी बन्छ भन्ने बुझ्न हामी ठुला सिद्धान्त वा जटिल अध्ययनतिर गएर मात्र हुँदैन। कहिलेकाहीँ हाम्रा वरिपरि नै यस्ता थुप्रै उदाहरण हुन्छन्, जसले समय र समाजको मनोविज्ञान स्पष्ट देखाइदिन्छ। 'बाजेको सेकुवा' र चोक-चोकमा खुलेका आधुनिक चिया पसल यस्तै उदाहरण हुन्। यी दुवै नयाँ होइनन्, तर प्रभावकारी बनेका छन्। यसको मूल कारण पुरानो आधारशिला र नयाँ पुस्ताको ज्ञान, सिप, प्रस्तुतिकला र सोचको सन्तुलन हो। यही सन्तुलन नै आज नेपालको राजनीतिक दलहरूले आत्मसात् गर्नुपर्ने हो र नेतृत्वका लागि सबैभन्दा ठुलो पाठ पनि यही हो।

चिया नेपाली समाजमा नौलो वस्तु होइन। दशकौँअघिदेखि गाउँ-सहरमा चिया पिइँदै आएको छ। तर, पछिल्ला वर्षमा चोक-चोकमा खुलेका चिया पसलप्रति यति छिटो लोकप्रियता बढ्नुमा त्यहाँ सबै लिंग र उमेर समूहका व्यक्ति जान पाउनु, खुला संवाद र प्रश्न गर्न पाउनु, चियाका विविध स्वादसँगै आवश्यक प्रविधिको उपलब्धताले बसाइमा सहजता थपिनु पनि हो। त्यसका साथै युवा पुस्ताको उत्साह र प्रभावकारी शैली पनि यसमा जोडिएको छ।

वास्तवमा भन्ने हो भने कुनै पनि क्षेत्रमा नयाँ पुस्ताको प्रवेशले ठुलो भूमिका खेल्छ। यो कुरा राजनीतिमा पनि लागू हुन्छ। पुरानो ज्ञानलाई जोगाउँदै नयाँ पुस्ताले खुला संवादसहितको स्वस्थ र सफा राजनीतिक वातावरण निर्माण गर्न सक्ने हो भने नेपालमै अथाह सम्भावना छ। यसले राजनीतिक संस्कार पनि फेरिन्छ र राजनीति पेसा होइन, सेवा हो भन्ने भाष्य पनि स्थापित हुन्छ। जब समाजको स्पन्दन र आवश्यकताकेन्द्रित कार्यक्रम र नीतिनियम बन्न थाल्छन्, त्यसको परिणाम दर्साउने उदाहरण समाजमा देखिन थाल्छन्, तब आशाका झिल्का बल्न समय लाग्दैन। अनि, बहुसंख्यक भुइँमान्छेकेन्द्रित आयआर्जनका विविध आकर्षक कार्यक्रमले आशाको सञ्चार तीव्र गतिमा हुन थाल्छ।

राजनीतिक सफलताका लागि अर्को महत्त्वपूर्ण पक्ष भनेको समाजको पिँधमा रहेका भुइँमान्छेका मनोविज्ञान बुझ्नु पनि हो। कुन समाजको चेतनाको तह कहाँ पुगेको छ ? बदलिँदो सामाजिक, पारिवारिक सम्बन्धको संरचनाले उब्जाएका आवश्यकता के-के हुन् ? कस्तो वातावरणले युवामा कस्तो मनोविज्ञान निर्माण गरिदिन्छ, तिनलाई कस्तो अवसरको आवश्यकता छ ? नागरिकलाई 'हामीलाई बुझिन्छ', 'हाम्रा आवश्यकताअनुरूप कार्यहरू गरिन्छन्', विधिको शासन छ भन्ने अनुभूति गराउन सके मात्रै राष्ट्रप्रतिको प्रेम जगाउन सकिन्छ र यो नै दीर्घकालीन राजनीतिक सफलता पनि हो।

जसरी हाम्रो शरीरमा रोग प्रतिरोधात्मक शक्ति कमजोर हुँदा अनेकौँ रोगले सहजै सताउन थाल्छ, त्यसैगरी जब मुलुक कमजोर हुन्छ, तब अनेक किसिमका हस्तक्षेप भइ नै रहन्छन्। तर, भुल्नै नहुने कुरा भनेको नेपाल बनाउने नेपाली आफैँले हो। त्यसैले बदला र वैमनस्य लिएर एक-आपसमा लड्दै मुलुकलाई झन्झन् कमजोर बनाउने कि मुलुक निर्माणको सवालमा एक ढिक्का भई सहकार्य गरी इतिहास रच्ने ? एउटा त के प्रस्ट छ भने चुनावमा जो जिते पनि विगतका गलत अभ्यासको निरन्तरता र मुलुकलाई संकटमा पारिने कुनै पनि बाह्य वा आन्तरिक कार्य, सर्त वा सम्झौता अब समाजले स्विकार्दैन। त्यसैले, यस चुनावमा मुलुकलाई मुटुमा राख्ने दीर्घगामी सोच बोक्नेले मात्रै जितून् भन्ने शुभकामना !

*(झा समाजशास्त्री हुन्)*

---

## ३ प्रश्न

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्राडा **तीर्थ खनियाँलाई**



**त्रिविले पाएको १५०१औँ वरीयतालाई कसरी हेर्नुभएको छ ?**

पहिलोपल्ट सन् २०१८-१९ मा म भिसी हुँदा त्रिवि पहिलोपटक ग्लोबल र्‍यांकिङमा आएको हो। त्यतिवेला यो ८०० देखि १००० स्थानभित्रै परेको थियो। जसले गर्दा त्रिविले अन्तर्राष्ट्रियस्तरको विश्वविद्यालयको 'रिकग्निसन' पाएको थियो। त्यसपछिका वर्षमा यो र्‍यांकिङ खस्किँदै गयो। त्यसमा खासै चासो पनि दिइएन। तर, वर्तमान पदाधिकारीले यस विषयमा चासो दिनुभएको छ। यसलाई सकारात्मक रूपमा लिनुपर्छ। उहाँहरू दत्तचित्त भएर लाग्नुभयो भने यसमा सुधार ल्याउन सकिन्छ। ग्लोबल र्‍यांकिङमा १००० भित्र परे मात्र र्‍यांकिङमा मान्यता पाउने हो। यसले गर्दा अहिले त्रिवि ग्लोबल र्‍यांकिङमा परेन। तर, यसको चिकित्सा तथा स्वास्थ्य शिक्षा भने ६०१औँ स्थानमा परेको छ। यसले त्रिविका केही विषयले मात्र अन्तर्राष्ट्रिय मान्यता पाएको देखिन्छ।

**यो वरीयतामा सुधार ल्याउन थप के गर्नुपर्छ ?**

त्रिविलाई ग्लोबल र्‍यांकिङमा माथि लान हामीले अन्तर्राष्ट्रिय विद्यार्थी र प्राध्यापकलाई पनि आकर्षित गर्न सक्नुपर्छ। अन्य देशमा बाहिरका विद्यार्थी स्थानीयभन्दा बढी हुन्छन्। तर, हामीकहाँ शून्यबराबर छ। र्‍यांकिङमा सुधार ल्याउन त्रिविले यहाँका उद्योगधन्दा, व्यापारलगायत क्षेत्रमा रिसर्च गरेर आफ्ना विद्यार्थीलाई उत्पादकत्व र रोजगारीसित जोड्न सक्नुपर्छ। त्रिविका सबै इन्स्टिच्युटहरूले अन्तर्राष्ट्रियस्तरका रिसर्च गरेर जर्नलहरू प्रकाशित गर्नुपर्छ।

**वरीयता सुधिँदा या खस्किँदा यसले हामीलाई के फरक पार्छ ?**

यसले धेरै फरक पार्छ। ग्लोबल र्‍यांकिङमा नपर्दा यहाँ मास्टर्स गरेर पिएचडीका लागि जाँदा उनीहरूले त्यहाँ पुनः मास्टर्स गर्न लगाउँछन्। ग्लोबल र्‍यांकिङमा परेको अवस्थामा हामी अन्तर्राष्ट्रिय हुन्छौँ र हाम्रो डिग्री संसारभर स्वीकार्य हुन्छ। अन्तर्राष्ट्रिय विद्यार्थी पनि आकर्षित हुन्छन्। हाम्रो विश्वविद्यालयका उत्पादन संसारभर बिक्छन्।

---

प्रेरक प्रसंग

## 'म' गएपछि तिमी स्वर्ग जान्छौ

एक प्रसिद्ध गुरुका निकै ज्ञानी शिष्य थिए। उनको नाम महेन्द्रनाथ थियो। एक साँझ महेन्द्रनाथ आफ्ना अन्य मित्रका साथ आश्रमकै बगैँचामा टहलिँदै आपसी वार्तालापमा मग्न थिए। उनीहरूबिच स्वर्ग र नर्कको चर्चा चलिरहेको थियो।




कुराकानीका क्रममा महेन्द्रनाथका एक मित्रले प्रश्न गरे- महेन्द्र के म स्वर्ग जान्छु होला ? महेन्द्रले शान्तभावले जवाफ दिए- मित्र, 'म' गएपछि तिमी अवश्यै स्वर्ग जानेछौ। महेन्द्रको जवाफ सुनेपछि उनका मित्रलाई लाग्यो, महेन्द्र गुरुको विशेष माया पाएर साह्रै अभिमानी भएछन्। उनमा घमन्ड भरिएछ। पछि आश्रममा भेट हुँदा उनीहरूले महेन्द्रको अभिमानबारे गुरुसित एकस्वरले गुनासो गरे। गुरुलाई आफ्ना प्रिय शिष्य महेन्द्रनाथ निरहंकारी मात्र होइन, आफ्ना अल्प शब्दमा गम्भीर ज्ञानगुनका कुरा घुसाएर बोल्न निपुण छन् भन्ने थाहा थियो। उनले अन्य शिष्यकै अगाडि महेन्द्रनाथलाई बोलाएर यसबारे सोधे। महेन्द्रले आफूले साथीहरूसित त्यस्तो कुरा गरेको स्विकारे। त्यसपछि गुरुले सोधे- भन त महेन्द्र, के तिमी स्वर्ग जान्छौ ? महेन्द्रनाथले जवाफ दिए- गुरुदेव जब 'म' जान्छ तब मात्र म स्वर्ग जान्छु।

गुरुले आफ्ना शिष्यलाई सम्झाउँदै भने- के तिमीहरूले महेन्द्रको भनाइको तात्पर्य बुझ्यौ ? यिनी भन्दै छन्- जब कुनै व्यक्तिमा 'म' अर्थात् अहंकार मेटिएर जान्छ, तब मात्र ऊ स्वर्ग जानयोग्य हुन्छ। जबजब कसैमा मैले यो गरेँ, मैले यति पुण्य कमाएँ, यो सब मैले नै गरेको हुँ भन्ने भाव रहिरहन्छ, उसले स्वर्गबारे सोच्नु पनि गलत हो। किनकि, अहंकारका लागि स्वर्गमा प्रवेश निषेध छ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## मतको सम्मान होस्


चुनावमा एक महिनामै विदेशबाट फर्किए १ लाख ५६ हजार नेपाली

यतिखेर देशबाहिर रहेका लाखौँ नेपाली यही २१ फागुनमा सम्पन्न हुने निर्वाचनमा मत दिनकै लागि भनेर घर फर्किरहेका छन्। उनीहरू लाखौँ रुपैयाँ खर्च गरेर केवल मत दिनकै लागि भनेर यसरी फर्किरहेका छन्। तर, विगतमा दल र तिनका नेताले यसरी मत दिन घर फर्किने नागरिकको मतको सम्मान गरेको देखिएन। तर, अबका दिनमा यसरी अनेक हन्डर खेपेर मत दिनकै लागि स्वदेश फर्किने तथा स्वदेशमै बसेर मत दिने नेपालीको मतको सम्मान गरियोस्। कम्तीमा देशमा भ्रष्टाचार अन्त्य होस्, सुशासन कायम होस्। स्वदेशमै रोजगारी पाइयोस्। कृषि क्षेत्रको विकास होस् र कृषिमा युवा आकर्षण बढोस्।

● **मृदुला अम्गाईं**, त्रिपुरेश्वर, काठमाडौं

## नेपाली कहिले सचेत हुने ?

स्वदेशमा रहँदा सर्वज्ञजस्ता नेपाली युवाले नेपाली सीमापार गर्न पाउने भएपछि आफ्नो विवेक गुमाउँछन् कि जस्तो लाग्न थालेको छ। हजारौँ नेपाली ठगीको सिकार भएर कम्बोडिया, म्यान्मारलगायत देशमा बन्धक बनिरहेका समाचार बग्रेल्ती भेटिन्छन्। तिनले त्यहाँ नारकीय जीवन भोगिरहेको पनि समाचारमै बताइएको हुन्छ। तैपनि, नेपाली युवा कसैलाई थाहै नदिई सुटुक्क त्यही नर्कमा भासिन किन दौडिन्छन्। हामी नेपाली सचेत हुने कहिले हो ?

● **समृद्धि पन्त**
आरुबारी, काठमाडौं

## अधिकारीले ठिक लेखे

'२१ फागुनको निर्वाचन र किसानको मत' शीर्षकको समाचार पढेपछि लेख उद्धव अधिकारीले ठिक लेखेछन् जस्तो लाग्यो। यतिखेर हाम्रो देशको कृषि क्षेत्र पूरापूर थलिएको छ। गाउँघरका उर्वर कृषियोग्य भूभाग पूरै बाँझिएका छन्। यस्तो अवस्थामा आइरहेको निर्वाचनमा जसले कृषि क्षेत्रलाई चलायमान बनाउन सक्छ, जसले कृषिक्षेत्रलाई बिउबिजन, मलखाद र प्रविधिसित जोडेर युवालाई स्वदेशकै कृषिक्षेत्रमा आकर्षित गर्न सक्छ, उसैलाई मत दिँदा फरक पर्दैन।

● **अनमोल तुलाचन**
टाँडी, चितवन

## निर्वाचन शान्तिपूर्ण होस्

सुरक्षा निकायको एकल प्रयासले मात्र निर्वाचन भयरहित अवस्थामा शान्तिपूर्ण रूपमा सम्पन्न हुन कठिन छ। त्यसकारण हरेक दलले इमानदारीसाथ मतदाताले निर्भीक भएर मतदान गर्न पाउने वातावरण सिर्जना गर्नुपर्छ। मलाई भोट हाल्नेजति मेरा जनता र मलाई भोट नहाल्नेजति जनता नै होइनन् भन्ने गलत सोच नेताले त्याग्नुपर्छ। जसले जे भने पनि निर्वाचन देशका लागि अपरिहार्य छ। लोकतन्त्र बचाउनकै लागि पनि निर्वाचन चाहिएको छ, त्यसकारण सबै मिलेर यसलाई भयरहित वातावरणमा सम्पन्न गर्नुपर्छ।

यो निर्वाचनबाट नेताहरूले होइन, देशले जित्नुपर्छ। युवाको चाहना सबैले मनन गर्नुपर्छ। देशमा विगत ३५ वर्षदेखि दलहरूले सरकार बनाउँदै आएका छन्। अहिलेसम्म खास जनताको सरकार बन्न सकेको छैन। अब बन्ने सरकारचाहिँ खास जनताको सरकार बन्न सकोस्, आमनागरिकको चाहना यही छ। जेन-जीले ल्याएको परिवर्तनपछि बनेको सरकारले पनि खासै जेन-जीको भावना समेट्न सकेन। तसर्थ, अबको निर्वाचनपछि बन्ने सरकारले जेन-जीको भावना समेट्न सकोस्, यही कामना छ। हिजो जनता खुल्न सकेका थिएनन्, आज जनता नेतासँग खुलेर प्रश्न सोध्न सक्ने भएका छन्। अब पनि नेताले होस गुमाए भने जनताले मान्नेवाला छैनन्। दलका नेताले सोच्ने वेला आएको छ, जनताले मलाई किन रुचाएनन् ? सबैले अर्कालाई गाली गरेर होइन, आफूले राम्रो काम गरेर जनताको मन जित्न सक्नुपर्छ। त्यसैले, सबै मिलेर शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गरौँ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# ब्रह्माण्डको ठुलो तारा हुँदै छ विस्फोट

## एकपटक तारा 'हाइपरजायन्ट' बनेपछि 'सुपरनोभा'को ज्वलन्त विस्फोटमा यसको द्रुत मृत्यु निश्चित छ



देश / विदेश

● सारा वेब

ब्रह्माण्डको सबैभन्दा ठुलो ज्ञात तारामध्ये एउटा तारा विस्फोटको सँघारमा रहेको एक नयाँ अनुसन्धानले देखाएको छ। सो तारा सन् २०१४ मा नाटकीय रूपान्तरणबाट गुज्रिएको वैज्ञानिकले बताउँदै आएका थिए। एथेन्सको राष्ट्रिय प्रयोगशालामा गोन्जालो मुनोज-सान्चेजको नेतृत्वमा गरिएको एक अध्ययनले विशाल तारा 'डब्लुओएच' 'जी ६४' रातो 'सुपरजायन्ट'बाट दुर्लभ पहेँलो 'हाइपरजायन्ट'मा परिवर्तन भएको तर्क गर्दै पहेँलो अवस्थामा संक्रमण हुनु विस्फोटको अवस्थामा पुगेको प्रमाण हुन सक्ने बताइएको छ। सो विशाल ताराले आफ्ना बाहिरी तह गुमाइरहेको, तातो हुँदै जाँदा संकुचित हुँदै गएको र आफ्नो छोटो जीवनको अन्त्यतिर सर्दै गरेको प्रमाणले सुझाव दिएको वैज्ञानिकको भनाइ छ।

**विशेष तारा**

डब्लुओएच जी ६४ पहिलोपटक सन् १९७० को दशकमा पुड्को आकाशगंगा 'लार्ज म्यागेलानिक क्लाउड'मा रहेको एउटा ताराका रूपमा पत्ता लागेको थियो। यो तारा अत्यन्तै चम्किलो मात्र थिएन, बरु अहिलेसम्म पत्ता लागेका सबैभन्दा ठुलामध्ये एक थियो। यो तारा सूर्यको 'रेडियस'भन्दा १५ सय गुणा बढी ठुलो थियो।

२०२४ मा डब्लुओएच जी ६४ हाम्रो आकाशगंगाभन्दा बाहिरको पहिलो तारा थियो, जुन धेरै ठुलो टेलिस्कोप इन्टरफेरोमिटरको सहयोगमा त्यसको विस्तृत फोटो खिचिएको थियो। तस्बिरले केन्द्रीय विशाल ताराको वरपर प्रस्टसँग देखिने धुलोले भरिएको खोलजस्तो संरचना देखाएको थियो, जसले पुष्टि गऱ्यो कि उमेर बढ्दै जाँदा यसले आफ्नो पिण्ड गुमाउँदै छ।

**अत्यधिक विशालदेखि निकै चम्किलोसम्म**

डब्लुओएच जी ६४ ब्रह्माण्डको एक युवा तारा हो, जसको अनुमानित उमेर ५० लाख वर्षभन्दा कम छ। हाम्रो सूर्य (हाल लगभग ४.६ अर्ब वर्ष पुरानो) भन्दा फरक डब्लुओएच जी ६४ छिटो बाँच्ने र जवानीमै मर्ने नियतको छ। यो बृहत् रूपमा ग्यास र धुलोको विशाल बादलबाट बनेको छ। हाम्रो सूर्यजस्तै यो ताराले पनि न्युक्लियस फ्युजनद्वारा आफ्नो केन्द्रमा हाइड्रोजन जलाएको थियो।

पछि यसमा रहेको हेलियम जलेर सुपरजायन्टबाट हाइपरजायन्ट (असाधारण रूपमा दुर्लभ, विशाल ताराहरू, जसको चमक अथाह छ र द्रव्यमान घट्ने दर उच्च छ) बनेको थियो। सबै सुपरजायन्टहरू हाइपरजायन्ट बन्दैनन्। धेरै ठुला ताराहरू छिटो जल्दा र हाइड्रोजनदेखि हेलियम जल्दा हाइपरजायन्ट बन्छन् भन्ने वैज्ञानिकको सिद्धान्त छ।

यस संक्रमणका क्रममा यी ताराहरूले आफ्ना बाहिरी तह छाड्न थाल्छन् भने तिनको केन्द्र (कोरहरू) भित्रतिर खुम्चिन थाल्छन्। एकपटक तारा हाइपरजायन्ट बनेपछि सुपरनोभा (एउटा तारा जुन अचानक विनाशकारी विस्फोटकका कारण धेरै चमक बढ्छ) को ज्वलन्त विस्फोटमा यसको द्रुत मृत्यु हुने निश्चित हुन्छ।



> लगभग ४.६ अर्ब वर्ष पुरानो हाम्रो सूर्यभन्दा फरक अनुमानित उमेर ५० लाख वर्षभन्दा कम मानिएको डब्लुओएच जी ६४ छिटो बाँच्ने र जवानीमै मर्ने नियतको छ

**डब्लुओएच जी ६४ मा देखिएको यो परिवर्तनको कारण के हो ?**

त्यसो भए २०१४ मा डब्लुओएच जी ६४ मा के भयो ? नयाँ अध्ययनले प्रस्ताव गरेको छ कि मूल सुपरजायन्टको सतहको ठुलो भाग ताराबाट बाहिर निस्किएको थियो। यो अर्को तारासँगको घर्षणका कारण यस्तो भएको हुन सक्छ, जुन लेखकले डब्लुओएच जी ६४ बाट प्रकाशको परिदृश्य हेरेर पुष्टि गरेका छन्।

अर्को सिद्धान्तअनुसार यो तारा विस्फोट हुन तयार हुँदै छ। हामीलाई थाहा छ कि यति ठुला तारा अनिवार्य रूपमा विस्फोट हुनेछन्, तर यो कहिले हुनेछ भनेर पहिले नै निर्धारण गर्न गाह्रो हुन सक्छ। एउटा सम्भावित परिदृश्य यो हो कि हामीले देखिरहेका संक्रमण सुपरनोभापूर्वको चरणको कारणले भएको हो।

**केवल समयले बताउनेछ विस्फोट**

धेरैजसो तारा करोडौँ वा अर्बौं वर्षसम्म बाँच्छन्। हाम्रो आकाशगंगाबाहिरको ताराको त कुरै नगरौँ, हामीले तारामा यति धेरै रूपान्तरण देख्ने र दस्तावेजीकरण गर्न सक्ने कुरा कहिल्यै निश्चित छैन। यदि हामी भाग्यमानी छौँ भने हामीले हाम्रै जीवनकालमा डब्लुओएच जी ६४ को मृत्यु देख्नेछौँ। जसले आकाशगंगाको अविश्वसनीय तमासा मात्र प्रदान गर्दैन, बरु वैज्ञानिकलाई यो आकर्षक ताराको रहस्य पूरा गर्न मद्दत गर्नेछ। यससम्बन्धी अध्ययन गत सोमबार 'नेचर एस्ट्रोनोमी'मा प्रकाशित छ।

*(वेब स्विनबर्न युनिभर्सिटी अफ टेक्नोलोजीमा सेन्टर फर एस्ट्रोफिजिक्स एन्ड सुपरकम्प्युटिङकी लेक्चरर हुन्)*

*- द कन्भर्सेसनबाट*

# अब कुनै पनि घटनाले निर्वाचन बिथोलिँदैन

## चुनावको मुखमा १० लाख मतदाता थपिएको हाम्रो निर्वाचन इतिहासमै थिएन, भड्किएका युवा निर्वाचनप्रति कति आकर्षित रहेछन् भन्ने यसले देखायो

*सिंगो देश निर्वाचनमा होमिएको छ । जेन-जी आन्दोलनद्वारा सिर्जित परिस्थितिको राजनीतिक निकासका लागि घोषणा भएको आमनिर्वाचन आउन अब केही दिन मात्र बाँकी छ । दल र उम्मेदवार चुनावी प्रतिस्पर्धामा होमिइसकेका छन् । आममतदाता पनि चुनावलाई लिएर उत्साही देखिएका छन् । सरकार र निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनको तयारी अन्तिम अवस्थामा पुगेको बताएका छन् । निर्वाचनको राजनीतिक वातावरण बनाउनेदेखि, मतदानका लागि तारतम्य मिलाउनेसम्मको गतिविधिमा काम गरिरहेको आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसँग चुनावी तयारीमाथि केन्द्रित रहेर नयाँ पत्रिकाका* ***कमलराज भट्ट*** *र* ***सुवास भट्ट****ले गरेको संवाद :*



अन्तर्वार्ता **रामप्रसाद भण्डारी,** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

### निर्वाचन शिक्षाको विषय पाठ्यक्रममै समावेश गर्नुपर्छ

### सरकारबाट असाध्यै राम्रो सहयोग छ

### प्रमुख आयुक्त र एकजना आयुक्त नहुँदैमा असर परेको छैन

**२३ र २४ भदौको जेन-जी आन्दोलनपछि सिर्जित तनावको माहोलबाट देशमा अहिलेको चुनावी माहोलसम्म ल्याउन निर्वाचन आयोगले के-के गर्‍यो ?**

भाद्र २३ र २४ को जेन-जी विद्रोहपछि २७ गते सम्माननीय राष्ट्रपतिज्यूबाट फागुन २१ गते प्रतिनिसभा सदस्यको निर्वाचन गर्ने मिति घोषणा भयो । घोषणालगत्तैदेखि आयोगले निर्वाचनका लागि कार्य आरम्भ गर्‍यो । सुरुमा हामीले कार्यतालिका बनाएर प्रकाशित गर्‍यौँ । त्यतिवेलाको विषम परिस्थिति सबैलाई थाहै छ, सम्हाल्न असाध्यै मुस्किल थियो । तत्कालै दसैं-तिहारजस्ता ठुला चाडबाडले छोप्दा नेपालीजनमा कायम विद्रोही मनस्थिति चाडबाड मनाउने लयमा मोडियो । यही सिलसिलामा निर्वाचन आयोगले निर्वाचन कार्यक्रम र कार्यतालिका पास गरेर काम अघि बढायो ।

यसपछि असोज ३० गते लगभग ३५/४० वटा ठुला राजनीतिक दललाई बोलाएर आयोगले छलफल गर्‍यो । त्यसअघि दलसँग नयाँ बनेको सरकारले पनि छलफल गर्न सकेको थिएन । त्यतिवेला एउटाले अर्कोको अस्तित्व स्विकार्न नचाहने अवस्था थियो । त्यसपछि सम्माननीय राष्ट्रपतिले दलका उच्च नेतालाई बोलाएर छलफल गर्नुभयो । यसपछि मात्रै सरकार र दलबिच छलफल भयो । हामी निर्वाचन कार्यतालिकाअनुसार काम गरिराखेका थियौँ । काम गरिरहँदा बिचमा थुप्रै बाधा अड्चन आए । धेरै कठिनाइ पार गर्दै हामी अहिलेको अवस्थामा आइपुगेका हौँ ।

**निर्वाचन तयारीका हिसाबले आयोग कुन अवस्थामा छ ?**

भर्खरै मलाई एकजना सञ्चारकर्मी साथीले निर्वाचनको कति प्रतिशत काम भयो भनेर सोध्नुभएको थियो । मैले भनेँ, 'अब त ९५ प्रतिशत लेख्नुस् न ! सबै काम सकियो, केही बाँकी नै छैन ।' निर्वाचन व्यवस्थापनको सबै कार्य सम्पन्न गरिसकेपछि र मतपत्रलगायत आवश्यक सामग्री ढुवानी गरेर सम्बन्धित स्थलमा पुर्‍याइसकेपछि अब उही मतदानको प्रक्रिया, मतगणना र परिणाम घोषणाबाहेक के काम बाँकी छ र ! थोरै अड्चन पनि समाधान गरिसकेका छौँ । यसर्थ, लगभग निर्वाचन व्यवस्थापनको तयारी सम्पन्न भइसकेको छ । अब त्यसलाई प्रक्रियामा ढालेर परिणाम घोषणा गर्न मात्र बाँकी हो ।

**अझै पनि चुनाव हुन्छ कि हुँदैन भन्ने संशय जनमानसमा देखिन्छ, यस विषयमा आयोगको भनाइ के छ ?**

निर्वाचनको सन्दर्भमा झिनामसिना घटना हुन्छन् । यो स्वाभाविक हो । तर, सरकार र स्थानीय प्रशासनको सोच र समझदारी असाध्यै राम्रो छ । गौरको घटनामा त्यहाँको स्थानीयस्तरमा समन्वय र समझदारी गर्ने सहमति नै भयो । अब कुनै पनि घटनाले निर्वाचन बिथोलिन्छ भन्ने मलाई लाग्दैन । अन्तर्राष्ट्रियस्तरमा समेत नेपालको छवि उच्च बनाउन हामी लागिपरेका छौँ । त्यसकारण निर्वाचनको विषयमा कुनै पनि संशय राख्नु जाती हुन्न । फेरि यस निर्वाचनको कुनै विकल्प पनि त छैन ।

**दलीय सरकार हुँदा चुनाव गराउनु र अहिले फरक परिवेशमा नागरिक सरकारको पालामा चुनाव गराउँदा कस्तो अन्तर हुँदो रहेछ ?**

दलीय सरकार हुँदा सत्तारुढ दलका केही आग्रह हुन्थे, जुन स्विकार्नुपर्ने अवस्था हुन्थ्यो । मेरो दलको यसलाई त्यसो गर्दे, उसलाई उसो गर्दे भनेर अलिकति दलीय सोचका शब्द आउँथे । निर्वाचन गर्ने प्रयोजनका लागि बनेको यो निर्दलीय सरकारको कुनै पनि विषयमा दबाब आउँदैन ।

बरु के हुन्छ भने निर्वाचन आयोगले यो भएन, यसो भएन भने त निर्वाचनलाई गाह्रो हुन्छ भन्दा सबै काम छाडेर पहिलो प्राथमिकता आयोगलाई भएको छ । त्यसकारण सरकारबाट असाध्यै राम्रो सहयोग छ । कान्छो छोराले बाबाआमासँग झगडा गरेजस्तो खालको सम्बन्ध सरकारसँग आयोगको छ, अर्थात् आयोग पुलपुलिएको सन्तानजस्तो छ अहिले । मागेको र खोजेको कुरामा सरकारबाट पूर्ण सहयोग प्राप्त भएको छ । सरकारलाई अहिले दोष दिने ठाउँ छैन, बरु प्रशंसा नै गर्नुपर्छ ।

**यो पटकको निर्वाचनमा आयोगले के-के फरक अभ्यास अपनाएको छ ?**

फरक अभ्यासको कुरा गर्दा, पहिलो त हामीले बडो मितव्ययी निर्वाचन गराउँदै छौँ । पहिला तपाईं सञ्चारकर्मीले नै निर्वाचनमा यति खर्च भयो, सामान खरिदमा यति भ्रष्टाचार भयो भन्नुहुन्थ्यो । यसपटक हामीले भण्डारणमा रहेका पुरानै कागज र पुराना मतपेटिका टक्टक्याएर रङरोगन गरी चलायौँ ।

खरिदमा हामीले सबै जि-टू-जी गरेका छौँ । यसो गर्दा पैसा सरकारको खाताबाट सरकारकै खातामा गयो । प्रतिस्पर्धा पनि गरायौँ, तर सरकारी संस्थाले नै न्यून प्रस्ताव गरेपछि हामीले सबै जि-टू-जी गर्‍यौँ । पहिला सबै केन्द्रीकृत थियो, सबै सामान केन्द्रबाट खरिद गरेर पठाउनुपर्ने । हामीले अहिले स्थानीयस्तरमा पाइने ३७ प्रकारका सामान स्थानीय बजारमै खरिद गरेर चलाउनुस् है भनेर पैसा तलै पठाइदियौँ । तिनले पनि जि-टू-जी गरिदिए । त्यसैले अहिले मितव्ययी निर्वाचन हुँदै छ । भविष्यमा पनि अहिलेको अभ्यासलाई तोड्न गाह्रो हुन्छ । राज्यको एउटा अंग वा निकायमा बसेर एक चरणको धर्म निभाइदियो भने त्यसले रेखा कोर्छ, लामो समयसम्म थिति बस्छ ।

अर्को, निर्वाचनको मिति घोषणा भइसकेपछि मतदाता नामावली संकलन निषेध हुन्छ । तर, यसपटक एकपटकलाई भनेर हामीले आग्रह गरेर सम्माननीय राष्ट्रपतिज्यूबाट अध्यादेश घोषणा गराएर त्यसलाई सुचारु गरायौँ ।

केही जेन-जी युवाले राष्ट्रिय परिचयपत्रमा दिएको बायोमेट्रिकलाई आधार मानेर मतदाता नामावली संकलन गर्दिनुस् भनेर आग्रह गर्नुभयो । हामीले कानुन हेर्‍यौँ । त्यो बाधा अड्काउ फुकाउनलाई निर्वाचन आयोगले सक्ने रहेछ, अर्को कानुन ल्याउनुपर्ने रहेनछ । यसपछि एकैचोटी हामीले राष्ट्रिय परिचयपत्रमा भएको बायोमेट्रिकलाई मतदाता परिचयपत्रमा जोडदिन सहज गर्ने व्यवस्था गर्‍यौँ । यसबाट झन्डै १० लाखभन्दा बढी नयाँ मतदाता आए । चुनावको मुखमा १० लाख मतदाता थपिएको यस्तो घटना हाम्रो निर्वाचनको इतिहासमा थिएन । निर्वाचनबाट भड्किएका युवा शक्ति निर्वाचनप्रति कति आकर्षित रहेछन् भन्ने यसले देखायो ।

**प्रवासमा रहेका र देशमै मतदानस्थलबाट टाढा कार्यस्थलमा रहेकाहरूले पनि मतदान गर्न पाउने व्यवस्था गर्न विगतदेखि नै उठ्दै आएको माग यो पटक पनि सम्बोधन हुन सकेन नि !**

विश्वमा निर्वाचनसम्बन्धी विश्लेषण गर्ने ठुला अन्तर्राष्ट्रिय संस्था छन् । तिनले पनि सम्बन्धित मुलुकमा भएको निर्वाचन स्वच्छ, निष्पक्ष र भयमुक्त वातावरणमा भएको छ भनिदिनुपर्छ । हामीले राम्रो गरेर मात्र हुँदैन । त्यस्ता अन्तर्राष्ट्रिय संस्थाले के खोज्छन् भने जुन मितिमा निर्वाचन घोषणा हुन्छ, घोषणा भएपछि विधि र प्रविधि परिवर्तन गर्न पाइँदैन । यो अन्तर्राष्ट्रिय मान्यता पनि हो । हामीले अहिले नै अन्तरप्रदेश, अन्तरजिल्ला वा विदेशमा रहेका मतदातालाई मतदान गराएको भए पनि त्यो संविधानबमोजिम प्रश्न खडा हुन्थ्यो । र, बदर हुन पनि सक्थ्यो । परिणाम राम्रो आउने थिएन ।

अहिलेको ऐनले अन्तरप्रदेश, अन्तरजिल्ला, विदेशमा रहेका नागरिकलाई मतदानमा सहभागी गराउने कुरा निषेध गर्छ । फेरि यति छोटो समयमा विधि र प्रविधि परिवर्तन गरेर अब यति सानो जनशक्तिले निर्वाचन गर्न सम्भव थिएन । अर्कोतिर तोकिएको मितिमा निर्वाचन नहुँदा मुलुक नै भड्किन्थ्यो ।

कति संयमित हुनुपर्ने अवस्था छ । एकातिर हामीलाई अन्तर जिल्ला, अन्तर प्रदेश र विदेशमा रहेका मतदाताको मत संकलन गर भन्ने दबाब, अर्कोतिर यो लागू भयो भने निर्वाचनमा भाग लिँदैनौँ भन्ने दलहरूको अड्डी । बाघ, बाख्रो, सिंह, बँदेल, जरायो, खरायोजस्ता विभिन्न प्रकृतिका सोच भएका मान्छेलाई एउटै राउन्ड टेबलमा ल्याएर डिनर खुवाउन त गाह्रो हुन्छ नि !

**खाली आस मात्रै देखाइयो होइन ?**

यो अहिलेको आस होइन । ऐनले नै दिएन त के गर्ने ? ऐन बनाउने काम निर्वाचन आयोगको त होइन ।

**उसो भए विदेशमा रहेका नेपालीले मतदान गर्ने सपना अब कहिल्यै पनि पूरा हुँदैन ?**

अब आउने प्रतिनिधिले सुरुमै यो विषय बुझ्नुहुन्छ । निर्वाचनको माहोल सृष्टि गर्न यो-यो कुरा चाहिन्छ भनेर सुरुदेखि नै लाग्नुहुन्छ । विदेशमा रहेका मतदाताको मत संकलन गर्न कति सम्भव हुन्छ, मुलुकको स्रोतसाधनले कति भ्याउँछ भन्ने कुरा बुझ्नुपर्छ ।

> दलीय सरकार हुँदा सत्तारुढ दलका केही आग्रह हुन्थे, जुन स्विकार्नुपर्ने अवस्था हुन्थ्यो । मेरो दलको यसलाई त्यसो गर्दे, उसलाई उसो गर्दे भनेर अलिकति दलीय सोचका शब्द आउँथे । निर्वाचन गर्ने प्रयोजनका लागि बनेको यो निर्दलीय सरकारको कुनै पनि विषयमा दबाब छैन ।



> हामीले बडो मितव्ययी निर्वाचन गराउँदै छौँ । पहिला तपाईं सञ्चारकर्मीले नै निर्वाचनमा यति खर्च भयो, सामान खरिदमा यति भ्रष्टाचार भयो भन्नुहुन्थ्यो । यसपटक हामीले भण्डारणमा रहेका पुरानै कागज र पुराना मतपेटिका टक्टक्याएर रङरोगन गरी चलायौँ ।

आयोगले अढाई/तीन वर्षअघि नै बढाएको गृहकार्य सम्बोधन भए हामी त गरिहाल्छौँ नि ! यसबारे भएका थुप्रै अध्ययन प्रतिवेदन आयोगमा छन् ।

**चुनावमा सहभागी हुने कुरा अत्यन्त खर्चिलो हुँदै गएको छ । पैसा नहुनेले चुनाव लड्नै नसक्ने अवस्था छ । यो अवस्था कसरी सिर्जना भयो ?**

जनताको मन पो जित्ने हो त । धनले जितेर, प्रभावमा पारेर मत लिने हो र !

**तर, वास्तविकता तपाईंले भनेजस्तो सजिलो छैन नि !**

हो, यसैलाई चिर्नुपर्छ । त्यसलाई परास्त गर्नुपर्छ ।

**चुनावी अभियानमा रहेका दल र उम्मेदवारको निगरानी आयोगले कसरी गरिरहेको छ ?**

हामी निगरानी गर्छौं, गरिरहेका छौँ । मेरो आग्रह छ, कहीँ त्यस्तो दबाब र प्रभावमा पारेर मतदानको प्रक्रियामा मान्छेलाई सामेल गराउन खोजिएको छ भने त्यसमा निर्वाचन आयोग शून्य सहनशील रहन्छ । अझ रकमको लेनदेनलगायत रकमी काम-कारोबारको सन्दर्भमा कुनै सूचना आयो भने तपाईंहरूले पनि भन्दिनुहोला, हामी कठोर निर्णय गरेर उम्मेदवारी खारेजसम्म गर्छौं । यो हामीले सुरुदेखि भनिरहेका छौँ ।

यसपालि दल र उम्मेदवारको खर्चमा कटौती हुन्छ । टिसर्ट, ज्याकेट, झोला, जुत्तामार्फत चुनावी प्रचार गर्ने कार्य सबै निषेधित विषयभित्र पर्छन् । भोजभतेर गर्ने, पैसा बाँड्ने काम गर्दै नगर्नुस् भनेका छौँ । गरे उम्मेद्वारी नै खारेज हुन्छ । खर्च गरेको थाहा पायौँ भने हामी कठोर हुनैपर्छ । निर्वाचन आयोग यस्तो वेलामा कठोर भयो भनेर उम्मेदवारले पनि केही भन्न पाउनुहुन्न । तर, विगतमा भन्दा दल, दलका कार्यकर्ता, प्रतिनिधि, सरोकारवाला, मतदाता र निर्वाचनसँग सरोकार राख्ने सबै पक्षको सोचचाहिँ अहिले परिवर्तन भएको छ ।

**दल र उम्मेदवारको पारदर्शिताका लागि अलग्गै बैंक खाता खोल्ने अभ्यास आयोगले सुरु त गरेको छ, तर खुकुलो गरियो नि !**

४ गते राति १२ बजेबाट आयोगले आचारसंहिता लागू गर्‍यो । खर्च गर्ने भनेको दलहरूले प्रचार गर्न पाउने भएपछि हो । प्रचार अवधि भनेको ४-१८ गते हो । अहिले दल र उम्मेदवारले प्रचार गर्न पाउने अवधि छ । सबैभन्दा बढी खर्च हुने यही वेला हो । आचारसंहिता लागू भएको पूर्वसन्ध्यामा खाता खोलेर खातामार्फत मात्रै रकम सञ्चालन गर्नुस् भनेर आयोगले भनिदिने हो । पहिला ६ महिना अगाडि भनेर त्यसको अर्थ हुँदैन ।

तर, केही यस्ता उम्मेदवार आउनुभएको छ कि उहाँहरू मसँग बैंकमा खाता खोल्ने पैसा नै छैन कसरी खोलौँ भन्नुहुन्छ । यो विषम परिस्थितिमा विषम प्रवृत्तिका उम्मेदवार भएको हुनाले कसलाई चाहिँ निचोर्ने, कसलाई खुला छाड्ने ? त्यसैले आयोगले त सबै उम्मेदवारसँग समन्वय गरेर के गर्दा निर्वाचन सम्पन्न हुन्छ भन्ने हिसाबमा अघि बढ्ने हो नि !

**भनेको लचिलै भएर हेर्छ आयोगले ?**

लचिलोभन्दा धेरै लचिलो होइन । खाता खोल्न पर्दैन भन्ने खालको लचिलो होइन । खाता खोल्नैपर्छ । खाता नखोले कारबाही पनि होला । खर्च खातामार्फत नै गर्नुस्, बैंकिङ च्यानलमार्फत नै गर्नुस् । खल्तीबाट फुत्त झिकेर खर्च नगर्नुस् भनेर आयोगले भनेको छ । खाता खुलिरहेका छन् । सबै बाहिर नआएको होला । हामीले यसलाई कडाइका साथ लगेका छौँ ।

**आचारसंहिता उल्लंघनमा आयोगको कारबाही किन कमजोर देखिन्छ ?**

आचारसंहिता उल्लंघन गर्नेलाई तुरुन्तै कारबाही गरेर बाटैमा गएर ठटाओस् भनेजस्तो गर्दिन्छन् । त्यो पनि होइन । झन् म त कानुनको विद्यार्थी । कसैलाई कुनै अभियोगको प्रस्ताव अथवा सजायको प्रस्ताव गरिन्छ भने उसलाई सुनुवाइको मौका दिनुपर्छ । उसको भनाइ आयोगले सुनेर निर्णय गर्ने हो । प्रतिक्रिया प्राप्त भइरहेका छन् । स्पष्टीकरण सोधिएकाहरूको भनाइ सुनिएको छ । २०/४० वटा फाइल निर्णय गर्ने निचोडमा पुगिसकेको छ । तर, हाम्रो कार्यव्यस्तताले भ्याइरहेका छैनौँ । एक-दुई दिनभित्र निर्णय गरेर सार्वजनिक गर्छौं ।

**निर्वाचनको तयारीबिच आयोगले देशको पुरानो दल कांग्रेसको विवाद निरुपण गर्‍यो । आयोगलाई धम्की दिइएकोसम्मका विषय सुनिए, यसमा कस्ता चुनौती झेल्नुपर्‍यो ?**

धम्की त के आयो मलाई थाहा भएन । एउटा 'इस्यु' आयो, आयोगले निर्णय गर्‍यो, सिद्धियो । चुनौती मानियो भने सामान्य कुरामा पनि चुनौती हुन्छ । प्रणालीमा राखेर निर्णय गरियो भने कुनै पनि विषयमा चुनौती भन्ने नै हुँदैन । भन्न त के-के भन्छन् नि ! भनेका सबै कुरा सुनेर साध्य हुँदैन । हामीले पहिला संविधान हेर्छौं, ऐन, कानुन हेरेर के गर्नुहुन्छ, के हुँदैन बुझेर आवश्यक निर्णय गर्छौं ।

> अहिलेको ऐनले अन्तरप्रदेश, अन्तरजिल्ला, विदेशमा रहेका नागरिकलाई मतदानमा सहभागी गराउने कुरा निषेध गर्छ । फेरि यति छोटो समयमा विधि र प्रविधि परिवर्तन गरेर अब यति सानो जनशक्तिले निर्वाचन गर्न सम्भव थिएन ।

**अहिले मौसमी चुनौतीको विषय पनि आइरहेको छ । खासगरी, हिमाली क्षेत्रमा हिमपातको सम्भावनाबिच मतदानको व्यवस्थापनको तयारी कसरी भइरहेको छ ?**

मौसमको सन्दर्भमा थुप्रै ठाउँबाट प्रश्न उठेकाले हामीले जल तथा मौसम विज्ञान विभागलाई सोध्यौँ । फागुन २१ को मौसमका विषयमा आयोगमै विभागसँग लामै छलफल भयो । ठ्याक्कै विश्लेषणचाहिँ १५/१६ गते दिन्छौँ भन्नुभएको छ । अहिलेसम्मको विश्लेषणमा निर्वाचन हुने साताभरि नेपालमा मौसम सफा रहने कुरा विभागले भनेको छ । एक थोपा पानी पर्दैन, हिउँ त परै जाओस् ।

रुसजस्ता मुलुकमा बाक्लो हिउँ पर्दाको अवस्थामा निर्वाचन भएका छन्, त्यो हामीले हेरेर पनि आएका छौँ । परेपछि मान्छेले गर्छ । उच्च हिमाली क्षेत्रमा हिउँदमा तल झरेकालाई निर्वाचनमा सहभागी गराउने उपाय पनि छन् । त्यस भेगका मानिस 'ब्लक'मै तल आएर बस्छन् । यदि त्यस्तो ब्लकमा बसेको अवस्था छ, भने मतदाता जहाँ बस्छन्, त्यहीँ मतदान केन्द्र कायम गरेर त्यहीँबाट हामी निर्वाचन गराउँछौँ ।

**हिमाली क्षेत्रमा मौसमले साथ नदिएको अवस्थामा विकल्पचाहिँ आयोगले के सोचेको छ ?**

साथ दिएन भने त्यही वेला विकल्प सोचौँला । अहिलेसम्मको अवस्थामा साथ दिने देखिएको छ ।

**आयोगका लागि काम गर्न कानुन अपर्याप्त, अस्पष्ट र कतिपय असामयिक देखिन्छ । सामाजिक सञ्जाल, 'हेट स्पिच (घृणाजन्य अभिव्यक्ति)'देखि 'एआई' दुरुपयोगसम्मका विषय सम्बोधन गर्ने कानुनी फ्रेमवर्क छैन । यहाँको नजरमा आयोगका लागि नीतिगत रूपमा सुधार गर्नुपर्ने विषय के-के छन् ?**

स्रोत, साधन, शक्ति, विधि र प्रविधि । यी पाँच सम्बोधन गर्नुपर्ने विषय छन् । यी विषय सम्बोधन भए आयोगले जस्तो प्रक्रियाबाट पनि निर्वाचन गर्न सक्छ । यो पूरा दायित्व सरकारको हो । निर्वाचन आयोगलाई पाँचै वर्ष सक्रिय राख्नुपर्‍यो । पाँच विषय प्रचुर मात्रामा उपलब्ध गराइदिनुपर्‍यो । स्रोतसाधनविहीन बनाएर राम्रो काम हुन सक्दैन । सरकारले आवश्यक स्रोतसाधन उपलब्ध गराइदिनुपर्‍यो, सक्षम व्यक्तिको समूह राखिदिनुपर्‍यो । काम हुन्छ ।

निर्वाचनमा स्वच्छ व्यक्तिले मात्र प्रतिस्पर्धा हुने गराउनुपर्छ । उच्च मनोबलसाथ स्वच्छ व्यक्ति निर्वाचनमा सहभागी हुने वातावरण बनाउनुपर्छ भनेर आयोगले सुरुदेखि कराउँदै गयो भने नकारात्मक सोच भएका व्यक्ति उम्मेदवार हुनै हच्किन्छन् । यस विषयमा पनि नीतिगत रूपमा निर्णय गर्नु आवश्यक हुन्छ ।

**निर्वाचन आयोगमा अहिले मुख्य पदाधिकारी प्रमुख आयुक्त र एकजना आयुक्त रिक्त छ, त्यो नहुँदा अप्ठ्यारा छन् कि छैनन् ?**

निर्वाचन आयोग संवैधानिक संस्था हो । संस्थामा प्रमुख र उपप्रमुखले खासै अर्थ राख्दैन । त्यहाँभित्र नेतृत्व गर्ने व्यक्तित्व कस्तो छ, उसको प्रवृत्ति कस्तो छ ? त्यो आफैँ डुबेको छ कि, छिनेको छ कि, भिजेको छ कि, लोभी छ कि, पापी छ कि, अपराधी छ कि, अथवा स्वच्छ व्यक्तित्व भएको व्यक्ति छ । म त भन्छु धेरै मान्छे हुँदैमा त्यहाँ काम हुने होइन । धेरै मान्छेको बिचमा एउटा स्वच्छ नीतिको छलफल भयो भनेदेखि त्यो नीति लागू नहुन पनि सक्छ ।

**निर्वाचन आयोग चुनावको मिति घोषणा भएपछि मात्र तात्ने प्रवृत्ति छ । निरन्तर हुनुपर्ने मतदाता शिक्षा अन्तिम १५ दिनमै सकाइन्छ । यस प्रवृत्तिको सुधार किन यति गाह्रो भएको हो ?**

विधि र प्रविधि छ । एकैचोटी परिवर्तन हुन गाह्रो हुन्छ । सबै कुरा समयक्रमअनुसार परिवर्तन हुँदै जान्छ । जहाँसम्म निर्वाचन शिक्षाको विषय छ, त्यो पाठ्यक्रममै समावेश गर्नुपर्छ । विद्यालय, विश्वविद्यालयको पाठ्यक्रममा सुरुदेखि नै राखिदियो भने मतदाता सुरुबाटै त्यसमा जानकार हुन्छन् । चुनावअघि एकैचोटी देखाएर हुँदैन ।

**आयोगले आगामी दुई वर्षभित्रै दुईवटा चुनाव गराउनुपर्नेछ । त्यसका लागि आजैदेखि गर्नुपर्ने काम के-के छन् ?**

यसको तयारी अहिलेबाटै सुरु गर्नुपर्छ । निर्वाचन आयोगले निरन्तर कार्यसम्पादन गरिरहनुपर्छ । विश्वमा के-के छ, के भइरहेको छ अभ्यास गरिरहनुपर्छ । आवश्यक सुधारामा लागिरहनुपर्छ । निर्वाचन आयोग सरकारको प्राथमिकतामा पनि हुनुपर्छ । र, मुख्यतः आयोगमा असल पात्र चाहिन्छ ।

**निर्वाचन आयोगको प्रमुखको जिम्मेवारीमा रहेका हिसाबले आसन्न निर्वाचनमा दल, उम्मेदवार, मतदाता र सरोकारवालालाई तपाईंको सन्देश के छ ?**

यो निर्विकल्प निर्वाचनमा सबैले स्वच्छ, निष्पक्ष, भयरहित तथा दबाब र प्रभावमा नपरी मतदान गरौँ । तपाईंले दिएको मत प्रतिनिधिले यति राम्रो सदुपयोग गरोस् कि उसले गरेको कार्यसम्पादनबाट कहिल्यै पनि तपाईं असन्तुष्टि हुने ठाउँ नै नबनोस् । त्यसैले एकदम ढुक्क भएर दबाब र प्रभावमा नपरी मतदान गर्नुस्, असल प्रतिनिधि छान्नुस् । असल पात्र छानियो भने मात्रै राम्रो संस्कार विकासमा सहयोग पुग्छ । राम्रो संस्कारविना सुशासन सम्भव हुँदैन । त्यसकारण सबै सरोकारवालालाई निर्विकल्प निर्वाचनमा भाग लिन म आग्रह गर्छु ।

# पुसमा एक खर्बले कर्जा बढ्दा माघमा भने एक अर्ब मात्रै

फागुनको पहिलो सातासम्म कुल कर्जा रकम ५१ खर्ब ६६ अर्ब पुगेको छ भने निक्षेप ६९ खर्ब ८१ अर्ब रुपैयाँ पुगेको छ




नयाँ पत्रिका

चालू आार्थिक वर्षको पुस एक महिनामै एक खर्ब पाँच अर्ब रुपैयाँले कर्जा प्रवाह वृद्धि हुँदा माघमा भने एक अर्ब रुपैयाँले मात्रै कर्जा बढेको छ। वाणिज्य बैंकहरूको कर्जा-निक्षेपसम्बन्धी तथ्यांकले माघमा न्यून कर्जा प्रवाह देखिएको हो। नेपाल बैकर्स संघको तथ्यांकअनुसार कर्जा बक्यौता रकम (आउटस्ट्यान्डिङ)का आधारमा यस्तो देखिएको हो।

नेपाल बैकर्स संघका अनुसार पुस मसान्तसम्म वाणिज्य बैंकहरूको कुल कर्जा प्रवाह ५१ खर्ब ५७ अर्ब थियो। सो कर्जा रकम माघ मसान्तसम्म आउँदा बढेर ५१ खर्ब ५८ अर्ब पुगेको छ। फागुनको पहिलो साता भने त्यो थप आठ अर्ब रुपैयाँले बढेर ५१ खर्ब ६६ अर्ब रुपैयाँ पुगेको छ। गत पुसमा कर्जा प्रवाह एक खर्ब पाँच अर्बले बढेको थियो। तर, माघ र फागुन पहिलो साता कर्जा प्रवाह न्यून छ। पछिल्लो समय कर्जाको माग न्यून हुँदा यस्तो अवस्था आएको बैंकहरू बताउँछन्। पुसमा कर्जा माग हुने सिजन पनि भएको बताउँदै उक्त बैंकरले माघपछि कर्जाको माग नभएको बताए।

### कुन महिना कति बढ्यो कर्जा प्रवाह ?

| | |
|---|---|
| साउन | ११ अर्ब ऋणात्मक |
| भदौ | ४३ अर्ब |
| असोज | ४१ अर्ब |
| कात्तिक | २२ अर्ब ऋणात्मक |
| मंसिर | २७ अर्ब |
| पुस | १ खर्ब ५ अर्ब |
| माघ | १ अर्ब |

### चुनावसम्म पर्ख र हेरको अवस्थामा बैंकहरू

नयाँ कर्जा प्रवाहको विषयमा बैंकहरू चुनावसम्म पर्ख र हेरको अवस्थामा छन्। औद्योगिक क्षेत्रबाट पनि कर्जाको माग छैन। चुनावपछि कर्जाको माग बढ्ने अपेक्षा रहेको एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बताए। 'चुनावपछि बन्ने नयाँ सरकारले लिन सक्ने नीतिलगायतका कारण कर्जाको माग बढ्ने अपेक्षा छ,' उनले भने।

### सात महिनामा एक खर्ब ८३ अर्बले बढ्यो कर्जा

चालू आवको सात महिनामा कर्जा प्रवाह एक खर्ब ८३ अर्ब रुपैयाँले बढेको छ। गत असार मसान्तसम्म वाणिज्य बैंकहरूको कर्जा प्रवाह ४९ खर्ब ७५ अर्ब रुपैयाँ थियो। साउनमा त्यो ११ अर्ब रुपैयाँले घटेको थियो। त्यसपछि भदौमा ४३ अर्ब ४१ करोड रुपैयाँ र असोजमा ४१ अर्ब रुपैयाँले बढेको कर्जा प्रवाह कात्तिकमा भने २२ अर्ब घटेको थियो। त्यसपछि मंसिरमा २७ अर्ब रुपैयाँले कर्जा प्रवाह बढेको देखिन्छ। गत पुसमा भने एकैपटक एक खर्ब पाँच अर्बले कर्जा प्रवाह बढेको थियो। माघमा एक अर्ब रुपैयाँले बढेको छ। यसरी माघसम्म आउँदा कर्जा प्रवाह ५१ खर्ब ५८ अर्ब रुपैयाँ पुगेको छ। फागुन पहिलो साता भने यो आठ अर्ब रुपैयाँले बढेर ५१ खर्ब ६६ अर्ब रुपैयाँ पुगेको छ।

### फागुन पहिलो साता वाणिज्य बैंकमा थपियो २७ अर्ब निक्षेप

फागुन पहिलो साता (१-८ गते) वाणिज्य बैंकहरूमा २७ अर्ब निक्षेप थपिएको छ। गत माघमा वाणिज्य बैंकहरूमा १० अर्ब निक्षेप थपिएको थियो। फागुनको पहिलो साता भने २७ अर्बले थपिएको छ। गत पुस मसान्त वाणिज्य बैंकहरूमा ६९ खर्ब ४४ अर्ब रुपैयाँ निक्षेप थियो। त्यो माघ मसान्तमा ६९ खर्ब ५४ अर्ब रुपैयाँ र फागुनमा ६९ खर्ब ८१ अर्ब रुपैयाँ पुगेको छ।

# नेपाललाई 'ग्रे लिस्ट'बाट बाहिर निकाल्न दलहरूका कस्ता छन् योजना ?

अधिकांश दलले उच्चपदस्थको सम्पत्ति छानबिन, भ्रष्टाचार अन्त्य, सुशासन र पारदर्शिताको वाचा गर्दै देशलाई 'ग्रे लिस्ट'बाट बाहिर निकाल्ने घोषणा गरेका छन्, तर कार्यान्वयनमा आशंका

**कृष्ण रिजाल**/नयाँ पत्रिका



२१ फागुनमा हुने निर्वाचनमा होमिएका मुख्य दलले नेपाललाई सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'बाट बाहिर निकाल्ने योजनालाई आफ्ना घोषणापत्रमा प्राथमिकतामा दिएका छन्। तर, दलहरूका विगतका अभ्यास र नजिरले उनीहरूका घोषणापत्रअनुसार काम हुनेमा सरोकारवाला विश्वस्त देखिँदैनन्।

नेपाल सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'मा परेको एक वर्ष बितिसकेको छ। 'ग्रे लिस्ट'बाट बाहिर निस्कन सरकारले गरेको तयारी पर्याप्त नभएको भन्दै सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाले सजग गराउँदै आएको छ। २१ फागुनको निर्वाचनपछि बन्ने नयाँ सरकारले 'ग्रे लिस्ट'बाट बाहिर निस्कन विशेष पहल गर्नुपर्ने देखिन्छ। दलहरूले आफ्ना घोषणापत्रमा 'ग्रे लिस्ट'बाट बाहिरिने विषयलाई प्राथमिकता दिएको विषय सकारात्मक भए पनि विश्वस्त हुने अवस्था नरहेको अर्थशास्त्री डा. चन्द्रमणि अधिकारीले बताए। ग्रे लिस्टबाट कहिलेसम्म र कसरी निस्कने भन्ने स्पष्ट खाका नदेखिएका कारण घोषणापत्र विश्वसनीय नदेखिएको उनको भनाइ छ। 'विगत तीन-चार चुनावका घोषणापत्रमा भ्रष्टाचारमा शून्य सहनशीलता भनिएका छन्, तर भ्रष्टाचार झन्-झन् बढेको छ,' उनले भने, 'घोषणा र भाषणभन्दा पनि कार्यशैली र व्यवहार महत्त्वपूर्ण हो।'

सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी मापदण्ड तय गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ)ले गत वर्ष ९ फागुनमा नेपाललाई ग्रे लिस्टमा राखेको थियो। ग्रे लिस्टमा राखिएको दुई वर्षभित्र समेत प्रणालीगत सुधार नगरे नेपाल कालोसूचीमै पर्नेछ।

तत्कालीन सरकारले एक वर्षभित्र ग्रे लिस्टबाट बाहिर आउने लक्ष्य लिएको थियो। तर, एफएटिएफको पछिल्लो समीक्षाले नेपालले सुधारका कार्य अघि बढाएको भए पनि त्यो पर्याप्त नभएको भन्दै नेपाललाई ग्रे लिस्टमै राखेको हो। नयाँ सरकारले ग्रे लिस्टबाट बाहिर आउन एफएटिएफले सुझाएका मुख्य सात सुधार गर्नुपर्नेछ। दलहरूका घोषणापत्रले पनि ती काम गर्ने घोषणा गरेको देखिन्छ।

सबै मुख्य दलले उच्चपदस्थको सम्पत्ति छानबिन गर्ने, अवैध सम्पत्ति जफत गर्ने, सार्वजनिक पदमा जानुपूर्व सम्पत्ति घोषणा गर्नुपर्ने व्यवस्था गर्नेजस्ता विषयलाई प्राथमिकताका साथ आफ्नो घोषणापत्रमा उल्लेख गरेका छन्। दलहरूले सुशासन र पारदर्शिताको नारा राखेका छन्, भ्रष्टचार तथा अनियमितता रोक्ने घोषणा गरेका छन्। नियम-कानुन सुधार र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने उद्घोष गरेका छन्। सारमा 'ग्रे लिस्ट'बाट बाहिर निकाल्ने उपाय यिनै हुन्। दलहरूले सुशासन तथा पारदर्शिता कायम गर्दै भ्रष्टाचार रोक्न सके ग्रे लिस्टबाट बाहिर निस्कन सकिने जानकार बताउँछन्। आफ्नो घोषणापत्रमा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले 'ग्रे लिस्ट'लाई समेटेका छन्। रास्वपा, जसपालगायत दलले भने सम्पत्ति छानबिन तथा अवैध सम्पत्ति जफत, भ्रष्टाचारको अन्त्य, सुशासन र पारदर्शिताको विषयमा उल्लेख गरेको भए पनि सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'बाट बाहिर निस्कने विषयमा मौन छन्।

एमालेले वित्तीय कारोबारमा पारदर्शिता र जवाफदेहिता कायम गरी देशलाई ग्रे लिस्टबाट निकाल्ने र अन्तर्राष्ट्रिय कारोबारमा कालोसूचीमा पर्नबाट रोक्ने घोषणा गरेको छ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)को घोषणापत्रमा 'देशलाई खैरोसूची (ग्रे लिस्ट)बाट निकाल्न समयबद्ध कार्ययोजना कार्यान्वयनमा ल्याइनेछ' उल्लेख छ। तर, के-के गर्ने भन्ने विषयमा भने नेकपाको घोषणापत्र मौन छ।

कांग्रेसले 'ग्रे लिस्ट'बाट मुक्त गर्ने संकल्प गरेको छ। 'कानुनको संशोधन, संस्थागत सुधार र कार्यान्वयनमा देखिएका समस्याको समाधान गरी एक वर्षभित्र नेपाललाई 'ग्रे लिस्ट'बाट मुक्त गर्छौं,' कांग्रेसको घोषणापत्रमा उल्लेख छ, 'नेपाललाई अन्तर्राष्ट्रिय 'ग्रे-लिस्ट'को जोखिमबाट बाहिर निकाल्न र मुलुकको वित्तीय प्रतिष्ठा जोगाउन यसलाई राष्ट्रिय प्राथमिकताको एजेन्डाका रूपमा अगाडि बढाउँछौं।' कांग्रेसले 'ग्रे लिस्ट'बाट बाहिरने कार्ययोजनासमेत उल्लेख गरेको छ। सरकार गठन भएको एक वर्षभित्रै सम्पत्ति शुद्धीकरण निवारणलगायतका कानुनलाई अन्तर्राष्ट्रिय मापदण्डबमोजिम परिमार्जन गरी दृढताका साथ कार्यान्वयन गर्ने, वित्तीय अपराध र अवैध धनलाई वैध बनाउने प्रयासविरुद्ध शून्य सहनशीलताको नीति लिँदै शंकास्पद कारोबारको सूक्ष्म निगरानी गरी अवैध वित्तीय गतिविधिलाई पूर्ण रूपमा नियन्त्रण गर्ने तथा राष्ट्र बैंकको वित्तीय जानकारी इकाइ र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई हस्तक्षेपमुक्त, शक्तिशाली र स्रोत-साधनसम्पन्न बनाउने कांग्रेसको घोषणापत्रमा उल्लेख छ।

राप्रपाले नेपाललाई ग्रे लिस्टबाट मुक्त गर्न वित्तीय पारदर्शिता, मनी लाउन्डरिङ नियन्त्रण, अन्तर्राष्ट्रिय मापदण्डअनुसार नियामक सुधार तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने घोषणा गरेको छ। राप्रपाले 'अन्तर्राष्ट्रिय आर्थिक मान्यता एवम् देशको परिस्थिति र आवश्यकतालाई दृष्टिगत गर्दै विद्यमान सम्पत्ति शुद्धीकरण ऐनमा सुधार ल्याइने'समेत उल्लेख गरेको छ।

### ग्रे लिस्टबाट बाहिर निकाल्ने आधार भाषण र घोषणा होइन, कार्यशैली र व्यवहार हो



● **डा. चन्द्रमणि अधिकारी**
अर्थशास्त्री

ग्रे लिस्टबाट बाहिर आउने मुख्य आधार भनेकै सुशासन र पारदर्शिता हो। यदि देशमा सुशासन छ, पारदर्शिता छ, नियम-कानुन समान र प्रभावकारी कार्यान्वयन हुन्छ भने हामी ग्रे लिस्टबाट सजिलै बाहिर निस्कन सक्छौं। दलहरूले घोषणापत्रमा लेखेर वा भाषण गरेर सुशासन आउने होइन। कार्यशैली र व्यवहारमा परिवर्तन नहुँदासम्म हामी विभिन्न खाले नकारात्मक लिस्टमा परिरहन्छौं।

सरकारले अहिले नगद कारोबारको सीमा १० लाखबाट घटाएर पाँच लाखमा झारेको छ, यो भनेको खुद्रे कुरा हो। संस्थागत सुधार, भ्रष्टाचार न्यूनीकरणलाई बेवास्ता गरेर मसिना कुरामा लागेर जनतालाई च्यापेको छ, यो ठीक होइन। ठुला-ठुला काण्डको छानबिनबाट सुरु गर्नुपर्छ, अनि बल्ल रिजल्ट आउँछ। सुशासनकै लागि यत्रो विद्रोह भएको छ, आगामी दिनमा राजनीतिज्ञ, उच्चपदस्थ र ठुला उद्योगी-व्यवसायीका व्यवहार र कार्यशैलीमा सुधार आउने विश्वास गरौं।

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
INTEREST RATE STARTING FROM
6.07% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

## ■ हिमपातसँगै पाथीभरा क्षेत्रमा पर्यटकको रमझम

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**



ताप्लेजुङको चिया पसलदेखि गाउँका चौतारामा चुनावको चर्चा चलिरहँदा उच्च हिमाली भेग भने यो माहोलबाट निकै टाढा छ। उच्च क्षेत्रमा हिमपात भएसँगै पर्यटकको चहलपहल प्रमुख विषय बनेको छ। सेताम्य बनेको पाथीभरा क्षेत्रमा पुग्ने आन्तरिक तथा बाह्य पर्यटकका कारण स्थानीय होटेल व्यवसायी पाहुना सत्कारमै व्यस्त छन्। पाथीभराको माथिल्लो फेदीमा होटेल व्यवसाय गर्ने सीता भट्टराई कार्कीले चुनावी माहोलले यो क्षेत्रलाई नछोएको बताइन्। 'हामीलाई यहाँ चुनाव लागेको जस्तो अनुभूति नै हुँदैन,' एक स्थानीय व्यवसायी भन्छन्, 'हिउँ परेपछि पाहुना बढेका छन्, सेवा गर्ने फुर्सद छैन।' स्थानीयका अनुसार उच्च हिमाली क्षेत्रमा बसोवास कम र व्यावसायिक गतिविधि बढी भएकाले राजनीतिक दलको ध्यान पुग्न सकेको छैन।

यसैबिच मौसम अनुकूल बनेपछि पाथीभरा क्षेत्रमा पर्यटक आगमन बढ्दो छ। चीन, भारत, मलेसियालगायत मुलुकका पर्यटकसँगै नेपाली तीर्थयात्री पनि हिमदृश्य अवलोकन गर्न पुगेका छन्। हिमपातपछि पहाडी मार्ग सेताम्य बने पनि जोखिम भने कम रहेको व्यवसायीहरू बताउँछन्। स्थानीयका अनुसार हिमाली जीवन आफ्नै लयमा अघि बढिरहेको छ।

## ■ बर्दघाट लगानी फोरम सम्पन्न

# साना उद्योग प्रवर्द्धन गर्न उद्योगीको माग

नयाँ पत्रिका

नवलपरासीको बर्दघाटमा साना तथा मझौला उद्योग स्थापना गर्ने गरी औद्योगिक ग्राम विकास गरिनुपर्नेमा उद्योगी-व्यवसायीले जोड दिएका छन्। नेपाल उद्योग परिसंघको आयोजना तथा बर्दघाट उद्योग वाणिज्य संघ, उद्योग व्यापार संघ बर्दघाट र नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्चको सहआयोजनामा बर्दघाटमा आयोजित अन्तर्क्रियामा लगानीकर्ताले 'बर्दघाट एसएमई भिलेज' नै समुन्नत नवलपरासीको आधार बन्न सक्नेतर्फ ध्यानाकर्षण गराएका हुन्।

परिसंघका कार्यवाहक अध्यक्ष निर्वाण चौधरीले बर्दघाट एसएमई ग्राममार्फत यस क्षेत्रमा साना तथा मझौला उद्योगलाई प्रवर्द्धन गर्न सकिने बताए। उद्योग स्थापना गर्दा लाग्ने लगानीमध्ये एकतिहाइ जग्गामा खर्च गर्नुपर्ने बाध्यता रहेकाले औद्योगिक ग्रामको विकास आवश्यक रहेकोमा उनले जोड दिए। सरकारका पूर्वसचिव अर्जुन पोखरेलले एक पालिका एक औद्योगिक ग्राम अवधारणाअनुसार बर्दघाट एसएमई भिलेज अगाडि बढाइएको बताए। नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छाले उद्योग ग्रामले औद्योगिकीकरणमा टेवा दिने बताए। नेपाल उद्योग परिसंघका पूर्वअध्यक्ष विष्णुकुमार अग्रवालले बंगलादेश, भारतले सफल रूपमा औद्योगिक पार्क सञ्चालन गरिरहेको र उनीहरूको अर्थतन्त्रमा योगदान दिएको उल्लेख गर्दै नेपालले पनि अन्य देशले जस्तै सुविधा दिएर औद्योगिक पार्क-ग्राम सफल बनाइनुपर्ने बताए। यस्तै, नेपाल उद्योग परिसंघका उपाध्यक्ष रोहित गुप्ताले स्थानीयको सहयोगका कारण एक वर्षभित्रै आफूले बर्दघाटमा कजरिया टायल उद्योग स्थापना गर्न सफल भएको बताए।

बर्दघाट उद्योग वाणिज्य संघका अध्यक्ष लेखनाथ न्यौपानेले साना उद्योगहरूको प्रवर्द्धनका लागि औद्योगिक ग्राम आवश्यक रहेको बताए। उनले स्थानीय उत्पादनसँगै राष्ट्रियस्तरमा स्थापित उद्योगहरूले यस क्षेत्रमा उद्योग स्थापना गर्ने विश्वास व्यक्त गरे। उद्योग व्यापार संघ बर्दघाटका उपाध्यक्ष लीलाहरि पौडेलले बर्दघाटको भौगोलिक पहुँच उद्योग स्थापनाका लागि महत्त्वपूर्ण रहेको बताए।

# डिजेल र पेट्रोल भण्डारण डिपो निर्माण गरिने

**सुर्खेत**/ कर्णाली प्रदेशस्तरीय डिजेल र पेट्रोलको भण्डारण डिपो सुर्खेतमा बनाइने भएको छ। नेपाल आयल निगमले कर्णाली प्रदेशको कार्यालय सुर्खेतपरिसरभित्रै करिब १४ करोड लागतमा प्रदेशस्तरीय डिपो बनाउने गरी बोलपत्र आह्वान गरेको हो। ०८४ सालभित्र डिपो निर्माण गरिसक्ने गरी टेन्डर आह्वान भएको निगम कर्णाली प्रदेशस्तरीय कार्यालयका वरिष्ठ सहायक माधवप्रसाद भट्टले बताए। 'अहिले सुर्खेतमा हवाई इन्धन र मट्टीतेल मौज्दात राख्ने डिपो भए पनि डिजेल र पेट्रोल भण्डारण गर्ने डिपो छैन,' उनले भने, 'जसका कारण नेपालगन्जबाट ट्यांकीमा ल्याएर सोही दिन नै डिलरलाई बिक्री गर्नुपर्ने अवस्था छ।'

अहिले कार्यालयमा मट्टीतेल ४५ हजार लिटर र हवाई इन्धन ६० हजार लिटर मात्रै भण्डारण हुने गरेको छ। प्रस्तावित इन्धन भण्डार डिपोमा दुई लाख ८० हजार लिटर डिजेल र एक लाख ४० हजार लिटर पेट्रोल भण्डारण हुने भट्टले बताए। अहिले कार्यालयपरिसर रहेको एक बिघा क्षेत्रफलभित्रै नयाँ डिपो बनाउने तयारी रहेको उनले जानकारी दिए।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
Planning and Monitoring Branch
**HMIS-ICT Section**
Chakupat, Lalitpur
**Date of publication: 2082-11-15 BS (2026-02-27 AD)**
**Notice of Intent to Award the Contract**

This is to notify all concerned bidders that it is our intention to award the following Bid Price for ***"Supply, Delivery and Installation of Enterprise Network Firewall for IDMC, DOR & DRC and Server for DRC."*** as per provision of Public Procurement Act, 2063 Clause 27 (2) and Clause 47.

| S. No. | Contract No. | Name of Responsive Bidder | Lowest Evaluated Bid Price (including VAT) |
|---|---|---|---|
| 1 | DORHMIS-ICT/33701167/ NCB-G/082/83-01-RE | Subhashree Technologies Pvt. Ltd., Bhaisepati, Lalitpur | Rs. 1,09,50,858.25/- |

**Section Chief**

**INVITATION FOR SEALED BIDS**

Re:Published Date: 2082/11/15

**MUKTINATH BIKAS BANK LTD.** (The Bank), its Central office at Lazimpat, Kathmandu invites sealed bids from eligible registered bidders for Supply of the followings:

**Details about the Project:**

1. Invitation for Bids No:024/MBBL/NCB/082-83
   1.1 Project Name: Printing and Supply of 10,000.00 Unit of Table Calendar.

**Terms & Conditions**

1. Bidding Process is Single Stage Single Envelope procedures where bidders are required to submit single sealed envelopes with files of technical detail and financial detail for the bid.
2. The request for proposal (RFP) documents and TOR with details can be obtained from General Services Department upon payment of a non-refundable fee of Nrs. 1,000.00 in the account mentioned below:
   - Account Number.: 013-94901701021
   - Account Name: Bid Application Fee
   - Name of the Bank: Muktinath Bikas Bank Limited
3. Sealed bids must be submitted to the office of the Muktinath Bikas Bank Limited, General Service Department Lazimpat Kathmandu, before Office Hour on the 7th day of publication of the notice. The bid must have the validity of 60 days.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on the 8th day of bid re:publication notice at the office of the Muktinath Bikas Bank, Lazimpat, Kathmandu. In case such a date falls on government holiday, then the next working day shall be considered as the last date.
5. The Bank reserves the right to accept or reject, completely or partially any or all the bids without assigning any reasons, whatsoever.

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
For details: General Services Department, 1st Floor, Central Office, Lazimpat Kathmandu Nepal, Tel.: 01-5970887
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# नेपाल इन्भेष्टमेन्ट मेगा बैंक ४१औँ वर्षमा

## वार्षिकोत्सवका अवसरमा रक्तदान तथा '३ आर सुन्दर संसार' चित्रकथा सार्वजनिक

**काठमाडौं**/ नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (एनआइएमबी) लिमिटेड ४१औँ वर्षमा प्रवेश गरेको छ। वार्षिकोत्सवका अवसरमा बैंकले नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा रक्तदान कार्यक्रम गरेको छ।



रक्तदानका साथै बैंकले '३ आर सुन्दर संसार' नामक चित्रकथा पुस्तक सार्वजनिक गरेको छ। आफ्नो वार्षिकोत्सवको अवसर पारी विगत आठ वर्षदेखि वित्तीय साक्षारतामा आधारित चित्र पुस्तकहरू प्रकाशन गर्दै आएको छ। यो चित्रकथा वातावरणीय प्रदूषण, प्राकृतिक स्रोतको संरक्षण र ग्लोबल वार्मिङजस्ता विषयलाई समेटी सरल, रमाइलो र ज्ञानवर्द्धक शैलीमा प्रस्तुत गर्ने जमर्को गरेको बैंकले जनाएको छ। बैंकले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत वातावरण संरक्षणलाई प्राथमिकतामा राख्दै बालबालिकालाई सचेत बनाउन यो पुस्तक प्रकाशित गरेको हो।

बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडेले बैंकको सफल यात्रामा साथ दिने सबैप्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझ पारदर्शी, जिम्मेवार र नवप्रवर्तनमुखी बैंकिङ सेवा प्रदान गर्ने प्रतिबद्धता जनाए।

यसैगरी, बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेले डिजिटल रूपान्तरणलाई तीव्रता दिँदै ग्राहक अनुभवलाई अझ सरल, सुरक्षित र प्रभावकारी बनाउने दिशामा बैंक अग्रसर रहने बताए।


# एसबिआई बैंकले दियो मधेशका विद्यालयलाई शैक्षिक सामग्री



**काठमाडौं**/ नेपाल एसबिआई बैंकले मधेश प्रदेशमा सामाजिक उत्तरदायित्वकार्यक्रमअन्तर्गत विभिन्न विद्यालयलाई शैक्षिक सामग्री वितरण गरेको छ। बैंकले बाराको जितपुरसिमरास्थित आदर्श आधारभूत विद्यालय, सर्लाहीको हरिवनस्थित जनता प्राथमिक विद्यालय, सप्तरीको राजगढ र राजविराजस्थित जनता माध्यमिक विद्यालय, बेल्ही चपेना तथा बौद्धिक अपांगता विद्यालय र रौतहटको चन्द्रपुरस्थित दलित जनजागरण आधारभूत विद्यालयलाई सहयोग गरेको हो।

बैंकले विद्यार्थीलाई सहयोग पुऱ्याउने उद्देश्यसहित ह्वाइट बोर्ड, कुर्सी, स्टिल दराज, अफिस टेबुल, विद्यालय पोसाक, स्कुल ब्याग र अन्य शैक्षिक तथा खेलकुद सामग्री प्रदान गरेको जनाएको छ। यस किसिमको पहलले विद्यालयको शैक्षिक वातावरण प्रभावकारी हुनुका साथै विद्यार्थीको पठनपाठनमा थप सहजता ल्याउने बैंकले विश्वास लिएको छ। यस कार्यक्रमबाट गरिब तथा विपन्नवर्गका आठ सयभन्दा बढी विद्यार्थी लाभान्वित भएको बैंकको भनाइ छ।

# साम्बालाई डोभको १५ लाख सहयोग




**काठमाडौं**/ युनिलिभर नेपाल लिमिटेडअन्तर्गतको डोभले नेपाली राष्ट्रिय महिला फुटबल टिमकी कप्तान सावित्रा भण्डारी 'साम्बा'को उपचारका लागि १५ लाख रुपैयाँ सहयोग गरेको छ।

घुँडाको चोटबाट गुज्रिएकी साम्बाको उपचार तथा पुनर्स्थापनाका लागि यो सहयोग गरेको हो। 'यो सहयोग उनले यस अवरोधलाई पुनरागमनमा रूपान्तरण गर्ने डोभको साथ र प्रतिबद्धताको प्रतीक हो,' कम्पनीले भनेको छ। चोटले खेलाडीलाई मैदानबाट टाढा राख्न सक्ने, तर त्यसले उनीभित्रको साहसलाई जगाउने कम्पनीले उल्लेख गरेको छ।

# आइएमई र साउदीको डिजिटल वालेट टिक्मोबिच सम्झौता




**काठमाडौं**/ नेपालको रेमिट्यान्स सेवाप्रदायक कम्पनी आइएमई र साउदीको डिजिटल वालेट टिक्मोबिच डिजिटल कारोबार विस्तारका लागि सम्झौता सम्पन्न भएको छ। साउदी अरबको राजधानी रियादमा सम्पन्न विशेष कार्यक्रमबिच सम्झौतामा आइएमईका अध्यक्ष हेमराज ढकाल र टिक्मोका प्रबन्ध निर्देशक अब्दुलअजिज अज्लान अलअज्लानले हस्ताक्षर गरेका हुन्। यो सहकार्यले अरबको मरुभूमि र हिमालयको देश नेपालबिचको दूरीलाई कम गरेको आइएमईले जनाएको छ।

टिक्मोसँगको सहकार्यले साउदीको जुनसुकै कुनाबाट पठाएको रकम उत्तिकै सुरक्षा र सम्मानका साथ नेपाल पुग्ने सुनिश्चितता प्रदान गरेको बताइएको छ। सम्झौता भएसँगै आइएमईले 'टिक्मोमार्फत आइएमई गरौँ, उपहार जितौँ' योजना सार्वजनिक गरेको छ। चैत १७ सम्म सञ्चालनमा रहने यो योजनाअन्तर्गत साउदी अरबमा रहेका नेपालीले टिक्मो एप प्रयोग गरेर आइएमईमार्फत पैसा पठाउँदा विभिन्न उपहार जित्ने सक्नेछन्।

# युनिक नेपाल लघुवित्तको साधारणसभा



**काठमाडौं**/ युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको सातौँ वार्षिक साधारणसभा बाँकेको कोहलपुरमा एक कार्यक्रमबिच सम्पन्न भएको छ। साधारणसभाले सञ्चालक समितिको प्रतिवेदन, गत आर्थिक वर्ष ०८१/८२ को लेखा परीक्षण प्रतिवेदन पारित गरेको छ। साथै, चालू आवका लागि लेखा परीक्षकको नियुक्ति, सर्वसाधारण सेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने एक सञ्चालकको मनोनयन अनुमोदन, स्वतन्त्र सञ्चालक मनोनयनलगायतका प्रस्ताव पनि सभाले अनुमोदन गरेको छ।

सभाले भविष्यमा कुनै उपयुक्त लघुवित्त वित्तीय संस्थासँग एक-आपसमा गाभ्ने-गाभिने तथा प्राप्ति-समाहित गर्ने कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गरेको छ।

# ग्यालेक्सी एस-२६ सिरिज सार्वजनिक

**काठमाडौं**/ स्मार्ट फोन निर्माता कम्पनी सामसङले ग्यालेक्सी एस-२६ सिरिज सार्वजनिक गरेको गरेको छ।



नवीनतम ग्यालेक्सी एआई प्रविधिद्वारा सञ्चालित, ग्यालेक्सी एस-२६ सिरिज प्रयोगकर्ताको दैनिक जीवनसँग सहज रूपमा घुलमिल हुने गरी अझै सहज, व्यक्तिगत र एआई मोबाइल अनुभव प्रदान गर्न डिजाइन गरिएको कम्पनीले जनाएको छ। यस सिरिजमा एआई क्यामरा क्षमतादेखि रियल-टाइम सहयोगसम्म रहेको बताइएको छ। साथै, यस उपकरणले प्रयोगकर्ताको बानीअनुसार आफूलाई ढाल्दै दैनिक कार्यलाई अझ सरल र अर्थपूर्ण बनाउनेछ।

एस-२६ ले डिजाइन र प्रदर्शनमा पनि नयाँ मापदण्ड स्थापित गरेको कम्पनीको भनाइ छ। परिष्कृत प्रिमियम बनावट, उन्नत प्रोसेसिङ क्षमता र एआई आधारित ब्याट्री अप्टिमाइजेसनसहितको यो नयाँ सिरिजले सहज मल्टिटास्किङ, इमर्सिभ मनोरञ्जन र दिनभर भरपर्दो प्रदर्शन सुनिश्चित गर्ने बताइएको छ।

कम्पनीका एमएक्स डिभिजनका डाइरेक्टर प्रणयरत्न स्थापितले भने, 'एस-२६ सिरिजले आफ्ना प्रयोगकर्तालाई सजिलै बुझ्नुका साथै दैनिक जीवन, सिर्जनशीलता र उत्पादकतालाई अझ उन्नत बनाउने नवप्रवर्तन अनुभव गर्न सक्षम बनाउँछ।'



## Badhaiyatal Rural Municipality
## Office of the Rural Municipal Executive
Mainapokhar, Bardiya

### Invitation of Bids for the following works

Second Date of Publication : 2082/11/15

1. The Badhaiyatal Rural Municipality invites electronic bids from eligible bidders for the following works.

| S No | Contract ID No | Description of Works | Estimated Amount (Nrs) (Including PS, Excluding VAT & Contingency ) | Bid Security Amount (Nrs) | Bid Security Validity Period | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BTRM/SQ/ WORKS/ 01/2082/083 | Khanepani Vyabasthapan Bistar Ward No. 1 Dekhi 9 Samma | 17,24,621.35/- | 45,000/- | 75 days after Bid opening Date | 1,000/- | SQ, Single Stage Single Envelope |

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00 PM 2082/12/01 and bid shall be opened on the same date at 1:00 PM. Eligible bidders may obtain further information from Badhaiyatal RM and email:- badhaiyatal2073@gmail.com/contact:- 9858038888, 9848015617 or may visit PPMO website www.bolpatra.gov.np/egp. bidders should deposit the cost involves in the projects account as specified below.

| Bank | Revenue Account (Bid Document Fee) | Dharauti Account (Bid Security Fee) |
|---|---|---|
| Citizens Bank International Ltd, Badhaiyatal Branch | o640100000002202 | o640100000010202 |

**Chief Administrative Officer**





## कलैया उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा
मधेश प्रदेश (नेपाल)

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८२/११/१५)

यस कलैया उपमहानगरपालिकाको मिति २०८२/०९/१८ गतेको प्रकाशित बोलपत्र (e-bidding) आह्वानको सूचना अनुसार रित पूर्वक पर्न आएका बोलपत्रहरू मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावकारी तपसिलको बोलपत्र स्वीकृत गर्नको लागि मूल्यांकन समितिको मिति २०८२/११/१३ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | छनौट गरिएको बोलपत्रदाताको नाम | ठेगाना | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|---|---|
| १ | KSMC/NCB/ WORKS- 05- 082/083 | 4 ROOM RCC SCHOOL BUILDING CONSTRUCTION WORK WITH ATTACH TOILET/BATHROOM AT SHREE NE. RA. MA.VI. MATIYARWA, KALAIYA W.N.10 | Sonu Monu Construction | Kalaiya-14 | ६१७४५४७.०५ |
| २ | KSMC/NCB/ WORKS- 06- 082/083 | 4 ROOM RCC SCHOOL BUILDING CONSTRUCTION WORK WITH ATTACH TOILET/BATHROOM AT SHREE NE. RA.NAMUNA MA.VI. KALAIYA W.N.01 | Tiger Construction | Kalaiya-14 | ५९०९९९२.६५ |
| ३ | KSMC/NCB/ WORKS- 07- 082/083 | 4 ROOM RCC SCHOOL BUILDING CONSTRUCTION WORK WITH ATTACH TOILET/BATHROOM AT SHREE NE. RA.ADHARBHUT.VI. BAIDNATHPUR, KALAIYA W.N.03 | Ankit Construction | Kalaiya-14 | ६१६७५१३.०२ |

**प्रमुख प्रशासकीय अधिकृत**





प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश स्वास्थ्य निर्देशनालय

## मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति : २०८२/११/१५

यस कार्यालयबाट मिति २०८२/०९/०६ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रहरू न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारीस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | MBHTC/ MORANG/ GOODS/NCB- 7-2082-2083 | PROCUREMENT OF HIGH-END COLOR DOPPLER ULTRASOUND MACHINE (USG MACHINE) | श्री एम बि. मेडिटेक प्रा.लि. ईटहरी, सुनसरी | २८,००,०००.०० | |

**मेडिकल सुपरिन्टेन्डेन्ट**





Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Development Cooperation Implementation Division

## Nagdhunga Tunnel Construction Project
Babarmahal, Kathmandu

### Notice for Financial Bid Opening

*Date of Publication : 2082/11/15(27th February 2026)*

**Invitation for Bids (IFB No: 01-2082/83)**
Contract No. : NTCP-O&M/33701139/2082/83-01

In accordance with ITB Clauses 25.7 and 25.8 of the Bidding Documents, it is hereby notified for the information of all concerned that, upon completion of the Technical Bid Evaluation for Contract No. NTCP-O&M/33701139/2082/83-01, titled "Procurement of Services for Operation and Maintenance of Nagdhunga Tunnel," the following bidders have been found to be substantially responsive, and their Financial Bids will be opened on 15 March 2026 (2082/12/01) at 1:00 PM (Nepal Standard Time) at the Project Office, Nagdhunga Tunnel Construction Project, Babarmahal, Kathmandu.

| S.N. | Successful Bidders |
|---|---|
| 1 | Kasthamandap/Gansu Hengtong JV, Balkhu- 14, Kathmandu |
| 2 | SXRB-BRIGHT BULL JV, Dharan-13, Sunsari |
| 3 | JTCG-Danfe JV, Shantinagar, Kathmandu |
| 4 | EMSL-PSCPL JV, Ahmedabad, Gujarat, India |
| 5 | SAMANANTAR-CFHEC JV, Old Baneshwor-9, Kathmandu |
| 6 | YUXIN-A.R.T JOINT VENTURE, Balaju-11, Kathmandu |
| 7 | VEDANSHEE-RANKEN JOINT VENTURE, Budhanilkantha-4, Kathmandu |

**Project Director**





RBB MUTUAL FUND
## आरविवि म्युचुअल फण्ड
अन्तर्गत संचालित
## आरविवि फोकस ४० (RBB FOCUS 40)

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक कोष नियमावली, २०६७ बमोजिम
(नेपाल धितोपत्र बोर्डबाट २०८२/०४/२३ मा योजना संचालन अनुमति प्राप्त)
२०८२/०७/२६ देखि २०९४/०७/२५ सम्म अवधि भएको १२ बर्षे योजना

### २०८२ माघ मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

| | | यस मासिक मसान्त (रु.) | यस मासिक मसान्त (रु.) |
|---|---|---|---|
| **क. धितोपत्रमा तथा अन्य लगानी** | | | |
| क्र.सं. | विवरण | सम्पत्ति मूल्य (रु.) | सम्पत्ति मूल्य (रु.) |
| १ | सूचीकृत शेयर | ७६१,९७८,०६३।४० | ४११,६६४,७९२।३० |
| २ | बैंक मुद्दती निक्षेप | - | - |
| ३ | ऋणपत्र / बन्ड | ४१५,०००।०० | - |
| ४ | सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर /अन्य सूचीकृत नभएको | ३८,१०२,५०३।२५ | १६,५९६,०५५।९६ |
| | जम्मा (क) | ८००,४९५,५६६।६५ | ४२८,२६०,८४८।२६ |
| **ख. चालु सम्पत्ति** | | | |
| क्र.सं. | विवरण | सम्पत्ति मूल्य (रु.) | सम्पत्ति मूल्य (रु.) |
| १ | बैंक मौज्दात | ४५६,८८४,०२०।५७ | ८२९,३३१,०८५।०३ |
| २ | अन्य सम्पत्ति | ७,५६२,४४५।६१ | २,६५१,१६९।१७ |
| | जम्मा (ख) | ४६४,४४६,४६६।१८ | ८३१,९८२,२५४।२० |
| **ग. चालु दायित्व** | | | |
| क्र.सं. | विवरण | सम्पत्ति मूल्य (रु.) | सम्पत्ति मूल्य (रु.) |
| १ | अन्य दायित्व | २५,२०७,३२२।०९ | १३,२७२,५७१।९१ |
| | जम्मा (ग) | २५,२०७,३२२।०९ | १३,२७२,५७१।९१ |
| | कुल सम्पत्ति (क+ख-ग) | १,२३९,७३४,७१०।७४ | १,२४६,९७०,५३०।५५ |
| १ | योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | १,६७४,४९०।९९ | - |
| २ | कोष सुपरिवेक्षकशुल्क | १०३,०४९।३१ | ११३,४००।१९ |
| | खुद सम्पत्ति | १,२३७,९५७,१७०।४४ | १,२४६,८५७,१३०।३६ |
| | जम्मा इकाई | १२५,०००,०००।०० | १२५,०००,०००।०० |
| | प्रति इकाई खुद सम्पत्ति मूल्य | ९।९० | ९।९७ |

२०८२ माघ मसान्तको आय व्यय विवरण

| क्र.सं. | विवरण | यस मासिक मसान्त (रु.) | गत मासिक मसान्त (रु.) |
|---|---|---|---|
| क | आय | | |
| १ | प्राप्त भइसकेको आम्दानी | ५,२३५,२१८।९८ | २,५०८,३०७।४९ |
| २ | प्राप्त भइनसकेको आम्दानी | (७,०५७,३८८।११) | २,८४८,९३३।९८ |
| | जम्मा आम्दानी | (१,८२२,१६९।१३) | ५,३५७,२४१।४७ |
| ख. | व्यय | | |
| १ | संचालन खर्च | ४,७३०,७६०।५७ | ४,६८९,३५१।३६ |
| २ | योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | ५,३११,८५०।५५ | ३,६३७,३५९।५६ |
| ३ | कोष सुपरिवेक्षक शुल्क | २०३,०४९।३१ | १९३,४००।१९ |
| | जम्मा खर्च | १०,२४५,६६०।४३ | ८,५२०,१११।११ |
| | कुल नाफा/(नोक्सान) | (१२,०६७,८२९।५६) | (३,१६२,८६९।६४) |

नोट:
- सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ।
- योजनाको २०८२ माघ मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका सेयर, डिबेन्चरमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.८०७,८८२,८६५.७१ रहेको छ।
- योजनाको प्रति ईकाई खुद सम्पत्ति मूल्य साप्ताहीक रुपमा योजना व्यवस्थापकको वेवसाईट www.rbbmbl.com.np मार्फत जानकारी गरिनेछ।
- अपरिस्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरे बमोजिम परिवर्तन हुनेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

| क्र.सं. | धितोपत्र | संख्या | जम्मा मूल्य (रु) |
|---|---|---|---|
| | **(क) वाणिज्य बैंक समूह** | | |
| १ | एभरेष्ट बैंक लिमिटेड | ९२,८०५ | ६१,८४५,२५२.०० |
| २ | ग्लोबल आइएमई बैंक लिमिटेड | ९२,७१३ | २०,८५१,१५३.७० |
| ३ | नबिल बैंक लिमिटेड | १०६,६६२ | ५२,७९७,६९०.०० |
| ४ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २३,०९२ | ४,३८७,४८०.०० |
| ५ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (संस्थापक) | २०,०१० | ३,०७९,५३९.०० |
| ६ | एनएमबि बैंक लिमिटेड | १४१,७४३ | ३३,१६७,८६२.०० |
| ७ | प्राइम कमर्सियल बैंक लिमिटेड | ७५,८४३ | १७,८९८,९४८.०० |
| | जम्मा (क) | ५५२,८६८ | १९४,०२७,९२४.७० |
| | **(ख) विकास बैंक समूह** | | |
| १ | गरिमा विकास बैंक लिमिटेड | ४३,०५४ | १७,१६५,६२९.८० |
| २ | कामना सेवाविकास बैंक लिमिटेड | २७,९९२ | १२,७८९,५४४.८० |
| ३ | शाइन रेसुंगा डेभलपमेण्ट बैंक लिमिटेड | ३६,५४० | १४,९०८,३२०.०० |
| | जम्मा (ख) | १०७,५८६ | ४४,८६३,४९४.६० |
| | **(ग) जलविद्युत समूह** | | |
| १ | अपि पावर कम्पनी लिमिटेड | ५३,९८१ | १६,३५६,२४३.०० |
| २ | बिन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड | १८,९२९ | ९,३३१,९९७.०० |
| ३ | चिलिमे हाईड्रोपावर कम्पनी लिमिटेड | ३५,४४७ | १६,९०८,२१९.०० |
| ४ | ग्रीन भेन्चर्स लिमिटेड | ३३,९६८ | १६,५१८,६३८.४० |
| ५ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ४१,३१६ | २३,८९३,०४२.८० |
| | जम्मा (ग) | १८३,६४१ | ८३,००८,१४०.२० |
| | **(घ) लगानी समूह** | | |
| १ | नागरिक लगानी कोष | १९,२१९ | ३३,७४८,५६४.०० |
| | जम्मा (घ) | १९,२१९ | ३३,७४८,५६४.०० |
| | **(ङ) जीवन बिमा समूह** | | |
| १ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २७,०२७ | १२,०५१,३३९.३० |
| २ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७१,८३७ | ५४,१६५,०९८.०० |
| ३ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ५,००० | २,१८०,०००.०० |
| ४ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | १५,७५५ | ७,१९८,४५९.५० |
| | जम्मा (ङ) | ११९,६१९ | ७५,५९४,८९६.८० |
| | **(च) लघुवित्त समूह** | | |
| १ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ७,८०६ | ७,१७५,२७५.२० |
| २ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ४६,५९७ | ३८,९९७,०२९.३० |
| ३ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | २,७४२ | ३,६०५,७३०.०० |
| ४ | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | १२,०२४ | ७,४७८,९२८.०० |
| ५ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६५,७६३ | ४५,९६८,३३७.०० |
| ६ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | २५,८७४ | १९,७५४,७९९.०० |
| | जम्मा (च) | १६०,८०६ | १२२,९८०,०९८.५० |
| | **(छ) निर्जीवन बिमा समूह** | | |
| १ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ८४,३५८ | ४२,३४७,७१६.०० |
| २ | नेको इन्स्योरेन्स कम्पनी लिमिटेड | १३,०८० | ७,९६५,७२०.०० |
| ३ | सगरमाथालुम्बिनीइन्स्योरेन्स कम्पनी लिमिटेड | ५०,३७६ | २९,८८८,०८०.८० |
| ४ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ११,६२६ | ७,२६५,०८७.४० |
| ५ | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ४,९९८ | २,३३९,०६४.०० |
| | जम्मा (छ) | १६४,४३८ | ८९,८०५,६६८.२० |
| | **(ज) उत्पादन तथा प्रशोधन समूह** | | |
| १ | हिमालयन डिष्टिलरी लिमिटेड | २३,२९२ | २६,४९४,६५०.०० |
| | जम्मा (ज) | २३,२९२ | २६,४९४,६५०.०० |
| | **(झ) अन्य समूह** | | |
| १ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ३६,७२८ | ३०,९७२,७२२.४० |
| २ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ७१,३२३ | ६०,४८१,९०४.०० |
| | जम्मा (झ) | १०८,०५१ | ९१,४५४,६२६.४० |
| | कुल जम्मा (क+ख+ग+घ+ङ+च+छ+ज+झ) | १,४३९,५२० | ७६१,९७८,०६३.४० |

**योजना व्यवस्थापक:**
आरविवि मर्चेन्ट बैंकिङ लि.
RBB MERCHANT BANKING LTD.
आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड, टेकु, काठमाडौं
फोन नं. ०१-५३४३२६५, ०१-५३४०९३२/३३, फ्याक्स नं. ०१-५३४५०१८
Email: rbbmbl@rbbmbl.com.np, URL: www.rbbmbl.com.np

**कोष प्रवर्द्धक:**
राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरवारप्लाजा, काठमाडौं
फोन नं. ०१-४२५२५९५, फ्याक्स नं. ०१-४२५२९३१
Email: rbb.info@rbb.com.np, URL: www.rbb.com.np

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
नयाँ पत्रिका

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

# जिम्बावेलाई हराउँदा भारतको सेमिफाइनल सम्भावना बलियो

दक्षिण अफ्रिकासँग वेस्ट इन्डिज पराजित हुँदा भारतको सेमिफाइनल सम्भावना जीवितै, भारत र वेस्ट इन्डिजबिच निर्णायक भिडन्त



एजेन्सी

महत्त्वपूर्ण खेलमा जिम्बावेलाई ७२ रनले हराउँदै भारतले आइसिसी टी-२० विश्वकपको सेमिफाइनल सम्भावना कायम राखेको छ। बिहीबारकै खेलमा दक्षिण अफ्रिकासँग वेस्ट इन्डिज पराजित हुँदा भारतको सेमिफाइनल सम्भावना खुलेको हो। चेन्नईमा भएको खेलमा जिब्बावेलाई हराउँदा भारतको सम्भावना बलियो बन्यो। २५७ रनको लक्ष्य पछ्याएको जिम्बावेले मात्र १८४ रन बनाउन सक्यो।

अब, भारतले वेस्ट इन्डिजसँग सुपर ८ को अन्तिम खेल १ मार्चमा खेल्नेछ। यो खेलको विजेताले सेमिफाइनलमा स्थान सुरक्षित गर्नेछ। डिफेन्डिङ च्याम्पियन भएकाले पनि सूर्यकुमार यादवको कप्तानीमा रहेको भारतलाई निकै दबाब रहेको छ। भारत प्रतियोगिताको सहआयोजक पनि हो।

भारतले सुपर ८ मा पहिलो जित निकालेको छ। ग्रुप १ मा भारत पहिलो खेलमै दक्षिण अफ्रिकासँग ७६ रनले पराजित भएको थियो। दोस्रो खेलमा जित निकालेपछि भारतको सम्भावना जीवित रहेको हो। यता, जिम्बावे भने विश्वपकपबाट बाहिरिएको छ।

## विश्वकपकै ठुलो स्कोर

चेन्नईको एमए चिदम्बरम मैदानमा टस हारेर ब्याटिङ गरेको भारतले २० ओभरमा २५६ रन बनायो। भारतले मात्र चार विकेट गुमाउँदा दुई खेलाडीले आक्रामक अर्धशतक बनाएका हुन्। ओपनिङ युवा ब्याटर अभिषेक शर्मा र हार्दिक पान्ड्याले अर्धशतक बनाएका थिए। भारतले विश्वकपमा बनाएको यो नै सबैभन्दा ठुलो स्कोर हो। चालू विश्वकपको भने यो नै ठुलो स्कोर हो। समग्र विश्वकपमा ठुलो स्कोर बनाउने भारत दोस्रो टिम बन्यो। यसअघि सन् २००७ मा श्रीलंकाले केन्याविरुद्ध २६० रन बनाएको थियो। चालू विश्वकपमा यसअघि वेस्ट इन्डिजले जिम्बावेविरुद्ध २५४ रन बनाएको थियो।

भारतले यसअघि सन् २००७ मा इंग्ल्यान्डविरुद्ध २१८ रन बनाएको थियो। सोही खेलमा युवराज सिंहले एकै ओभरमा ६ छक्का हिर्काएका थिए।

## अभिषेकको पहिलो अर्धशतक

जिम्बावेका कप्तान सिकन्दर राजाले टस जितेर फिल्डिङ गर्ने निर्णय गरे पनि भारतका ब्याटर खेलमा हाबी भए। ओपनर अभिषेक शर्माले विश्वकपमा पहिलो अर्धशतक बनाए। उनले ३० बलमा समान चार चौका र छक्का हिर्काउँदै ५५ रन बनाएका हुन्। २५ वर्षीय ओपनिङ ब्याटर यसअघि तीन खेलमा डक भएका थिए। अलराउन्डर हार्दिक पान्ड्याले २३ बलमै अविजित ५० रन बनाए। यसक्रममा उनले दुई चौका र चार छक्का हिर्काएका थिए। त्यसबाहेक तिलक बर्माले पनि १६ बलमा अविजित ४४ रन बनाएका हुन्। उनले तीन चौका र चार छक्का प्रहार गरेका थिए। कप्तान सूर्यकुमारले ३३, ईशान किसनले ३८ तथा सन्जु सामसनले २४ रनको योगदान दिए।

भारतका लागि पान्ड्या र बर्माले पाँचौं विकेटका लागि ३१ बलमा अविजित ८४ रनको साझेदारी गरे। यसअघि दोस्रो विकेटका लागि ईशान किसन र अभिषेकबिच ७२ रनको साझेदारी भएको थियो।

## शतकबाट ३ रनले चुके ब्रायन बेनेट

जिम्बावेको इनिङ्समा ब्रायन बेनेट शतक बनाउन ३ रनले चुके। ओपनर बेनेटले ५९ बलमा अविजित ९७ रन बनाए। उनले आठ चौका र ६ छक्का हिर्काएका थिए। एकतर्फ बेनेटले रन जोडिरहँदा अर्कोतर्फ भने अन्य ब्याटर जम्नै सकेनन्। कप्तान सिकन्दर राजाले २१ बलमा ३१ रन बनाएका थिए। भारतका अश्रदीप सिंहले सर्वाधिक तीन विकेट लिएका थिए। उनले चार ओभरमा २४ रन खर्चिए। अक्षर पटेल, शिवम दुबे र वरुण चक्रवर्तीले समान एक विकेट लिएका थिए।

■ विश्वकपमा बनेका सर्वाधिक रन

| टिम | विपक्षी | रन | वर्ष |
|---|---|---|---|
| श्रीलंका | केन्या | २६०/६ | २००७ |
| भारत | जिम्बावे | २५६/४ | २०२६ |
| वेस्ट इन्डिज | जिम्बावे | २५४/६ | २०२६ |
| आयरल्यान्ड | ओमान | २३५/५ | २०२६ |
| इंग्ल्यान्ड | दक्षिण अफ्रिका | २३०/८ | २०२६ |

आजको खेल

इंग्ल्यान्ड — राति ७:१५ बजे — न्युजिल्यान्ड

# दक्षिण अफ्रिकासँग वेस्ट इन्डिज पराजित



**एजेन्सी**/ एडेन माक्रम चम्किएपछि दक्षिण अफ्रिकाले भारत र श्रीलंकामा चलिरहेको टी-२० विश्वकपमा सानदार लय कायम राखेको छ। बिहीबार भएको सुपर ८ को खेलमा दक्षिण अफ्रिकाले अर्को लयमा रहेको वेस्ट इन्डिजलाई नौ विकेटले हरायो। दक्षिण अफ्रिकाको जितमा माक्रमले अविजित ८२ रन बनाएका थिए। खेल भारतको अहमदाबादको नरेन्द्र मोदी रंगशालामा भएको थियो। टस हारेर ब्याटिङ गरेको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १७७ रनको लक्ष्य दियो। प्रत्युत्तरमा दक्षिण अफ्रिकाले १६.१ ओभरमा एक विकेट गुमाएर जित निकाल्यो। यो जितपछि दक्षिण अफ्रिका सेमिफाइनलनजिक पुगेको छ। उसले पहिलो खेलमा भारतलाई ७६ रनले पराजित गरेको थियो। वेस्ट इन्डिजले पहिलो खेलमा जिम्बावेलाई १०७ रनले पराजित गरेको थियो। अब, वेस्ट इन्डिज र भारतबिचको अन्तिम खेल निर्णायक हुनेछ। यता, समूह २ बाट इंग्ल्यान्डले सेमिफाइनलमा स्थान बनाइसकेको छ। अब, अन्तिम चारका लागि टिम छनोट हुन बाँकी छ।

दोस्रो इनिङ्समा दक्षिण अफ्रिकाका कप्तान माक्रमले आक्रामक ब्याटिङ गरे। उनले ४६ बलमा सात चौका र चार छक्कासहित सर्वाधिक ८२ रन बनाएका हुन्। क्विन्टर डी ककले २४ बलमा ४७ रन बनाए। उनले समान चार चौका र छक्का हिर्काएका हुन्। रायन रिकेल्टनले २८ बलमा चार चौका र दुई छक्कासहित ४५ रन बनाएका हुन्। पहिलो विकेटको लागि माक्रम र डी ककबिच ९५ रनको साझेदारी भएको थियो।

वेस्ट इन्डिजका लागि रोमारियो सेफर्डले अर्धशतक बनाएका थिए। उनल ३७ बलमा तीन चौका र चार छक्कासहित ५२ रन बनाएका हुन्। १०.२ ओभरमा सात विकेट गुमाउँदा वेस्ट इन्डिजले मात्र ८३ रन जोडेको थियो। त्यसपछि क्रिजमा आएका उनले टिमलाई १७२ सम्म तानेका थिए। सेफर्डले ज्यासन होल्डरसँग ५७ बलमा ८९ रनको साझेदारी गरेका थिए। होल्डरले रनआउट हुनुअघि ३१ बलमा ४९ रन बनाएका थिए। ओपनर ब्रान्डन किङले २१ रनको योगदान दिए। दक्षिण अफ्रिकाका लुङ्गी एनडिदीले सर्वाधिक तीन तथा कागिसो रबाडा र कर्विन बोस्चले समान दुई विकेट लिएका थिए।

**सुपर ८ अंकतालिका**

समूह १

| राष्ट्र | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| द. अफ्रिका | २ | २ | ० | ४ | २.८९ |
| वेस्ट इन्डिज | २ | १ | १ | २ | १.७९ |
| भारत | २ | १ | १ | २ | -०.१० |
| जिम्बावे | २ | ० | २ | ० | -४.४७ |

समूह २

| राष्ट्र | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| इंग्ल्यान्ड | २ | २ | ० | ४ | १.४९ |
| न्युजिल्यान्ड | २ | १ | ० | ३ | ३.०५ |
| पाकिस्तान | २ | ० | १ | १ | -०.४६ |
| श्रीलंका | २ | ० | २ | ० | -२.८० |

■ राष्ट्रिय लिग २०८२

# प्लानिङले एनआरटीसँग खेल्यो बराबरी



नयाँ पत्रिका

बराबरीमा रोकिँदा प्लानिङ ब्वाइज युनाइटेडले एन्फा राष्ट्रिय लिगको शीर्ष स्थानमा उक्लिने अवसर गुमाएको छ। बिहीबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा प्लानिङ १० खेलाडीमा सीमित न्युरोड टिम (एनआरटी)सँग १-१ को बराबरीमा रोकियो। प्लानिङले सुरुमै लिएको अग्रतासमेत जोगाउन सकेन।

एनआरटीलाई हराएको अवस्थामा पहिलोपटक राष्ट्रिय लिग खेलिरहेको प्लानिङले शीर्ष स्थानमा रहने थियो। सहिद स्मारक 'बी' डिभिजनबाट प्लानिङ 'ए' डिभिजन लिगमा बढुवा भएको हो। टोलीले 'ए' डिभिजनको अनुभव बटुल्न बाँकी नै छ। राष्ट्रिय लिगमा भने सानदार प्रदर्शन गरिरहेको छ।

हाल आठ खेलमा प्लानिङ १७ अंकका साथ दोस्रो स्थानमा छ। विभागीय टोली एपिएफ एफसी सात खेलमा १९ अंकसहित शीर्ष स्थानमा छ। अहिले आठ खेलमा १५ अंक जोड्दै एनआरटी पाँचौं स्थानमा छ। यसअघि कप्तान प्रतापसिंह राईले पहिलो हाफको ४१औं मिनेटमै अग्रता दिलाएका थिए। तर, पहिलो हाफमै इन्जुरी समयमै विदेशी खेलाडी टिमोथी ओकेरेकेले एनआरटीलाई बराबरीमा फर्काए।

तर, खेलको ८६औं मिनेटमा एनआरटी दश खेलाडीमा सीमित भएको फाइदासमेत प्लानिङले लिन सकेन। विदेशी रक्षक ओमोलाजा नुरैन करिम दोहोरो पहेँलो कार्ड बेहोर्दै बाहिरिएका थिए। अञ्जन विष्टको कप्तानीमा रहेको एनआरटी रक्षात्मक खेल खेल्दा अंक जोगाउन सफल भएको थियो। घाइते भएका अञ्जन दुई महिनापछि मैदानमा फर्किएका हुन्।

## कमजोर जनजागृतिविरुद्ध पुलिसको सात गोल

विभागीय टोली नेपाल पुलिस क्लबले राष्ट्रिय लिगमा नवजनजागृति क्लबविरुद्ध सानदार जित निकालेको छ। बिहीबार नै भएको खेलमा पुलिसले ७-० को जित निकालेको हो। चेतकुमार घिमिरेको प्रशिक्षणमा रहेको पुलिसको लिगमा दोस्रो जित हो। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा धीरेन्द्रबहादुर शाह र सञ्जीव लामाले समान दुई गोल गरेका थिए। दशरथ गिरी, भरत शाह र विजय उरानले समान एक गोल गरेका थिए। पुलिसले पहिलो हाफमै पाँच गोल गरेको थियो। दोस्रो हाफमा दुई गोल सम्भव भयो। जितसँगै पुलिस सात खेलमा ७ अंक जोड्दै अंकतलिकाको ११औं स्थानमा उक्लिएको छ। समान खेलमा जनजागृतिले खाता खोल्न सकेको छैन। टोली पुछारमा रहेको छ।



## जावलाखेललाई आर्मीले हरायो

राष्ट्रिय लिगको दिनको तेस्रो खेलमा विभागीय टोली आर्मीले जावलाखेल युथ क्लबलाई २-० ले हरायो। लिगमा आर्मीको यो चौथो जित हो। सात खेलमा १४ अंक जोडेको आर्मी पाँचौं स्थानमा छ। जावलाखेल ९ अंकसहित आठौं स्थानमा छ। आर्मीविरुद्ध जित निकालेको अवस्थामा जावलाखेललाई अंक दूरी घटाउने अवसर थियो।

■ शतकको खुसी



**काठमाडौं**/ विभागीय टोली त्रिभुवन आर्मी क्लबका ओपनर तृतराज दासले जय ट्रफी मेन्स एलिट कपमा बिहीबार शतक बनाएका छन्। उनको शतकको मद्दतमा आर्मीले अर्को विभागीय टोली नेपाल एपिएफ क्लबलाई पहिलो दिनको खेल सम्पन्न हुँदा ११२ रनले पछि पारेको छ। जारी जय ट्रफीमा उनी शतक बनाउने तेस्रा खेलाडी हुन्। यसअघि आर्मीकै भीम सार्की र नेपाल पुलिसका शंकर रानाले शतक बनाएका थिए। दिनको समाप्तिमा एपिएफले नौ विकेट गुमाएर १४० रन मात्र बनाउन सक्यो। यसअघि मूलपानी माथिल्लो मैदानमा एपिएफले टस जितेर बलिङ रोजेको थियो। सुरुमा ब्याटिङ गरेको आर्मीले नौ विकेट गुमाउँदा २५३ रन बनाएर इनिङ समाप्तिको घोषणा गर्‍यो। ओपनर दासले १० चौका र दुई छक्काको सहयोगमा १०२ रन बनाए। अर्का ओपनर इमरान शेखसँग मिलेर उनले १७२ रनको साझेदारी गरे। शेखले ७१ रन बनाए।

खेल | संक्षेप

## एनएनआइपिए स्पोर्टस् अवार्ड चैतमा

**काठमाडौं**/ नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ (एनएनआइपिए)को आयोजनामा २०औं एनएनआइपिए स्पोर्टस् अवार्ड आगामी २० चैतमा हुने भएको छ। अवार्ड कार्यक्रम स्थानीय आयोजक बनेपा नगरपालिकाको चण्डेश्वरी मन्दिरपरिसरमा हुने एनएनआइपिएका महासचिव शिवसुन्दर गोथेले जनाएका छन्। महासचिव गोथेका अनुसार काठमाडौं उपत्यकाबाहिर पहिलोपटक अवार्ड कार्यक्रम हुन लागेको हो। विभिन्न २७ खेलका त्यत्ति नै संख्यामा खेलाडीलाई सम्मान गरिनेछ। त्यसबाहेक समान १-१ पुरुष-महिला सर्वोत्कृष्ट खेलाडी र प्रतिभाशाली खेलाडी, एक पाका खेल व्यक्तित्वलाई गजराज जोशी आदर्श खेल व्यक्तित्व, एक खेल पत्रकारलाई एनएनआइपिए खेल पत्रकारिता पुरस्कार तथा वर्ष उत्कृष्ट एक पारा खेलाडीलाई सम्मान गरिनेछ।

## टेनिस टोलीको बिदाइ

**काठमाडौं**/ वर्ल्ड जुनियर टेनिस कम्पिटिसन प्रिक्वालिफाइङ (डब्लुजेटिसी)मा नेपालका ६ खेलाडीले सहभागिता जनाउने भएका छन्। यू-१४ उमेर समूहको प्रतियोगिता भियतनाममा हुनेछ। पुरुषतर्फ सभ्यजंग कार्की, विश्वविशेष डल्लाकोटी र अर्याशराज पौडेल तथा महिलातर्फ सारा पन्त, एरा खत्री र स्वराह थापाले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। प्रशिक्षकमा कुमार अधिकारी छन्। महिलाको प्रतियोगिता २ देखि ७ मार्चसम्म हुनेछ। प्रशिक्षकसहित टोली शुक्रबार जानेछ। ब्वाइजको प्रतिस्पर्धा ९ देखि १४ मार्चसम्म हुनेछ। टोली ६ मार्चमा जाने कार्यक्रम छ।

# ओलीले सम्झिएको 'आदिवासी रंगशाला'

झापामा **चिरञ्जीवी घिमिरे**

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि झापा ५ का उम्मेदवार एमाले अध्यक्ष केपी ओलीले आफैँले नाम फेरेको एक दशकपछि आदिवासी रंगशालालाई सम्झिएका छन्। कमल- ५ मा रहेको आदिवासी रंगशालाको ओलीकै दबाबमा नाम फेर्दै मदन भण्डारी रंगशाला निर्माण गर्ने भनेपछि विवादका कारण यो रंगशाला अलपत्र बनेको थियो। तर, एक दशकपछि ओलीले फेरि आदिवासी रंगशाला सम्झिएका छन्।

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह बालेन प्रतिस्पर्धा गर्न आएपछि अप्ठ्यारोमा परेका ओलीले आदिवासी जनजाति समुदायलाई रिझाउने प्रयास गर्दै प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन्। प्रतिबद्धतापत्रमा झापाको कमल गाउँपालिका- ५ मा अलपत्र रहेको आदिवासी रंगशालालाई आधुनिक स्तरको रंगशालाका रूपमा निर्माण सम्पन्न गर्न पहल गर्ने उल्लेख छ। यो रंगशाला एक दशकअघि ओलीकै कारण अलपत्र परेको थियो। एक दशकपछि ओलीले आदिवासी रंगशाला सम्झिएका छन्।

## नाम नै परिवर्तन

एक दशकबिचमा पटक-पटक प्रधानमन्त्री हुँदा पनि ओलीकै निर्वाचन क्षेत्रको यो रंगशाला निर्माण अलपत्र परेको थियो। एमालेसँगको गठबन्धनमा कांग्रेस नेतृत्वको सरकारले आर्थिक वर्ष ०७२/७३ को बजेटमा आदिवासी रंगशालाको नाम परिवर्तन गर्दै मदन भण्डारी रंगशाला नाम राखेपछि विवाद उत्कर्षमा पुग्दा निर्माण अलपत्र बन्यो। एमाले अध्यक्ष ओलीकै दबाबमा सरकारले त्यसवेला नाम परिवर्तन गरेको थियो।

रंगशालाका लागि सम्याइएको त्यो ठाउँमा ०६७ अघि नौ सयभन्दा बढी अदिवासी जनजाति समुदायको समाधिस्थल थियो। आदिवासी जनजातिको चिहान भत्काउने र त्यहाँ आदिवासी रंगशाला निर्माण गर्ने सहमति भयो। रंगशालासँगै दिवंगत पुर्खाको स्मृतिमा पार्क निर्माण बनाउने सहमति भएपछि आदिवासी जनजाति समुदाय चिहान भत्काउन सहमत भएको थियो। ०६७ मा तत्कालीन रक्षामन्त्री विद्यादेवी भण्डारीले आदिवासी रंगशालाको नाममा शिलन्यास गरेकी थिइन्।



झापाको कमल गाउँपालिकामा अलपत्र आदिवासी रंगशाला। तस्बिर/नयाँ पत्रिका

रास्वपाका वरिष्ठ नेता बालेन शाह प्रतिस्पर्धा गर्न आएपछि दबाबमा परेका ओलीले आफैँले अलपत्र पारेको रंगशाला बनाउने घोषणा गरेर आदिवासी जनजातिलाई रिझाउने प्रयास गरेका छन्

■ पूर्वप्रधानमन्त्री **ओली** भन्छन्-



रंगशाला बनाउन तपाईंहरू सहमत भए रंगशाला बन्छ। अर्बौंको रंगशाला बनाउनु छ, यहाँ उपभोक्ता समिति बनेको छ। उपभोक्ता समिति त फुटबल खेल्ने होला। रंगशाला बनाएपछि फुटबल खेल्न जतिवेला पनि पाइँदैन। केही राजनीतिक दल बनाउन दिन्नौं भनेर उफ्रने, अनेक समस्या पैदा गर्नेतिर लागे। यो रंगशालाको कुरा मैले उठाएको हो। अरूको कल्पना पनि थिएन। प्रहरीसँग जग्गा पनि मैले लिएको हो।

■ आदिवासी रंगशाला तथा स्मृति प्रतिष्ठानका सदस्य **देवी आङ्देम्बे** भन्छन्-



यसपटकको निर्वाचनमा ओली अप्ठ्यारोमा छन्। आदिवासी जनजाति समुदायको मत फकाउनका लागि प्रतिबद्धतापत्रमा आदिवासी रंगशाला राखेका हुन्। बन्ने भए त उनी पटक-पटक प्रधानमन्त्री हुँदा बन्थ्यो। कांग्रेस, माओवादी सत्तामा पुग्दा बजेट आउँछ, ओली पुगेपछि बजेट काटिन्छ। ओलीको विगतको चरित्र हेर्दा झुक्याउन खोजेको देखिन्छ। अप्ठ्यारो परिस्थिति आएपछि आदिवासी रंगशाला सम्झिएका हुन्।

## लागत बजेट विनियोजन

आदिवासी रंगशालाका नाममा आर्थिक वर्ष ०६७/६८ मा एक करोड रुपैयाँ विनियोजन भएको थियो। आर्थिक वर्ष ०७०/७१ मा डेढ करोड र ०७१/७२ मा ३५ लाख बजेट विनियोजन भएको थियो। त्यसवेला समाधिस्थल हटाएर मैदान सम्याउने, समाधिस्थलको व्यवस्थापन गर्ने, स्मारक निर्माण गर्ने, घेराबार गर्ने र प्यारापिट निर्माणको थालनी भएको थियो। यद्यपि, प्यारापिट निर्माणको काम पूरा हुन नसक्दा अहिले काम नलाग्ने अवस्थामा छ।

आर्थिक वर्ष ०७२/७३ को बजेट भाषणमा तत्कालीन सरकारले आदिवासी रंगशालाको नाम परिवर्तन गरेर मदन भण्डारी रंगशालाको नाममा ४० लाख बजेट विनियोजन गरेसँगै विवाद भएको थियो। त्यसपछि भने रंगशाला निर्माणको काम हुन सकेन। त्यसपछि मदन भण्डारी रंगशालाको नाममा बजेट आए पनि कार्यान्वयन हुन सकेन। तर, ओली सत्ताबाहिर भएर आर्थिक वर्ष ०८०/८१ मा सरकारले एक दशकपछि आदिवासी रंगशालाकै नाममा एक करोड बजेट विनियोजन गरेपछि घेराबाराको काम भएको छ। आर्थिक वर्ष ०८०/८१ को बजेट आउँदा ओली सत्ताबाहिर थिए। त्यसवेला कांग्रेस र माओवादी सत्तागठबन्धनमा थिए। त्यही वेला आदिवासी रंगशाला तथा स्मृति प्रतिष्ठानमा रंगशाला निर्माणका लागि एक करोड रुपैयाँ बजेट विनियोजन भएको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com